"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार; समृद्ध मनहरीको आधार"

# आर्थिक वर्ष २०८०/०८१ को
# वार्षिक योजना पुस्तिका



## मनहरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश

"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार; समृद्ध मनहरीको आधार"

## आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक योजना पुस्तिका

## मनहरी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### रजैया, मकवानपुर

बागमती प्रदेश

# आर्थिक वर्ष २०८०/०८१ को
# वार्षिक योजना पुस्तिका


| | | |
|---|---|---|
| **सम्पादक मण्डल** | :- मोहनकुमार श्रेष्ठ | - प्रमुख प्रशासकीय अधिकृत |
| | :- राजेन्द्र भट्टराई | - वरिष्ठ लेखा अधिकृत |
| | :- राजिब बहादुर बानियाँ | - कम्प्युटर अपरेटर |
| **संरक्षक** | :- रञ्जन कालाखेती | - अध्यक्ष |
| **सल्लाहकार** | :- सिता पुलामी मगर | - उपाध्यक्ष |

**प्रकाशक** :- मनहरी गाउँपालिकाको कार्यालय
रजैया, मकवानपुर, बागमती प्रदेश, नेपाल

**इमेल** :- manaharimun@gmail.com

**वेवसाइट** :- www.http://manaharimun.gov.np

**प्रकाशन प्रति** :- २०० थान

**प्रकाशन मिति** :- २०८० श्रावण



**© मनहरी गाउँपालिका, रजैया, मकवानपुर**



**मुद्रण** :- **साइनिङ ट्रेड लिंक प्रा.लि. (९८५११६२२०८)**

# दुई शब्द



नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहहरूले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्रको कानून बनाउने, वार्षिक तथा वहुवर्षीय नीति तथा कार्यक्रमहरू बनाउने, निर्णय गर्ने र यसको कार्यान्वयन गर्ने समेतको अधिकार प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहहरूलाई आफ्नो अधिकार र क्षेत्र भित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन योजना लागू गर्न सक्ने व्यवस्था गरेको छ । सोही बमोजिम मनहरी गाउँपालिकाले यही मिति २०८० आषाढ २३ गते सम्पन्न गाउँ सभाको तेह्रो अधिवेशन बजेट अधिवेशनको रूपमा सम्पन्न गरेको छ ।

स्थानीय सरकारको रूपमा दोश्रो कार्यकालका लागि निर्वाचित हाम्रो टिमको लागि दोस्रो वर्षको अधिवेशनमा मूल नाराका रूपमा पारित गरिएको शिक्षा स्वास्थ्य कृषि र पूर्वाधार समृद्ध मनहरीको आधारलाई सार्थक रूपमा कार्यान्वयनको गर्न आ.व. २०८०/०८१ का लागि पारित यस पुस्तकमा समेटिएका नीति तथा कार्यक्रम र बजेटले महत्वपूर्ण भूमिका खेल्नेछ भन्नेमा म लगायत सबै जनप्रतिनिधिहरू विश्वस्त रहेका छौ । विगमा हामीले घोषणा गरे अनुरूप शिक्षा र स्वास्थ्य आम नागरिकलाई सर्वसुलभ रूपमा उपलब्ध गराउन तत् क्षेत्रलाई प्राथमिकतामा राखी विपन्न वर्ग पहिचान गरी उनीहरूलाई स्वास्थ्य बीमा र शैक्षिक सामग्री उपलब्ध गराउन गरिबसँग स्वास्थ्य बीमा कार्यक्रम तथा गरिबसँग विश्वेश्वर शैक्षिक सहायता कोषको लागि समेत बजेट व्यवस्था गरिएको छ ।

यस पटकको यो वार्षिक योजना पुस्तिकामा गाउँपालिकाकाका गौरवका योजनाहरू, प्रदेश सरकार र संघीय सरकारबाट हस्तान्तरित योजनाहरू समेत समेटि यथार्थपरक रूपमा प्रस्तुत गरिएको छ । बिगतका नीतिहरूको समीक्षा गर्दै यस वर्ष तय गरिएका नीतिहरू यस पुस्तिकामा समेटिएका छन । आर्थिक ऐन, बिनियोजन ऐन तथा सोसँग सम्वन्धित अनुसुचिहरू समेत सरोकारवालाहरू सवैलाई जानकारीका लागि यस पुस्तकमा समावेश गरिएको छ । यसको सफल कार्यान्वयनमा सवै कर्मचारी र जनप्रतिनिधिहरू एकजुट भई लाग्नेमा म विश्वस्त रहेको छु । कार्यान्वयनको सिलसिलामा मनहरी गाउँपालिकाको जोखिमपूर्ण भु-धरातलीय अवस्थितिका कारण उत्पन्न हुनसक्ने विपदका श्रृंखलाहरू न्यूनीकरण गर्न आवश्यक पहलहरू समेत गरिने कुरामा समेत सबै सरोकारवालाहरूलाई आश्वास्त गराउन चाहन्छु ।

अन्त्यमा, नीति कार्यक्रम तथा बजेट निर्माण कार्यमा अहोरात्र खटिनु भएका कर्मचारी मित्रहरू, विषयविज्ञ तथा सम्पूर्ण जनप्रतिनिधिहरू प्रति विशेष धन्यवाद दिंदै सफल कार्यान्वयनमा सरोकारवालाहरूले समेत सहयोग र सहकार्य गर्नुहुनेछ भन्नेमा समेत म पूर्ण विश्वस्त रहेको छु ।

धन्यवाद !

**रञ्जन कालाखेती**
अध्यक्ष
मनहरी गाउँपालिका

# दुई शब्द



संघीयतको सफल कार्यान्वयन र संक्रमणकालको अन्त्य पश्चात बलियो स्थानीय सरकारको लागि संवैधानिक आधार तय भई दोस्रो कार्यकालको लागि भएको स्थानीय तह सदस्यको लागि भएको निर्वाचनमा मनहरी गाउँपालिकाका आम मतदाताबाट हाम्रो टिमलाई निर्वाचित गराउनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु । संविधान तथा प्रचलित कानूनले निर्वाचित जनप्रतिनिधिको हैसियतले गाउँपालिका क्षेत्रको विकास व्यवस्थापन गर्ने जिम्मेवारी हामीलाई प्रदान गरिएकोमा शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध मनहरीको आधार नारा तय गरी सोही बमोजिम आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तथा सोही आधारमा बजेट तर्जुमा गर्ने कार्य सम्पन्न गरेका छौं । जसका आधारमा हामीले नागरिक सामु गरेको प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याउनु पर्ने दायित्व रहेको छ ।

स्थानीय सरकार नागरिकको नजिकको सरकार हो, यसले संघीयताको मूल मर्म बमोजिम छिटो, छरितो तथा प्रभावकारी रूपमा नागरिकलाई सेवा प्रदान गर्नुपर्ने हुन्छ । सोही बमोजिम विकासका प्राथमिकताहरू निर्धारण गरिएको र सेवा प्रवाहका संयन्त्रहरूलाई चुस्त दुरुस्त बनाइएको छ । यथार्थपरक रूपमा तयार गरिएको वार्षिक योजनाका माध्यमबाट सामाजिक विकास र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्नेमा म विश्वस्त रहेको छु । विशेष गरी शिक्षामा आम नागरिकको सर्वसुलभ पहुँच, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता लगायत दिगो पूर्वाधार विकास आर्थिक वर्ष २०८०/०८१ को प्रमुख विशेषता रहेका छन् । निर्वाचित प्रतिनिधिको नाताले नीति तथा कार्यक्रम तथा बजेट तर्जुमामा मनहरीबासीको सहयोगमा हाम्रो भूमिका रहेको भएतापनि यसलाई कार्यान्वयन र अनुगमन मूल्याङ्कनमा समेत थप साथ र सहयोग पाउने मैले आशा लिएको छु ।

अन्तमा, एक वर्षभरिको नीति तथा कार्यक्रम र बजेट तथा यस सम्बद्ध क्रियाकलाप सम्पादन गर्न सहयोग पुऱ्याउनु हुने गाउँपालिकाबासी दाजुभाइ तथा दिदीबहिनी, विभिन्न संघ संस्था, क्रियाशील राजनीतिक दल तथा स्थानीय सञ्चार माध्यमहरूलाई हृदयदेखि धन्यवाद अर्पण गर्दछु । योजना छनौट, प्राथिमिकिकरण, अभिलेखिकरण लगायतमा अहोरात्र खटिनुहुने अध्यक्षज्यू, सबै वडा अध्यक्षज्यूरु, कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, विभिन्न समितिका पदाधिकारीज्यूहरू तथा सबै राष्ट्रसेवक कर्मचारीहरूलाई हार्दिक आभार सहित धन्यवाद दिन चाहन्छु ।

**सीता पुलामी मगर**

उपाध्यक्ष

मनहरी गाउँपालिका

# मन्तव्य



स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । सिद्धान्तत Principle of Subsidiarity मान्यता बमोजिम स्थापित हुने स्थानीय सरकार, नागरिकले देख्न तथा भेट्न सक्ने नागरिकको घर आँगनमा उपलब्ध हुने सरकारको रूपमा रहेको हुन्छ । मुलुकमा विगतदेखि नै स्थानीय स्तरमा सेवा प्रवाहको लागि विभिन्न खाले संरचनाको अभ्यास हुँदै आएकोमा नेपालको संविधान, २०७२ ले नेपालको राज्य संरचनालाई संघीय रूपमा रूपान्तरण गर्दै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरी स्थानीय स्तरमा पनि सरकारको प्रत्याभूति हुने किसिमको संरचना निर्माण गरेको छ । तल्लो तहको सरकारका रूपमा देशमा हाल ७५३ वटा स्थानीय सरकारहरू क्रियाशील रहेका छन् । त्यसै मध्येको एक मनहरी गाउँपालिकाको स्थानीय सरकार अर्थात मनहरी गाउँपालिका रहको छ ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत दोस्रो पटक स्थानीय तहको सरकार निर्माणको लागि मनहरीका गाउँपालिकाका ७० प्रतिशत भन्दा बढी मतदाता सरिक भई हालका नयाँ नेतृत्व चयन गरेको र नवनिर्वाचित नेतृत्वले शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार: समृद्ध मनहरीको आधार भन्ने मूल नारा तय गरी गुणात्मक शिक्षा र आधारभूत स्वास्थ्य सेवा गाउँपालिकाका सबै नागरिकले सर्वसुलभ रूपमा प्राप्त गर्ने गरी नीति तथा कार्यक्रम तयार गरी सोको लागि बजेट समेत बिनियोजन गरेको छ ।

आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम बजेट तथा योजना तयार पार्ने क्रममा नेपालको संविधान, २०७२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ पन्ध्रौ योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट, बागमती प्रदेश सरकारको प्रथम आवधिक योजना,  बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन आम नागरिक, राजनीतिक दल, निजी क्षेत्र लगायतबाट प्राप्त सुझावलाई ध्यान दिइएको छ ।

एक वर्ष सम्म अर्थात् आर्थिक वर्ष २०८०/०८१ भित्र मनहरी गाउँपालिका भित्र सञ्चालन हुने योजना तथा विभिन्न विषयगत कार्यक्रमको यस दस्तावेजलाई कार्यान्वयन गरी मूर्त रूप प्रदान गर्न सबै जनप्रतिनिधिज्यूहरू, कर्मचारी मित्रहरू, मनहरीमा क्रियाशील राजनीतिक दल, गैर सरकारी संस्था, सञ्चारकर्मी, नागरिक समाज तथा सम्पूर्ण सरोकारवालाहरूको सक्रिय सहयोग प्राप्त हुने मैले विश्वास लिएको छु ।

**मोहनकुमार श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत
मनहरी गाउँपालिका

# विषयसूची


| | | |
|---|---|---|
| खण्ड १ | : परिचय | १ |
| खण्ड- २ | : आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम | ११ |
| खण्ड- ३ | : मनहरी गाउँपालिकाको बिनियोजन ऐन, २०८० | ४३ |
| खण्ड - ४ | : मनहरी गाउँपालिकाको आर्थिक ऐन, २०८० | ८० |
| खण्ड - ५ | : मनहरी गाउँपालिका गाउँसभामा उपाध्यक्ष श्री सीता पुलामी मगरद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को बजेट बक्तव्य | ११४ |
| खण्ड - ६ | : गैर सरकारी संस्थाहरूद्वारा सञ्चालन हुने क्रियाकलाप र बजेट | १२५ |

# परिचय

## १.१ गाउँपालिकाको संक्षिप्त परिचयः




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउंपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

मनहरी गाउँपालिका नेपालको बागमती प्रदेश अन्तर्गत मकावानपुर जिल्लामा पर्दछ । यो गाउँपालिका भौगोलिक हिसाबले ८४°४२'३५" देखि ८५°५७'३" पूर्वी देशान्तर र २७°२३'३४" देखि २७°३६'३७" उत्तरी अक्षांशमा अवस्थित रहेको छ । त्यसैगरी १९९.५२ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा हेटौडा उ.म.न.पा. र राक्सिराङ्ग गाउँपालिका पर्दछ भने, पश्चिममा चितवन राष्ट्रिय निकुन्ज, उत्तरमा राक्सीराङ्ग गाउँपालिका र दक्षिणमा पर्सा जिल्ला पर्दछ भने गाउँपालिका समुन्द्रि सतहबाट ३९० मिटर देखि ७६० मिटरको उचाईमा रहेको छ । साविकका मनहरी र हाँडीखोला गा.वि.स.हरूलाई समेटी २०७३ फागुन २७ गते नेपाल सरकारले मनहरी गाउँपालिकाको गठन गरेको हो । जसमा ९ वटा वडाहरू रहेका

छन् । मकवानपुर जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासको प्रचुर सम्भावना बोकेको गाउँपालिकाको रूपमा मनहरी गाउँपालिका रहेको छ । यसका अतिरिक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रूपमा रहेका छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा कुल ४७, ३५३ जनसंख्या रहेका छन् । जसमा पुरुषको जनसंख्या ४९.४ प्रतिशत र महिलाको ५०.६ प्रतिशत रहेको अवस्था छ । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ ।

जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ४६.६ प्रतिशत तामाङ, दोस्रोमा १३.१ प्रतिशत क्षेत्री, तेस्रोमा १०.४ प्रतिशत चेपाङ्ग/प्रजा, चौथोमा १० प्रतिशत ब्राह्मण वासीको बसोबास रहेको छ । गाउँपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरूमा व्यापार, व्यवसाय, लघुउद्योग, नोकरीका साथै वैदेशिक रोजगारी हुन् । परम्परागत कृषिको प्रणालीको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होली, महाशिवरात्री, कृष्णजन्माष्टमी, छोनाम (न्वागी), बकरइद, रमाजान, छठपर्व, होली, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ ।

**वडागत विवरण:**

**वडा नं. १**

| | |
|---|---|
| वडा अध्यक्ष | : शिवप्रसाद खनाल (फोन नं ९८५५०८८१०१) |
| वडा सचिव | : सुरेन्द्र न्यौपाने (९८५५०१४५०१) |
| वडा सदस्य | : सानोकान्छा घलान |
| वडा सदस्य | : दिपक ढकाल |
| महिला सदस्य | : सेतिमाया तामाङ |
| दलित महिला सदस्य | : साबित्री घिमिरे |
| कार्यालय सहायक | : उर्मिला न्यौपाने |
| कार्यालय रहेको स्थान | : चकरी |

**वडा नं. २**

| | |
|---|---|
| वडा अध्यक्ष | : राजकुमार पाख्रिन (फोन नं ९८५५०८८१०२) |
| वडा सचिव | : साजन लामा (९८५५०१४५०२) |

| | |
|---|---|
| वडा सदस्य | : कृष्णबहादुर रुम्बा |
| वडा सदस्य | : सुकराम मुक्तान |
| महिला सदस्य | : चमेलीमाया थिङ |
| दलित महिला सदस्य | : कमला विश्वकर्मा |
| कार्यालय सहायक | : विष्णुमाया घलान |
| कार्यालय रहेको स्थान | : भुन्द्रुङ टाँडी |

**वडा नं. ३**

| | |
|---|---|
| वडा अध्यक्ष | : अनन्तप्रकाश अर्याल (फोन नं ९८५५०८८१०३) |
| वडा सचिव | : दिपेशकुमार महतो (९८५५०१४५०३) |
| वडा सदस्य | : हिराबहादुर प्रजा |
| महिला सदस्य | : सबिता सुबेदी (कार्यपालिका सदस्य) |
| दलित महिला सदस्य | : धनमाया विश्वकर्मा |
| कार्यालय सहायक | : सरिता सापकोटा |
| कार्यालय रहेको स्थान | : साविक हाँडीखोला गाविस कार्यालय हाँडीखोला |

**वडा नं. ४**

| | |
|---|---|
| वडा अध्यक्ष | : प्रकाश थापा (फोन नं ९८५५०८८१०४) |
| वडा सचिव | : अमिर दाहाल (९८५५०१४५०४) |
| वडा सदस्य | : दिनेश चेपाङ |
| वडा सदस्य | : आईतसिं स्याङ्तान |
| महिला सदस्य | : मिरा खत्री (कार्यपालिका सदस्य) |
| दलित महिला सदस्य | : गंगा बिश्वकर्मा |
| कार्यालय सहायक | : सन्ध्या छत्कुली |
| कार्यालय रहेको स्थान | : मसिने |

**वडा नं. ५**

| | |
|---|---|
| वडा अध्यक्ष | : दीपेन्द्र अधिकारी (फोन नं ९८५५०८८१०५) |
| वडा सचिव | : विदुर पाठक (९८५५०१४५०५) |
| वडा सदस्य | : काजिमान स्याङ्तान |
| वडा सदस्य | : बुद्धिबहादुर स्याङ्तान |
| महिला सदस्य | : सरला थापा |

| | |
|---|---|
| दलित महिला सदस्य | : संजिता परियार |
| कार्यालय सहायक | : ठाकुरराम थिङ्ग |
| कार्यालय रहेको स्थान | : वसन्तपुर |

**वडा नं. ६**

| | |
|---|---|
| वडा अध्यक्ष | : युवराज थपलिया (फोन नं ९८५५०८८१०६) |
| वडा सचिव | : भरत भण्डारी (९८५५०१४५०६) |
| वडा सदस्य | : कुमारसिं मुक्तान |
| वडा सदस्य | : बिष्णुबहादुर राई |
| महिला सदस्य | : राममाया नगरकोटी (कार्यपालिका सदस्य) |
| दलित महिला सदस्य | : प्रविता बिश्वकर्मा |
| कार्यालय सहायक | : तुलसी थिङ्ग |
| कार्यालय रहेको स्थान | : सुनाचुरी |

**वडा नं. ७**

| | |
|---|---|
| वडा अध्यक्ष | : ठाकुरराम तितुङ (फोन नं. ९८५५०८८१०७) |
| वडा सचिव | : श्यामहरि दाहाल (९८५५०१४५०७) |
| वडा सदस्य | : कमलबहादुर बस्नेत |
| वडा सदस्य | : नवराज सुवेदी |
| महिला सदस्य | : राधादेवी पाठक |
| दलित महिला सदस्य | : विमला सुनार |
| कार्यालय सहायक | : सिर्जना दर्जी |
| कार्यालय रहेको स्थान | : बिजौना |

**वडा नं. ८**

| | |
|---|---|
| वडा अध्यक्ष | : नारायण उप्रेती (फोन नं ९८५५०८८१०८) |
| वडा सचिव | : शान्ति अधिकारी (९८५५०१४५०८) |
| वडा सदस्य | : पंचलाल थिङ |
| वडा सदस्य | : रामप्रसाद सुवेदी |
| महिला सदस्य | : कृष्णकुमारी रिमाल |
| दलित महिला सदस्य | : लक्ष्मी विश्वकर्मा |
| कार्यालय सहायक | : रितामाया मुक्तान |
| कार्यालय रहेको स्थान | : सिम्पानी |

**वडा नं. ९**

| | |
|---|---|
| वडा अध्यक्ष | : राजकुमार श्रेष्ठ (फोन नं ९८५५०८८१०९) |
| वडा सचिव | : ठाकुर बर्तोला (९८५५०१४५०९) |
| वडा सदस्य | : पर्बदेव अधिकारी |
| वडा सदस्य | : गुप्तबहादुर थापा |
| महिला सदस्य | : देवीकुमारी अधिकारी |
| दलित महिला सदस्य | : गंगा सुनार |
| कार्यालय सहायक | : सविना गोपाली |
| कार्यालय रहेको स्थान | : ज्यामिरे |

## १.२ विद्यमान अवस्थाको समीक्षाः

### १.२.१ सबल पक्षः

गाउँपालिका क्षेत्रमा कृषि, लघु व्यवसाय, उद्योग, व्यापार, पोखरीहरूमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस मनहरी गाउँपालिकाको क्षेत्र हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रसस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको उर्वर भूमिमा वस्ती विकास तथा अन्य भौतिक पूर्वाधार निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदूषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जीवन्त स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले ग्रामीण पहुँच विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

यस गाउँपालिकामा प्राकृतिक नदी तथा खोलाहरू भएको र केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाको माग पूर्ति गर्न सक्ने सम्भावना रहेको छ ।

मनहरी गाउँपालिकाको पार्श्वचित्र, गाउँपालिकामा रहेको अग्निहोत्र आश्रम, सौराहको रूपमा विकास हुँदै गरेको रमौली पर्तापुर, शहिद स्मृति पार्क, सिद्धकाली देविथान लगायत विभिन्न ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू रहेको यो गाउँपालिकाका गहनाको रूपमा विभिन्न किसिमका जातजातिका रहनसहन तथा चाडपर्व रहेका छन् भने धार्मिक, पौराणिक महत्वका स्थलहरू प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रूपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ ।

गाउँपालिका तथा देशमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सीपमूलक तालिम प्रदान गरी गाउँपालिकामा रोजगारी श्रृजना भएमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठूलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ ।

यसका अतिरिक्त मनहरी गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनायुक्त उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका पानीका स्रोतहरूबाट आधुनिक कुलो तथा नहर मार्फतपानी सिंचाई गरी व्यवसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुविधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- यस गाउँपालिकामा थप औद्योगिक क्षेत्र विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशील रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

### १.२.२ कमजोर पक्षः

- ९ वटा वडा मध्ये ५ वटा वडा चुरे क्षेत्रमा परेकोले दिगो विकासका लागि गरिएको लगानी दोहोराइरहनु पर्ने अवस्था।
- राष्ट्रिय निकुञ्ज तथा खहरे क्षेत्रमा अधिकांश बस्ती भएकोले वन्यजन्तु, प्राकृतिक प्रकोप र मानवबीच द्वन्द्व सिर्जना भइरहने अवस्था।
- स्थानीय तह गठनको ८ वर्ष व्यतित हुँदा सम्म संवैधानिक अधिकार पूर्ण कार्यान्वयनका लागि भौतिक तथा मानवीय श्रोतको व्यवस्थापन हुन नसकेको अवस्था।
- ठूला तथा परिवर्तनकारी (Game Changer) आयोजनाको लागि बजेट व्यवस्थापन गर्न नसकिएको अवस्था।
- आर्थिक श्रोत सिमितताका कारण विकासमा जनअपेक्षा अनुरूप यथेष्ट योजना कार्यक्रम बिनियोजन गर्न नसकिएको अवस्था।
- येथेष्ट युवा जनशक्ति परिचालन हुने गरी रोजगारीका अवसरहरू सिर्जना गर्न केन्द्र तथा प्रदेश सरकारको ध्यानाकर्षण हुन नसकेको अवस्था।
- भूमिहीन सुकुम्वासी तथा भूमिहीन दलितलाई आवश्यक जग्गा नापजाँच र वितरण कार्यमा मध्यवर्ती क्षेत्र भएका कारण समस्या उत्पन्न भएको।

### १.२.३ अवसरः

- उर्बर कृषि जमिन, पोखरी, नदी नालासम्म भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ।
- शिक्षित मानवीय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ।
- राष्ट्रिय राजमार्ग प्रणालीसँग आवद्ध भएको छ।
- शिक्षा केन्द्रहरूको सञ्चालनमा व्यवस्था।
- पर्यटन क्षेत्रको विकास।
- प्रदेश राजधानीसँग जोडिएको भू-भाग हुँदा प्रदेशसँग सहज समन्वय हुने।

### १.२.४ चूनौतीः

- गाउँपालिकाको क्षेत्र भित्र आवश्यक रोजगारमूलक उद्योगधन्दा, कलकारखाना पर्याप्तता नहुनु।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरूको समन्वयको अभाव।
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु।
- गाउँपालिका क्षेत्रमा खानेपानी उचित व्यवस्थापन हुन नसक्नु।

- गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु।
- कृषियोग्य भूमि भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु।
- आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु।
- योजनाबद्ध बस्ती विकासको अभाव।
- आकासे पानीमा निर्भर सिचाई।
- परम्परागत कृषि प्रणाली।

## १.३ वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धतिः

स्थानीय तहहरूले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा अपनाउनु पर्ने न्यूनतम मापदण्डको बारेमा राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ मा भएका प्रावधानहरू अवलम्बन गरिएको छ। यस आ.व. २०८०/०८१ को अवधिमा सो दिग्दर्शनमा उल्लेखित सबै योजना तर्जुमा चक्रका खुडकिलाहरू पार गर्न कार्यपालिकाको निर्णय बमोजिम संक्षिप्त विधि अपनाई वडागत तथा विषय क्षेत्रगत बजेट तथा कार्यक्रम तर्जुमा गरिएको थियो। अवलम्बन गरिएका केही पद्धति

**१. वजेटको पूर्व तयारीः**

**१.१ संघ र प्रदेशबाट वजेटको सीमा प्राप्त गर्नेः**

संघीय सरकारबाट राजश्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई आगामी आर्थिक वर्षमा उपलब्ध हुने श्रोतको विवरण फागुन मसान्तभित्र तथा प्रदेश सरकारवाट स्थानीय तहको लागि आगामी आ.व.मा प्राप्त हुने वित्तीय अनुदानको अनुमानित विवरण प्राप्त गरेको।

**१.२ विषयगत क्षेत्र छुट्याउनेः**

गाऊँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरूलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरूलाई विषय क्षेत्रगत जिम्मेवारी दिइएको।

**(क)** **आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने काम भएको।

**(ख)** **सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने काम भएको।

**(ग)** **पूर्वाधार विकासः** सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने काम भएको।

(घ) **वन, वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने काम भएको ।

(ङ) **सुशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने काम भएको ।

**२. स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदनः**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्न सक्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि यस गाउँपालिका अन्तर्गतको राजश्व परामर्श समितिबाट प्रतिवेदन प्राप्त गरी आन्तरिक श्रोतको एकिन गर्ने काम गरिएको प्रतिवेदनको आधारमा कुल १७ करोड ११ लाख ४५ हजार आन्तरिक आम्दानी हुने आय अनुमान प्रक्षेपण गरिएको ।

**३. वडा तहमा योजनाको छनौट तथा प्राथमिकीकरणः**

गाउँपालिकास्तरमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिमितको वैठक बसि प्रत्येक वडा तथा विषयगतलाई उपलब्ध गराइने बजेट सिलिङ निर्धारण भए पश्चात् मार्गदर्शन समेत संलग्न गरी गाउँपालिकाले सम्बद्ध विषयगत शाखा र वडालाई बजेट सिलिङ पठायो । तत्पश्चात् वडा तथा विषयगत शाखाको समन्वयमा प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्ष एवं गाउँसभा सदस्यको उपस्थितिमा आयोजनाहरू पहिचान तथा संकलनको कार्य सम्पन्न भयो । वडा तथा विषयगत शाखालाइ प्राप्त बजेट सीमाको परिधीभित्र रही सम्बन्धित वडा/शाखाले आयोजना/कार्यक्रम प्राथमिकीकरण गर्दै छनौट गरी गाउँपालिकामा पशे भयो । गाउँपालिकामा पेश हुन आएको आयोजना कार्यक्रमलाई आधार मान्दै चालु तथा पूँजीगत कार्यक्रममा गाउँ कार्यपालिका हुँदै गाउँसभाको अधिवेशनबाट पारित भयो ।

## १.४ आयोजना प्राथमिकिकरणका आधारहरूः

वजेट तथा कार्यक्रम तर्जुमा गर्दा विषयगत शाखा तथा वडाबाट प्राप्त योजनाहरूलाई आफ्नै आवधिक योजना, क्षेत्रगत नीतिहरू तथा स्रोत अनुमान समेतको आधारमा आयोजना प्राथमिकिकरण बमोजिम योजनाहरूलाई विषयगत रूपमा प्राथमिकिकरण गर्ने व्यवस्था मिलाइएको छ । वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रममा दोहोरो नपर्ने गरी देहाय बमोजिम योजनाको प्राथमिकीकरण र वजेट तर्जुमा गरिएको छ ।

(क) मनहरी गाउँपालिकाको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य, रणनीति ।

(ख) मनहरी गाउँपालिकाको मध्यमकालीन खर्च संरचना ।

(ग) वजेट तथा कार्यक्रम समितिबाट प्राप्त वजेट सीमा, मार्गदर्शन र योजना प्राथमिकीकरणका आधारहरू ।

(घ) मनहरी गाउँपालिकाको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न संभव नभएका तर स्थानीय तहका अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका योजनाहरूलाई समपुरक अनुदानबाट सञ्चालन गर्नको लागि प्रदेश तथा केन्द्रमा प्रस्ताव गरिएको छ।

(ङ) गाउँपालिकाको रणनीतिक योजना अन्तर्गत ५ वटा ठूला पुल, ६ वटा वडा कार्यालय भवन तथा ५ वटा सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने गरी भौतिक पूर्वाधारलाई प्राथमिकिकरण गरिएको छ।

खण्ड- २

# आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

**उपाध्यक्षज्यू,**

**कार्यपालिका सदस्यज्यूहरू,**

**सभाका सदस्यज्यूहरू,**

**प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरू,**

❖ नेपालको संविधान जारी भएपछी दोस्रो पटकको स्थानीय तह सदस्य निर्वाचनबाट मनहरी गाउँपालिकाको हामी निर्वाचित जनप्रतिनिधिको एक वर्षे अवधि ब्यतित भई हाम्रो कार्यकालको दोश्रो वर्षको यस गाउँसभाको तेह्रौ अधिवेशनमा सबैलाई स्वागत गर्न चाहन्छु ।

❖ गत वर्ष हामीलाई मनहरी गाउँपालिकाको नेतृत्व गर्ने जिम्मेवारी प्राप्त भए पश्चात हाम्रो कार्यकालको प्रथम नीति तथा कार्यक्रम र बजेट सफलतासाथ कार्यान्वयनमा सघाउ पुऱ्याउने हुने जनप्रतिनिधि, कर्मचारी, आम मनहरीबासी तथा सरोकारलाहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

❖ यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरू दश वर्षे जनयुद्ध, १९ दिने जन आन्दोलन तथा विभिन्न आन्दोलनहरूमा शहादत प्राप्त ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, साथै घाईते बेपत्ता तथा द्वन्द्वपीडित परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु । सात दशक लामो बलिदानीपूर्ण सङ्घर्षको विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरूको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । यी सङ्घर्ष र आन्दोलनमा नागरिकले पुऱ्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोऱ्याई रहनेछ ।

❖ जनचाहना अनुरूप नागरिकहरूको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तभको रूपमा रहने स्थानीय तहको गत वर्ष सम्पन्न निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ । नयाँ जनादेशसहित निर्धारित समयमा नै स्थानीय तहको गठन भएसँगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको छ ।

❖ हामीले उठाएका मुद्दालाई मनहरीबासीले जनमत मार्फत् अनुमोदन गरी हिजो भन्दा फरक राजनीतिक परिवेशका साथ हामीले सरकारको नेतृत्व गर्दै नागरिकलाई सेवा गर्ने अवसर प्रदान गर्नु भएको छ हामीले उठाएका सवाललाई पूरा गर्नेमा हामी सबैको प्रयास रहने पुनः प्रतिवद्धता व्यक्त गर्दछौं ।

**विद्यमान परिवेशः**

❖ गत मंसिरमा भएको आम निर्वाचन पश्चात केन्द्र तथा प्रदेशमा स्थीर सरकारहरू बनिसकेको कारण राजनैतिक रूपले कानून बमोजिम निर्बाध कार्यसम्पादन गर्ने वातावरण बन्दै गएको छ । राजनैतिक रूपले केही फरक/फरक मूल्य

मान्यता भएको पार्टीबाट नेतृत्व गरिएको अवस्था भएपनि समृद्ध मनहरी बनाउने सबैको साझा लक्ष्य भएकोले यस गाउँपालिकामा हामी सबै जन निर्वाचित प्रतिनिधिहरू भावनात्मक रूपले एक भई समन्वयात्मक ढंगले हातेमालो गर्दै जनसेवामा जुटिरहेका छौं।

- ❖ यस वर्ष विविध कारणले संघीय तथा प्रदेश अनुदान प्रभावित हुन पुगेको छ । त्यसै गरी संघ र प्रदेश सरकारका सम्बद्ध निकायसँग उचित सहसम्बन्ध तथा सहकार्यको अभावमा ठेक्का लगाउन नसक्दा गाउँपालिकाले प्रक्षेपण गरेको आन्तरिक राजस्व विशेष गरी ढुङ्गा गिटी, बालुवाको विक्री शुल्कबाट प्राप्त हुनुपर्ने राजस्व रकम प्राप्त हुन नसक्दा समग्र गाउँपालिकाका विकास योजना र रोजगारीको क्षेत्र संकुचन हुन गएकोमा सम्बद्ध पक्षसँग सहकार्य अगाडि बढाई ठेक्का लगाउने व्यवस्थाका लागि आवश्यक पहल गरिने र अत्यावश्यक रूपले नगरी नहुने देखिएका निर्माणका योजनाहरूमा आर्थिक श्रोत अभाव हुन नदिनेमा प्रयास गरिनेछ।

- ❖ "शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध मनहरीको आधार" भन्ने मूल नाराका साथ सामाजिक एकताको भावनासाथ समृद्ध मनहरी बनाउने र आम महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, आदिबासी जनजाति, चेपाङ्, लोपोन्मुख जाति वनकरीया, अल्पसंख्यक बोटे समुदाय लगायत आर्थिक सामाजिक रूपले पछाडि परेका सबै वर्ग तह र तप्काका जनताको हितमा कार्य गर्ने दायित्वबोध भएको हामी जनप्रतिनिधि सोही भावनाका साथ अहोरात्र तल्लीन भइरहेको सन्दर्भमा अझै लगनका साथ मेहनत गर्नसकेमा हामीले सोचेको समृद्ध मनहरीको सपना साकार बनाउन सकिनेमा विश्वस्त हुन सकिन्छ।

- ❖ विगत वर्षमा गाउँपालिकाले आवश्यक सेवा प्रवाहको लागि संगठन संरचना तयार गरेको र जनशक्ति प्राप्त गरेको छ। सेवा प्रवाहको लागि वडा कार्यालयहरूको भवनहरूको निर्माण कार्य अगाडि बढाईएकोमा प्राय सबै वडा कार्यालय निर्माण सम्पन्न भइ सञ्चालनमा आइसकेको छ, वडा नं ४ को यस वर्ष निर्माण थालनी हुनेछ । संगठन संरचना अनुरूपका प्राविधिक जनशक्तिको पदपूर्ति र भएका जनशक्तिलाई उत्प्रेरित गरी टिकाइराख्ने र खासगरी पालिका स्तरीय सेवा प्रवाहलाई व्यवस्थित गर्न आफ्नै केन्द्रीय प्रशासनिक भवन बनाउने प्रकृया समेत यसै वर्ष थालनी गरिनेछ।

**विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका प्रयास, अवसर तथा चुनौतीः**

- ❖ प्रदेश राजधानीसँग जोडिएको र गाउँपालिकाका ९ मध्ये ४ वटा वडाहरू राजमार्गसँग जोडिएको अवस्थामा पनि शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पछाडी परिरहेको यस मनहरीको समग्र शिक्षाको अवस्था सुधार गर्न विशेष जोड दिइएको छ। आर्थिक अभावको कारण विद्यालय जानबाट बञ्चित बालबालिका तथा श्रोत अभावको कारण शिक्षक व्यवस्थापन गर्न नसकेका विद्यालयलाई उल्लेख्य छात्रवृत्ति र अनुदानको व्यवस्था गरिएको छ । प्रत्येक वडामा सामुदायिक स्वास्थ्य केन्द्र, एक स्थानमा नागरिक आरोग्य केन्द्र तथा मनहरी बजारमा १५ शैयाको अस्पताल निर्माण कार्यबाट पक्कै पनि मनहरीबासीले बिगत भन्दा सुधारिएको स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन्। पूर्वाधार तर्फ गाउँपालिकाकै गौरबका योजना स्वरूप पाँचवटा पक्की पुलले साबिक हाँडीखोलाको भूगोल जोडेपछि यस भेगका समग्र कृषकहरू लाभान्वित हुने र आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको कृषिमा यन्त्र उपकरण/मल्चिङ्ग प्लाष्टिक/टनेल अनुदान, उत्पादित तरकारी तथा फलफूल भण्डारणका लागि शित भण्डार निर्माण, पशुपालन प्रवर्द्धनमा पशुधन बीमामा अनुदान/प्रतिलिटर दुग्ध अनुदान/कृतिम गर्भधान सेवा तथा पशुजाँच सेवामा लगानी बढाउने कार्यहरू समृद्ध मनहरीको लक्ष्य प्राप्तिका लागि गरिएको प्रयासको रूपमा लिन सकिन्छ।

- ❖ यस मनहरी गाउँपालिकाको १९९.५२ वर्ग किलोमिटर भूभाग मध्ये अधिकांश कृषि उर्बर भूमि रहेको छ। साबिक हाँडिखोला तर्फ तरकारी, फलफूल, गेडागुडी उत्पादन हुने र मनहरी तर्फ धान लगायतको अन्नबाली र माथिल्लो भेगमा बाख्रा लगायत पशुपालन गर्न सकिने यहाँ प्रशस्त मात्रामा नदी उकास जमिनहरू अझै बाँझो रहेको र यातायातको समेत सहज पहुँच भएको कारण उद्योग ग्राम सञ्चालनको सम्भावना रहेको छ। प्रदेश राजधानी नजिकै रहेको भूगोलमा बागमती प्रदेश सरकारबाट समेत उद्योग ग्राम बनाउन गरिएको घोषणा मनहरीको लागि समृद्ध बन्ने र आफैंमा रोजगारी सृजनाको अवसरको रूपमा लिन सकिन्छ।
- ❖ गाउँपालिकाको दक्षिण तथा पश्चिमतर्फ रहेको पर्सा र चितवन राष्ट्रिय निकुञ्जको संरक्षित क्षेत्र र मध्यबर्ती भूभाग प्राकृतिक तथा पर्यावरणीय हिसाबले महत्वपूर्ण हुँदाहुँदै पनि विद्यमान द्वैध कानूनी संरचानको कारण जल, जमिन र जंगलमाथिको अधिकारबाट स्थानीय बासिन्दा लाभान्वित हुनबाट बञ्चित रहनु र महत्वपूर्ण स्थानीय आर्थिक श्रोतको रूपमा रहेको नदीजन्य पदार्थको उपयोगमा नियन्त्रण हुनु समृद्ध मनहरी बनाउने विषयको मुख्य चुनौती हो भने अधिकांश मध्यवर्ती बस्तीमा निकुञ्जबाट बस्तीमा भित्रने जंगली जनावरबाट हुने धन जनको क्षति, चुरे पहाडको छेउमा बस्ती तथा खेती योग्य जमिन भएकोले खहरेबाट हुने भू-क्षय तथा जमिनको कटान अर्को चुनौतीको रूपमा रहेको छ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारः**

- ❖ नेपालको संविधान, २०७२ को अनुसूची-८ मा भएका एकल अधिकार लगायत अन्य धाराहरूमा उल्लेखित दायित्व तथा जिम्मेवारी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका प्राबधान, मनहरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७९, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकता र मार्गदर्शन, पन्ध्रौं योजनाले परिलक्षित गरेका प्राथमिकताहरू तथा दीगो विकासका गरिबी र भोकमरी हटाउने, गुणस्तीय शिक्षा र स्वास्थ्यको व्यवस्था गर्ने, लैंगिक समानता तथा समावेशीकरण, सफा खानेपानी तथा स्वच्छ उर्जा, आर्थिक समृद्धि, नविनतम खोज, सामाजिक असमानता हटाउने, जलवायू अनुकुलन विकास तथा सन्तुलित उपभोग, व्यवस्थित बस्ती विकास एवम् शान्ति र न्यायको प्रत्याभूति जस्ता विश्वव्यापी लक्ष्यहरू एवम् स्थानीय सरकार स्थापना तथा सञ्चालनमा भएका ६ वर्ष देखिको अनुभव र सिकाईहरू नै यस नीति तथा कार्यक्रम तर्जुमाका मुख्य आधार रहेको छ।

**चालु आ.व. ०७९/८० का हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरणः**

**पूर्वाधार क्षेत्रः**

- ➢ स्लाब बाटो निर्माण : ५१९७ मि.
- ➢ ग्राभेल बाटो निर्माण : ४२१७ मि.
- ➢ नयाँ ट्र्याक निर्माण : ९५४७ मि.
- ➢ रिटेनिंग वाल : २९७० मि.
- ➢ पक्कि नाला निर्माण : ५४६ मि.
- ➢ ग्याविन ड्याम निर्माण : ३५० मि.

- खानेपानी पाइपलाईन विस्तार कार्य : ३२०० मि.
- ट्वयल धाराः ५७ वटा
- कालोपत्रे सडक निर्माण : १४५० मि.
- सार्वजानिक भवन निर्माण तथा मर्मत सम्भार : १५ वटा
- कलभर्ट तथा पुल निर्माणः १० वटा
- कम्पाउड तारजालि, काडेतारः ६०० मि.
- घर नक्सा अभिलेखिकरणः १५४ वटा
- नयाँ घर नक्सा पासः ८ वटा
- जग्गा नापीः १५४ वटा कित्ता राजस्व रकम रु.५, ०७, ९९२५।
  - लामिटार चकरी मकरी, रूपाचुरी फरिवाङ्ग, वडा नं २ सडक सडक स्तरउन्नती,
  - ६ वटा सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण सम्पन्न हुन लागेको, मनहरी अस्पताल भवन निर्माण कार्यले गति लिएको,
  - वडा नं १, ६, ७, ९ को प्रशासनिक भवन निर्माण सम्पन्न भएको, गाउँपालिकाको केन्द्रीय प्रशासनिक भवन निर्माण स्थलको जग्गा भोगाधिकार प्राप्तिको प्रकृयामा रहेको/भवन निर्माणको बोलपत्र प्रकाशन तयारी अवस्थामा रहेको,
  - वडा नं ३ मा तरकारी फलफूल कृषकलाई लक्षित गरी ४०० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणका लागि बोलपत्र खोली मूल्याङ्कनको प्रकृयामा रहेको,
  - वडा नं ७ प्रतापुरमा कालोपत्रे, वडा नं ८ र ९ सिमा सडक स्तरउन्नती, डिल्लीपुर सडक स्तरउन्नती लगायत ठूला परियोजना सञ्चालनमा रहेको,
  - निर्माणाधिन पाँच वटा पक्की पुल मध्य चार वटाको कार्य प्रगति संतोषजनक रहेको, रजैया-दरदरा पक्की पुल निर्माण कार्य सुरु भएको,
  - जोगिताल सुनाचुरी क्षेत्रमा डिप बोरिङ्गबाट खानेपानी लगायत बृहत खानेपानीका योजनाहरू व्यवस्थापन गरिएको, आदि ।

**आर्थिक विकास क्षेत्रः**

- कृषि, भेटेरेनरी, ईन्जिनियरिङ्ग, पोषण सहजकर्ता लगायत कर्मचारीहरू व्यवस्थापन, गाई वस्तुमा देखिएको लम्फि रोग नियन्त्रणको गर्न जनशक्ति परिचालन गरेको,
- मनहरी बहुमुखी क्याम्पसलाई सञ्चालन अनुदान,
- वडा नं ६ लाई बाख्रा पकेट क्षेत्र घोषणा गरी साझेदारीमा बाख्रा पालन प्रवर्द्धन सुरु गरेको,
- बागमती प्रदेश सरकारद्वारा प्रस्ताबित औधोगिक ग्राम स्थापनाको लागि वडा नं ६ खयरघारीमा जग्गा उपलब्ध गराउन समन्वय गरेको,
- रूपाचुरी पाङ्गथलीमा झोलुङ्गे पुल निर्माण गर्न सम्बन्धित संस्थासँग समन्वय भएको

**सामाजिक विकास क्षेत्रः**

- सामाजिक सुरक्षा भत्ता वितरणमा पायक पर्ने बैंक व्यवस्था गर्दै वडा तहमै पुगे भत्ता वितरण भइरहेको,
- वडागत रूपले विभिन्न क्लब तथा युवा समूहलाई खेलकुद सामग्री वितरण, स्थानीय खेलकुद प्रतियोगितामा सहयोग,
- गाउँ शिक्षा समितलाई सकृय बनाई शिक्षा क्षेत्रमा उल्लेखनिय सुधार, गरिबसँग विशेश्वर शैक्षिक सहयोग कार्यक्रम मार्फत् विपन्न वर्गका बालबालिकालाई अध्यायपनमा सहयोग पुग्ने गरी शैक्षिक सहयोग कार्यक्रम,
- विभिन्न विपन्न नागरिकलाई दीर्घ रोग उपचारमा आर्थिक सहायता प्रदान, राष्ट्रिय निकुञ्जबाट आउने जंगली जनावरको आक्रमणबाट भएको मृतक तथा घाइतेलाई आर्थिक सहायता प्रदान, मनसुन जन्य विपद्बाट प्रभाबितलाई पुनरस्थापनाको लागि यथासम्भव सहयोग,
- महिला, दलित, आदिबासी जनजाति, अपाङ्गता समन्वय समिति क्रियाशील बनाइएको/जेष्ठ नागरिक समन्वय समिति गठन र सञ्चालनको लागि कार्यविधि तर्जुमा गरेको,
- गर्भवती महिलाको लागि क्याल्सियम चक्की उपलब्ध गराउने गरेको, बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत वडा नं ३, ४ र ७ छनौट गरी सुनौला १००० दिनको लागि २५ जना महिलालाई प्रति परिवार रु. २५ हजारका दरले अनुदान दिने व्यवस्था,
- गरिबसँग विशेश्वर स्वास्थ्य बीमा कार्यक्रमबाट प्रत्येक वडाका २०० विपन्न परिवारको निःशुल्क स्वास्थ्य बीमा गरेको,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहीकरण रणनिती, २०७९ तर्जुमा गरेको,
- विभिन्न विद्यालयमा घेराबारा, शुद्ध खानेपानी व्यवस्था तथा बाल विकास केन्द्र निर्माण तथा मर्मत भएको,
- बागमती प्रदेश सरकार सामाजिक मन्त्रालयको सहयोगमा निर्माण हुने अपाङ्गता ग्राम निर्माणको लागि वडा नं ९ मा सम्भाव्यता अध्ययन भएको, अपाङता भएका व्यक्तिहरूको लागि समुदायमा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरेको,
- चेपाङ, वनकरीया, माझी, बोटे जस्ता सिमान्तकृत वर्गको आवास निर्माण कार्यमा सहयोग हुन ४० घरधुरी लाभग्राही सिफारिस गरेको,
- विभिन्न सिमान्तकृत विपन्न वर्ग रहेको बस्तीमा निःशुल्क टुयुकल धारा वितरण गरिएको, आगलागी/बाढी जस्ता विपद्बाट क्षति भएको खानेपानी पाइप पुनःस्थापनामा पाईप खरिद गरी समुदायमा वितरण गरेको,
- प्लान/राडो नेपालको सहयोगमा वडा नं ७ मा युवा सूचना केन्द्र स्थापना, जिम तथा फिटनेश केन्द्र सञ्चालन गरिएको,
- किशोर किशोरी तथा युवा महिलाको लागि परिवर्तनका सम्बाहक नामक सि.ओ.सि. कक्षा वडा नं ३ र ५ थप सञ्चालन भएको, विभिन्न गै.स.स.लाई उनीहरूको वार्षिक कार्यक्रम सञ्चालनको लागि छनौट भएका वडाका स्थानहरूमा अनुमति दिएको,
- महिलाहरूलाई विभिन्न सीपमूलक तालिम व्यवस्था गरेको, युवाहरूलाई निःशुल्क लोकसेवा आयोग तयारी कक्षा सञ्चालनको व्यवस्था गरेको,
- निःशुल्क वितरण गर्ने औषधि खरिद गरी वितरण गरिएको, भिडियो एक्सरे मेशिन खरिद गरी सेवा प्रदान गर्ने तयारी गरिएको, मनहरी अस्पतालमा ओ.पि.डि. सेवा विस्तार गरी बिहान ८ बजेबाट नै सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको,

- तिलगंगा आँखा अस्पतालसँगको सहकार्यमा सामुदायिक आँखा केन्द्र मनहरीबाट दैनिक आँखा जाँच सेवा प्रदान,
- दुधमा प्रतिलिटर २ रूपैयाँ अनुदान दिँदै आएको र यस वर्ष गाउँपालिकाले रु.३२ लाख रूपैयाँ दुधमा अनुदान उपलब्ध गराइएको,

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः**

- हावाहुरी तथा आगलागि पीडितलाई राहत उपलब्ध गराउन कार्यविधि संशोधन गरी १० हजार/२० हजार उपलब्ध गराउने गरिएको,
- वनकरीया बस्ती नजिक आम्दानीको श्रोत समेत हुने गरी नरिवलको वृक्षारोपण गर्ने योजना बनाइएको,
- वर्षात तथा बाढीको कारण क्षत विक्षत भएका सडकहरू तत्कालै मर्मत सम्भार तथा सरसफाई गरी सुचारु गरेको, आवश्यक स्थानहरूमा अस्थायी काठेपुल निर्माण गरी आवागमनलाई सहज बनाइएको,
- प्रदेश सरकार, संघ सरकार समेतबाट थप बजेट व्यवस्थापन गरी र आफ्नै श्रोतबाट समेत विभिन्न झोरा नियन्त्रण, खोला नियन्त्रण, तटबन्धन तथा वृक्षारोपण गरी जनधनको सुरक्षा तथा बस्ती एवम् तथा खेतीयोग्य जमिन संरक्षण गरी नदी उकास जमिन खेती योग्य तुल्याएको,

**शुसासन तथा संस्थागत विकास क्षेत्रः**

- मनहरी ३ लामिटारमा रहेको भवनबाट समेत विभिन्न सेवा प्रवाहको सुरुवात गरी आर्थिक मितव्ययिता अपनाएको,
- योजना प्रकृयामा युवा सहभागिता, सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन कार्यविधि तर्जुमा गरी लागू गरेको । गाउँपालिका क्षेत्रबाट वैदेशिक रोजगारीमा जानेहरूको वस्तुगत विवरण समेटिएको वैदेशिक रोजगार प्रोफाइल तयार गरेको,
- २०७९ श्रावण २० गते वार्षिक समीक्षा बैठक तथा २०८० जेष्ठ २१ गते सार्वजनिक सुनुवाई सम्पन्न भएको,
- ७२७ मध्ये ६९३ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको आवेदन अनलाईन निस्सा वितरण गरी सुकुम्बासी पहिचान र प्रमाणीकरण अन्तिम चरणमा पुगेको, गाउँपालिका भित्रको भूमिलाई कृषि र गैर कृषि क्षेत्रमा वर्गीकरण गरी अबरुद्ध भएको जग्गाको कित्ताकाट सुचारु गरेको,
- न्यायिक ईजलास व्यवस्थापन तथा वडागत मेलमिलापकर्ताहरूको व्यवस्था, मेलमिलापकर्ता र जनप्रतिनिधिलाई न्यायिक व्यवस्थापन तालिम प्रदान गरेको,
- गत बिगतको करिब ५ करोड भन्दा बढी बेरुजू सम्परीक्षण, स्थानीय तह संस्थागत स्वमूल्याङ्कन तथा वित्तीय जोखिम मूल्याङ्कनमा जिल्ला भरका स्थानीय तह मध्ये क्रमशः द्वितीय र प्रथम स्थान हासिल भएको नतिजा प्राप्त,
- विधायन, विकास तथा सुशासन, लेखा समिति गठन भई क्रियाशील रहेको,
- स्थानीय सार्वजनिक खरिद नियमावली तर्जुमा गरी लागू गरिएको,
- राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि तर्जुमा गरी लागू गरिएको, आन्तिरक आम्दानी सुनिश्चित गर्नको लागि मनहरी लगायत खोलाहरूबाट नदीजन्य सामग्री उत्खनन गरी निकासी गर्ने प्रकृया शुरु गरिएको,
- जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि बमोजिम अत्यावश्यकीय स्थानमा रकम बिनियोजन गरी रु.२ करोडको विभिन्न ४३ वटा योजना कार्यान्वयन गरिएको,

- वडा नं ४ भवन निर्माणको लागि निःशुल्क जग्गा प्राप्त गरेको,
- रिक्त प्राविधिक दरबन्दीहरू पदपूर्तिको लागि लोकसेवा आयोगमा माग गरेको,
- घर नक्सा पास कार्यलाई व्यवस्थित बनाइएको/भवन नक्सा अभिलेखिकरण कार्य सञ्चालन गरेको,
- गाउँपालिकाको प्रगति सूचना सम्प्रेषणलाई नियमित, पारदर्शी र व्यवस्थित बनाउन प्रेस सल्लाहकार सम्बन्धी कार्यविधि तर्जुमा गरी प्रेस सल्लाहकार व्यवस्था गरेको,
- गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गर्ने कार्य प्रारम्भ गरिएको,

**सभाका सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्षको लागि विषय क्षेत्रगत रूपले तर्जुमा गरिएको नीतिहरू पेश गर्न चाहन्छु ।

## १. आर्थिक विकासः

### १.१ कृषि तथा पशुपन्छी विकासः

- खेती योग्य जग्गा बाँझो राख्न नहुने गरी खाली जग्गाहरूमा सामूहिक कृषिको अवधारणा अनुरूप सामूहिक खेती तथा चक्लाबन्दी कार्यक्रम प्रोत्साहन गर्ने तथा गाउँपालिका भरका बाँझो जमिनलाई मापदण्ड बनाई करार वा सामुदायिक खेति गर्न प्रोत्साहित गरिनेछ ।
- स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्न प्राविधिक सहयोग गराइनुको साथै ५०% अनुदानका कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि तथा पशुपन्छीको उत्पादनमा आधारित अनुदान वितरण गरिनेछ ।
- कृषि तथा पशुपन्छी प्राविधिक सेवा दरवन्दी अनुरूपका कर्मचारी पदपूर्तिको लागि लोकसेवा आयोग लगाएत सम्वद्ध निकायमा पहल गरिनेछ ।
- गाउँपालिकाभित्रै गुणस्तरीय वीउ उत्पादन गर्न कृषि क्षेत्रका आधुनिकिकरण र व्यवसायिकरण गर्न पालिका विउ उत्पादन कार्यक्रम अगाडि बढाउनेछ ।
- "खेतवारीमा कृषि प्राविधिक सेवा उत्पादनमा टेवा" भन्ने नारालाई किसानले खेतवारीमा नै प्राविधिक सेवा पाउने व्यवस्था मिलाइनेछ ।
- कृषकलाई निर्वाहमुखी कृषि प्रणालीबाट क्रमश व्यावसायिक कृषकको रूपमा रूपान्तरण गर्न नगदे बालीको रूपमा रहेको तरकारी खेती तर्फ आकर्षित गर्न आवश्यक सहयोग गरिनेछ । विशेष गरी मल्चिङ प्लाष्टिकमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- कृषि तथा पशुपन्छीमा उपलब्ध गराइने अनुदानलाई थप व्यवस्थित गर्दै तथा साना कृषकलाई आत्म निर्भर बनाउन बाख्रा पालन तथा बंगुर पालन पैँचो कार्यक्रमलाई निरन्तरता दिइनेछ । गोठ सुधार गर्ने कार्यमा प्रोत्साहन गरिनेछ ।
- पशुपालनलाई प्रवर्द्धन गर्ने गरी साविकमा सञ्चालनमा रहेको गाई भैँसीको कृत्रिम गर्भाधानमा सुत्केरी भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- माटोको उर्वराशक्ति कमजोर भए उत्पादन कमजोर हुने हुँदा सबै वडाहरूमा माटो परीक्षण शिविर सञ्चालन गरी माटोमा आवश्यक सुधारका कार्य अगाडि बढाइनेछ ।

- दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्र डेरीमा दुग्ध बिक्री गर्ने किसानलाई प्रति लिटरका दरले उपलब्ध गराउदै आएको नगद प्रोत्साहन कार्यक्रमलाई प्रदेश सरकारसँग समन्वय गरी निरन्तरता दिइनेछ । साथै कृषि तथा पशुपन्क्षी बजार व्यवस्थापको लागि प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- कृषकहरूको उत्पादनलाई लक्षित गरी उत्पादित कृषि उपजलाई सहज रूपमा बजार सम्म लैजान कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइनेछ । तरकारी बालीको न्यूनतम समर्थम मूल्य तोकिनेछ, न्यूनतम मूल्यमा व्यापारीबाट संकलन गर्न अनिच्छा प्रकट भएमा पालिकाले नै खरिद गरीराख्ने व्यवस्था मिलाइनेछ ।
- खाद्य सुरक्षा र पोषण प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका कम्तिमा एक हजार लैना पशुहरूको बीमा गर्न आवश्यक बीमा प्रिमियम रकममा ५० % अनुदान दिइनेछ ।
- एक वडा, एक क्षेत्र, एक बालीको नीतिलाई प्राथमिकता दिइनेछ । हरेक वडाको सम्भाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रूपमा विकास गरिनेछ ।
- पशुपालनलाई प्रोत्साहन गर्न पोषणयुक्त घाँसे वालिको विकास गर्नुपर्ने हुँदा सो को लागि संघीय सरकारसँगको सहकार्यमा हरियो घाँस विस्तार कार्याक्रम सञ्चालन गरिनेछ ।
- उन्नत बाख्रा पकेट क्षेत्र कार्यक्रम लागु गरिनेछ । यस वर्ष प्रदेश सरकारसँगको साझेदारीमा वडा नं. ३ मा बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- वडा नं ६ को रूपाचुरी फरिवाङ्ग क्षेत्रमा अदुवा खेती प्रवर्द्धनमा सहयोग गरिनेछ ।
- कृषि उत्पादन प्रर्वद्धनका लागि कृषि बालि बीमामा पहुँच पुऱ्याउन प्रिमियममा लाग्ने शुल्कको २०% रकम पालिकाले ब्यहोर्ने व्यवस्था गरिनेछ।
- कृषि एवं पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गरी स्टार्टअप नवप्रवर्द्धन कार्यक्रमका लागि विशेष व्यवस्था गरिनेछ ।
- कृषि उत्पादन बढाउन र कृषि उपजलाई व्यवसायिक गर्ने उद्देश्यका साथ कृषि मेलाको आयोजना गरिनेछ ।
- स्थानीय कृषकबाट उत्पादित तरकारीको मूल्यमा कृषकले पाउने उचित मूल्यको सुनिश्चतताको लागि बिचौलिया प्रथालाई नियन्त्रण गरी कृषककै हातमा उचित मूल्य परोस भन्ने उद्देश्यले कोल्ड स्टोरको सुविधा उपलब्ध गराइनेछ ।
- स्थानीय उत्पादन स्थानीय रूपमै खरिद बिक्री गर्न सकिने संयत्रको विकास गरिनेछ ।
- उन्नत जातका बाख्रा उत्पादन तथा प्रवर्द्धनको लागि विशेष पकेट क्षेत्र कार्यक्रम लागू गरिनेछ ।
- दुग्ध जन्य पदार्थको उत्पादनलाई प्रवर्द्धन गर्न प्रदेश सरकारसँगको सहकार्यमा उन्नत जातको भैंसी पालन गर्ने कार्यक्रममा सहयोग गरिनेछ ।
- किसानको तरकारीलगायत उत्पादनको उचित मूल्य प्राप्तीका लागि सिभण्डार निर्माण कार्य अगाडि बढाइनेछ ।

### १.२ सहकारी तथा टोल विकास संस्था:

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रूपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रूपमा विकास गरिनेछ ।

- महिला सहकारी र टोल विकास संस्था मार्फत् सीपमूलक, स्वरोजगारमूलक तालिम सञ्चालन गर्नुको साथै अवलोकन भ्रमण सञ्चालन गरी स्वरोजगार, स्वावलम्बी र आत्मनिर्भर नागरिक तयार गर्न जोड दिइनेछ। साथै महिला सहकारी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- टोल विकास संस्थाहरूको नेतृत्व विकास गरी सामाजिक व्यवहार सुधार सम्बन्धी कार्यक्रम, सचेतना र सरसफाई सम्बन्धी सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। सफा टोलको छनौट गरी वडा/पालिकाले पुरस्कृत गर्ने नीति लिइनेछ।
- उपभोक्ता समिति मार्फत् सञ्चालन गरिँदै आएको सार्वजनिक विकास योजना कार्यान्वयनलाई क्रमश टोल विकास संस्था मार्फत् गर्न प्राथमिकता दिइनेछ।
- गाउँपालिकामा हालसम्म गठन भएका टोल विकास संस्थाहरूलाई अद्यावधिक गरी आवश्यक पर्ने वडाका टोलमा थप संस्था गठन गरिनेछ।
- टोल विकास संस्थाहरूको क्षमता विकास गर्न पदाधिकारीहरूका लागि बैठक व्यवस्थापन, नेतृत्व विकास र संस्था व्यवस्थापन लगायतका विभिन्न तालिम प्रदान गरिनेछ । टोल विकास संस्थाहरू सहज रूपले सञ्चालन गर्न आवश्यक पर्ने न्यूनतम भौतिक श्रोत उपलब्ध गराइनेछ।
- टोल विकासमा आबद्ध जनसमुदायलाई खानेपानी व्यवस्थापन तथा सरसफाई, सार्वजनिक निर्माण कार्यमा समन्वय, सामाजिक सद्भभावना, घरेलु हिंसा विरुद्धका सचेतना, महिला/बालबालिका/दलित/अपाङ्गता भएका व्यक्ति/जेष्ठ नागरिक लगायत समूहको हीतको प्रवर्द्धनमा सहभागिता तथा स्थानीय विकास निर्माणमा सहभागिता सहित प्रतिफलमा अपनत्व, आय आर्जन तथा जिविकोपार्जनका विविध आयाम आदिमा सहभागी हुने गरी परिचालन गरिनेछ।
- टोल विकास संस्थाहरूको माग बमोजिम सार्वजनिक स्थलहरूमा सार्वजनिक शौचालय निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

**१.३ घरेलु तथा साना उद्योग, रोजगार र तालिम:**

- स्थानीय सीपलाई आधुनिकीकरण र व्यवसायिकरण गर्न स्थानीय सीपमा आधारित र श्रममूलक घरेलु तथा साना उद्योगहरूको व्यवस्थापन, क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरू सञ्चालन गरिनेछ।
- स्थानीय कच्चा पदार्थको प्रयोग हुने गरी झोला र दुनाटपरी जस्ता सामग्री बनाउने तालिम सञ्चालन गरिनेछ। त्यसरी उत्पादन हुने सामग्रीको बजार प्रवर्द्धनमा पालिकाले सहयोग पुऱ्याउनेछ।
- गाउँ कार्यपालिकाको कार्यालयमा छुट्टै उद्योग शाखा व्यवस्था गरी व्यवसायिक परामर्श सेवा तथा व्यवसायिक योजना तयारी तालिम दिइनेछ।
- कोशेली घर निर्माण तथा सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ।
- औधोगिक मेलाहरूमा स्टल व्यवस्थापनका लागि सहयोग पुऱ्याइनेछ।
- श्रममूलक घरेलु तथा साना उद्योगहरूको विकास गरी रोजगारी सिर्जनामा सहयोगको लागि गाउँपालिकाबाट तालिम र घुम्ती कोषको व्यवस्था गरिनेछ।

- महिला उद्यमीहरूको पहिचान र विकासका लागि विभिन्न सीपमूलक तालिमका साथै बीउपूँजी अनुदान र प्रविधि हस्तान्तरण गरिनेछ। साथै उद्यमी समूह दर्ता र परिचालन गरिनेछ।
- गाउँपालिकाभित्र रहेको बेरोजगार तर उद्यमी सोच भएका युवाहरूलाई लक्षित गरी गाउँपालिकाको उपयुक्त स्थानमा लागत साझेदारीमा गारमेन्ट उद्योग सञ्चालनमा ल्याइनेछ । गारमेन्ट, गलैंचा जस्ता रोजगारी सृजना हुने घरेलु उधमशिलतालाई प्रोत्साहन गरिनेछ।
- संघ तथा प्रदेश सरकारको सहकार्यमा गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाको पहल गरिनेछ।
- बाध्यात्मक वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाई प्राप्त बिप्रेषणको सही सदुपयोग तथा उत्पादनमूलक कार्यमा लगाउन प्रेरणा पुग्ने गरी सुरक्षित आप्रवासन कार्यक्रम मार्फत् रोजगारीमा गएका वा फर्केका व्यक्ति तथा परिवारका सदस्यलाई मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कक्षा कार्यान्वयन गरिनेछ।
- सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता कक्षा तथा मनोसामाजिक बिमर्शमा सहभागी महिलाहरूलाई आय आर्जन कृयाकलापमा सहयोग गरी स्वदेशमै रोजगारी गर्ने तर्फ उन्मुख गराइनेछ।

## १.४ पर्यटन विकासः

- पर्यटकीय गुरुयोजना तयार भइसकेको क्षेत्रहरूमा क्रमशः प्राथमिकताका आधारमा संरचनाहरू बनाउन शुरु गरिनेछ।
- रमौली, प्रतापुर, सुनाचुरी, मनहरी पिसपार्क, गोगनपानी भ्युटावर, भिमान सहिदपार्क, चेपाङ्ग कल्चर, वनकरिया होमस्टे, पिकनिक स्पोर्ट वडा नं. ४ मा गोही संरक्षण, वडा नं. ६ मोरङ्गे ताल/सुनादेवी मन्दिर, ऐतिहासिक मनकामना मन्दिर वडा नं ८ मा रानी पोखरी गढिडाँडा, शिखर बास पिकनिक स्पट वडा नं. ५, पर्यटकीय क्षेत्र पहिचान र विकासका साथै वडा नं. १ मा ट्री हाउस मोडर्न पार्क लगायत पर्यटकीय सम्भावना का क्षेत्रलाई पर्यटन क्षेत्रको रूपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै वडा नं ७ को बुद्ध शान्ति पार्क, वडा नं ९ मोतीदेवी पिकनिक पार्क, कालिका झरना, वडा नं ७ देउराली सिमल मन्दिर समेतलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ।
- विस्तृत परियोजना प्रतिवेदन तयार भएका देउकोट भ्युटावर, गोगनपानी भ्युटावर, भिमान शहिदपार्क, वनकरिया होमस्टे, ट्रिहाउस लागयतका पूर्वाधार निर्माण कार्यलाई आवश्यक पहल गरिनेछ।
- विभिन्न जातजातिहरूको धर्म, संस्कृति, भाषा, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी गाउँक्षेत्रको ऐतिहासिक मौलिक परिचयलाई संस्थागत गर्न आवश्यक सहयोग गरिनेछ।
- विभिन्न जंगली जीवजन्तु अवलोकन गर्न उपयुक्त हुने वडा नं ५ मा रहेको शिखरबास पिकनिक स्थललाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक लगानीको लागि पहल गरिनेछ।
- वडा नं ३ मा रहेको ऐतिहासिक सिद्धकाली मन्दिरको जिर्णउद्धार गरी तयार भएको डि.पि.आर. बमोजिमको संरचना निर्काणको कार्यलाई निरन्तरता दिइनेछ।
- वडा नं. ८ र ९ को सीमानामा सिमसार क्षेत्र निर्माणको कार्य अगाडि बढाइनेछ।
- पर्यटन क्षेत्रको दीर्घकालिन विकासको लागि कृषि, वन तथा समुदायमा आधारित पर्यटन प्रवर्द्धन गर्ने गरी मनहरी पर्यटन विकास कार्यविधि बनाई लागू गरिनेछ । समस्त पर्यटन गुरुयोजना सहित पर्यटन प्रवर्द्धनात्मक योजना

कार्यान्वयन गर्न रैथाने खाद्यान्न बालीको उत्पदान, पर्यटन विकास सम्बन्धी विभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रम, तालिम/कार्यशाला तथा गोष्ठीको आयोजना, स्थानीय पथ प्रदर्शक तालिम, स्थानीय खाद्य परिकारको खोज तथा प्रवर्द्धन गर्ने गतिविधिहरू सञ्चालन गरिनेछ। गैरलाभको पदमा नियुक्ति गर्ने गरी मनहरी एकीकृत पर्यटन विकास तथा प्रवर्द्धन समिति गठन र परिचालन गरिनेछ।

## २. पूर्वाधार विकासः

### २.१ सडक, भवन तथा यातायातः

- गाउँपालिकामा सञ्चालित च्यापल खोला पुल, ठाडो खोला पुल, मसिने खोला पुल, हाँडी खोला पुल, ट्वाङ्ग्रा खोला पुल, गाउँपालिकाको प्रशासनिक भवन निर्माण, सीमसार क्षेत्रको निर्माण, ४ नं. वडा कार्यालय भवन निर्माण तथा कोल्ड स्टोर निर्माणलाई गाउँपालिका गौरवका आयोजनाका रूपमा सञ्चालन गरी छिटो सम्पन्न गर्न प्राथमिकताका साथ बजेट बिनियोजन गरिनेछ। हालसम्म निर्माण कार्य सन्तोषजनक ढंगले काम नभएको हाँडी खोला पुल निर्माणमा ठेकेदारलाई जिम्मेवार बनाई नियमानुसार निर्माण कार्यमा सिघ्रता ल्याइनेछ।
- गाउँपालिका भित्रको महत्वपूर्ण सडकलाई कालोपत्रे तथा ढलान र भित्री सडकमा ग्राभेल गर्ने र अन्य नयाँ सडकको सम्भाव्यता अध्ययन गरी डि.पि.आर. तयार गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ।
- गाउँपालिका क्षेत्रमा प्राथमिकता प्राप्त आयोजनाका क्रमागत रूपमा सञ्चालन भइरहेका लामिटार-चकरी सडक ८ र ९ सीमा सडक, वडा नं. २, रमौली मानेडाँडा सडक स्तरीकरण लगायत सडक आयोजनाहरूलाई बजेट विनीयोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। पक्की बाटोले नछोएको सबै वडा कार्यालय पुग्ने सडकहरू पक्की रूपमा बनाउन आवश्यक पहल थालनी गरिनेछ।
- सडक निर्माण गर्दा नाला निर्माणलाई अनिवार्य गरी हरित सडकको अवधारणालाई कार्यान्वयन गर्न सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने अन्य स्थानीय/ग्रामीण तथा कृषि सडक बाह्रै महिना सञ्चालन हुने गरी मर्मत संभार गरिनेछ।
- रमौली १० मिटर बाटोमा नाला निर्माणका लागि मर्मत तथा व्यवस्थापन आवश्यक बजेट व्यवस्थापन गरिनेछ।
- संघीय सरकारकोसँगको सहकार्यमा पङ्थलि खोला- रूपचुरियाफेदी, गोगनपानी स्कुल डाँडा, झोलुङ्गे पुल निर्माण गरिनेछ। साथै सम्बद्ध निकायसँगको समन्वयमा देउकोट राक्सिराङ झोलुङ्गेपुलको अध्ययन गरी निर्माणको लागि आवश्यक पहल गरिनेछ।
- गाउँपालिकाको वडा नं. ९ र ५ जोड्ने पक्की पुल निर्माणको प्रदेश सरकारबाट ठेक्का सम्झौता भइसकेको हुँदा निर्माण कार्यमा तिब्रता दिन आवश्यक समन्वय गरिनेछ।
- जनलागत सहभागिताका निर्माण कार्यक्रम अन्तर्गत नगद सहभागितामा आधारित आयोजनाहरूमा प्राथमिकता दिई बजेट व्यवस्था गरिनेछ। वस्ती स्तरका सडकहरूमा स्ल्याव ढलान र कालोपत्रे गर्ने कार्यको लागि कम्तीमा ४० प्रतिशत नगद जनसहभागितामा जुटेमा प्राथमिकताका आधारमा समपुरक कोषबाट जुनसुकै समयमा लगानीको प्रत्याभूति गरिनेछ।
- पूर्वी राप्ती किनार तटबन्धन क्रमागत योजनालाई प्रभावकारी बनाउन संघीय सरकार र प्रदेश सरकार समक्ष पहल गरिनेछ।

- वडाभित्रका सडक निर्माण भएका तर ती सडकले ओगटेको जग्गा अझै पनि व्यक्तिको स्वामित्वमा रहेको हुँदा सबै सडकहरुलाई कित्ताकाट गर्न आवश्यक पहल गरिनेछ। ग्रामीण सडक गुरुयोजनामा तोकिएको पालिका भित्रका सबै सडकको क्षेत्राधिकारको मापदण्ड पुनरावलोकन गरिनेछ।
- स्थानीय रुटमा सञ्चालन हुने तिनपाङ्ग्रे सवारी तथा शेयर राईडिङ्ग गर्न चाहने निजी मोटरसाइकल वा अन्य बाहनहरूलाई प्रदेश सरकार वा सम्बद्ध निकायसँग अनुमतिको लागि आवश्यक पहल गरिनेछ।
- अटो/मयुरी जस्ता तिनपाङ्गे सवारीको सञ्चालनलाई व्यवस्थित बनाइनुका साथै उक्त साधनहरूको सेवाको सुनिश्चितता गर्दै भाडादर निर्धारणमा आवश्यक सहजीकरण गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र स्थायी बस पार्कको अभावमा हुने गरेको जथाभावी पार्किङ रोक्न र सवारी साधन निर्धारित स्थानमा मात्र राख्ने गरी वडा नं. ८ मा आधुनिक गाउपालिका स्तरको बसपार्क निर्माणको लागि पहल गरिनेछ।

**गाउँपालिकाभित्रका सडक सञ्जालको अवस्था झल्कने गरी सडक सञ्जाल विवरण अधाबधिक गरिनेछ।**

### २.२ सिंचाईः

- कृषि पकेट क्षेत्रहरूको पहिचान गरी जनसहभागितामा आधारित सिंचाई कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ। खास गरी तरकारी बाली उत्पादन हुने क्षेत्रमा भौगोलीक बनावट हेरेर सिंचाई कार्यक्रम तर्जुमा गरिनेछ।
- संघ, प्रदेश तथा स्थानीय तहको सहलगानीमा सञ्चालन हुने बृहत सिंचाई आयोजनाका साथै गाउँपालिका स्तरबाट सञ्चालन हुने साना सिंचाई कार्यक्रमलाई समेत प्राथामिकतामा राखिनेछ।
- निर्माणाधिन सिंचाई आयोजनालाई प्राथमिकता दिईनुका साथै पूरा भईसकेका योजनाहरूको मर्मत सम्भार कार्य गर्दै पारदर्शी बनाउनको लागि उपभोक्ता समितिलाई तालिमद्वारा सक्षम बनाईनेछ।
- रमौली सिंचाईमा आयोजनामा शाखा कुलो बिस्तारमा प्राथमिकता दिइनेछ।
- डिप बोरिङ्ग समेत गर्न नसकिने सुख्खा क्षेत्रमा प्लाष्टिक पोखरी निर्माण गरी लघु सिंचाईको लागि आवश्यक व्यवस्था गरिनेछ।
- आगामी दिनमा पालिकाका सबै कृषि पकेट क्षेत्रमा सिंचाई उपलब्ध गराउन सम्भाव्यता अध्ययन गरिनेछ।

### २.३ विद्युतिकरण एवम् वैकल्पिक उर्जाः

- नेपाल विद्युत प्राधिकरणद्वारा गाउँपालिका क्षेत्रमा वितरित विद्युत सेवाको गुणस्तर सुधारको लागि प्राधिकरणसँगको सहकार्यमा तार ट्रान्सफर्मर विद्युत पोल लगायत सामग्रीको व्यवस्थापनबाट विद्युत आपूर्ति नियमित बनाइनेछ। लिफ्ट प्रविधिका खानेपानी सिंचाई जस्ता आयोजनालाई सोलार विद्युत जडानमा प्राथमिकता दिइनेछ।
- संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा राजमार्ग क्षेत्रमा विद्युतीय सवारी साधनहरूको चार्जिङ स्टेशन निर्माण गर्ने नीति लिइनेछ।
- गाउँपालिकाका मुख्य मुख्य पार्क तथा सार्वजनिक स्थलहरू तथा मानिस आवतजावत गर्ने सडकमा संघीय सरकारसँगको सहकार्यमा सौर्य सडक बत्ति जडान गरिनेछ।
- टोल विकास संस्थाहरूको माग बमोजिम उनीहरूकै समन्वयमा सञ्चालन हुनेगरी क्रमशः सडकहरूमा बत्ति जडान गरिदै लगिनेछ।

- विद्युत सेवा नपुगेका टोल वस्तीहरूमा विद्युत सेवाको पहुँच वृद्धि गर्नुका साथै सौर्य बत्ती वितरण मार्फत् जनताको कर जनताको घर, उज्यालो मनहरी शहर अभियान लाई निरन्तरता दिइनेछ ।
- विद्युत प्राधिकरण लगायतका सम्बद्ध निकायसँगको समन्वय र साझेदारीमा गाउँपालिकाभरि रहेको काठेपोलहरूको बिस्थापन गरिनेछ ।
- घरभित्र खाना पकाउने ईन्धनको रूपमा प्रयोग भएको दाउराको खपत तथा धुवाँ घटाउन सुधारिएको चुलो वितरणमा सहुलियत प्रदान गरिनेछ ।

## २.४ युवा, खेलकुद तथा अन्य खेलकुद पूर्वाधार:

- किशोर किशोरीको लागि संचालित परिवर्तनका सम्बाहक (COC) अभियानलाई निरन्तरता दिई थप विद्यालयमा बिस्तार गरिनेछ ।
- युवाहरूलाई गाउँपालिकाको योजना तर्जुमादेखि कार्यान्वयन तहसम्म अर्थपूर्ण सहभागिताको सुनिश्चितता हुने संयन्त्रको विकास गरिनेछ ।
- युवा मैत्री गाउँपालिका बनाउने प्रयोजनको लागि योजना प्रकृयामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०७९ मा व्यवस्था भए बमोजिम युवा लक्षित कृयाकलापहरू सञ्चालन गरिनेछ ।
- युवाहरूमा रहेको ज्ञान, सीप र सिर्जनशिलतालाई अधिकतम उपयोग गर्न उद्यमशीलतामा नविनतम सोँच कार्यान्वयन गर्न ईनकुवेशन सेन्टर सञ्चालन गर्ने र नवप्रबर्तन साझेदारी कोष खडा गरी सहुलियतपूर्ण लगानीको माध्ययमबाट स्वरोजगार बन्ने तर्फ उन्मुख गराइनेछ ।
- खेलकुद विकास कार्यविधि, २०७९ मा व्यवस्था भए बमोजिम गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई गठन गरी खेलकुदमा युवा सहभागिता तथा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगीताहरूमा समावेश गरिनेछ । गाउँपालिका स्तर लगायत अन्य जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई उचित सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ । खेलकुदका लागि बिनियोजित बजेटबाट व्यायाम तथा खेल सामग्रीहरूको व्यवस्थापन र विभिन्न खेलका स्थानीय प्रतियोगिताहरू सञ्चालन गरिनेछ ।
- अध्यक्ष कप फुटबल प्रतियोगितालाई निरन्तरता दिइनेछ साथै उपाध्यक्ष कप भलिबल प्रतियोगिता आयोजना गरिनेछ । मानवीय शारीरिक स्वास्थ्यलाई विचार गरी खुला व्यायमशालाको अभ्यास शुरु गरिनेछ ।
- नमुना युवा सांसदको अभ्यास लगायत नमुना छात्रा सांसदको अभ्यास जस्ता कार्यक्रम गरी युवा मैत्री गाउँपालिका बनाउने तर्फका कृयाकलापहरू सञ्चालन गरिनेछ । युवा जागरणका लागि युवा दिवस मनाउने लगायतका कृयाकलाप सञ्चालन गरिनेछ ।

## २.५ बस्ती तथा सहरी विकास:

- भवन निर्माण ईजाजत सम्बन्धी नीति कानून तथा मापदण्ड कडाइका साथ लागू गरिनुको साथै निर्माण सम्बन्धी मापदण्ड लागूहुनु पूर्व निर्माण भएका भवनहरूको अभिलेखीकरणलाई प्राथमिकता दिइनेछ । भवन संहिता पालना गर्दै व्यवस्थित र जोखिम रहित वस्ती विकासमा जोड दिइनेछ । गाउँपालिकाको श्रोतबाट निर्माण हुने सार्वजनिक सामुदायिक भवनहरू निर्माण गर्दा भवन निर्माण सम्बन्धी मापदण्डलाई पालना गर्ने व्यवस्था गरिनेछ ।

- गाउँपालिकाभित्रका प्राचिन स्मारक ऐतिहासिक पुरातात्विक महत्वका भवन साँस्कृतिक, धार्मिक, संग्रहालय भवन तथा अन्य सार्वजनिक सभागृह सामुदायिक भवनको संरक्षणको व्यवस्था गरिनेछ। विद्यालय भवन तथा संरचनाको निर्माणको लागि साझेदारसँगको सहलगानीलाई प्राथमिकता दिइनेछ र मर्मत सम्भारको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।
- सेवा प्रवाहका लागि आवश्यक विभिन्न तत्वमध्ये कार्यालय भवनको अत्यन्त महत्वपूर्ण स्थान रहेको छ। गाउँपालिकाको आफ्नै प्रशासकीय भवन संघीय सरकारसमेतको लागत साझेदारीमा निर्माण गरिनेछ भने निर्माण हुन बाँकी ४ नं. वडा कार्यालय भवन यसै आर्थिक वर्षमा निर्माण सम्पन्न गरिनेछ।
- जीर्ण अवस्थामा रहेको वडा ३ नं. वडा कार्यालय भवन समेतको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- राष्ट्रिय भूमि आयोगको समन्वनय र सहजीकरणमा यसै वर्ष पालिका भरका ६९३ भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई कानून बमोजिम निःशुल्क जग्गा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ। भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण गर्दा सकेसम्म सम्बन्धित वडाको आबादी लाएक जग्गालाई प्राथमिकीकरण गरिनेछ। जग्गा नापजाँचको लागि गाउँपालिकाको तर्फबाट समेत प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ।
- अव्यवस्थित बसोबासीको ७७२४ आवेदनहरूलाई यसै वर्ष अनलाईन प्रविष्टि गरी आयोगले तोके बमोजिमको निस्सा वितरण गरिनेछ। व्यक्तिले आमोद कमोद गर्दै आएको जग्गा समेत नापजाँच गरी सो को जग्गा धनी पूर्जा उपलब्ध गराउन सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ। यसै वर्षबाट नगर विकास कोषको कार्यक्षेत्र गाउँपालिकामा समेत बिस्तार भएकोले नगर विकास कोषको प्राविधिक आर्थिक सहयोगमा गाउँपालिकाको सम्भाब्य स्थानमा एकीकृत बस्ती विकास तथा सिमसार क्षेत्र निर्माण तथा गाउँपालिकाको आय आर्जन बढाई दिगो रूपमा गाउँपालिकाको राजस्व बढ्ने क्षेत्रमा लगानीको लागि आवश्यक सहकार्य गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र संघीय भू उपयोग ऐन, भूउपयोग नियमावली भू-उपयोग नीति तथा स्थानीय सरकार सञ्चालन ऐनले तोकेको सीमाभित्र रही भू उपयोग नीति योजना कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ।
- नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी हकलाई र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका नागरिकसम्म पुऱ्याउन संघीय सरकारसँगको सहकार्यमा खरका छानो विस्थापन जस्ताको छानो हाल्ने गरी सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, पर्ती तथा सरकारी जग्गाहरूमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरू गाउँपालिकाको मातहतमा ल्याउने प्रक्रिया अघि बढाउन तथा सार्वजनिक, पर्ति र सरकारी जग्गाको संरक्षण गर्ने व्यवस्थाका लागि उक्त कार्यको कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ। सार्वजनिक संस्थाहरू बनेको पर्ती जग्गालाई नापजाँच गरी सोही संस्थाको अपनत्व हुने अवस्था सिर्जनाको लागि आवश्यक पहल गरिनेछ।
- गाउँपालिकामा रहेका आदिवासी, जनजाति, अल्पसंख्यक जातजातिहरूको पहिचान, संस्कृति र मूल्य मान्यता संरक्षण गर्न नमुना घर सम्बन्धी कार्यविधि निर्माण गरी नमुना सांस्कृतिक घर कार्यक्रम सञ्चालनको पहल गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका हाइटेन्सन लाईन मुनि रहेका प्रयोग विहिन जग्गाहरूको उचित प्रयोगको लागि व्यवसायिक जडिबुटी, कागती खेती, अदुवा, बेसार खेती गर्न कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

- बाढी पहिरो तथा भारी वर्षात्का कारण बढ्ने नदी तथा खहरे खोला, खोल्सीबाट तथा नजिकमा रहेका बस्ती बचाउन र नियन्त्रण गर्नको लागि तटबन्धन गर्नको संघीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।
- प्रत्येक वडामा रहेका सार्वजनिक संस्था क्लब, मठ मन्दिर, गुम्बा, चर्च, ढुंगेधारा, सामुदायिक वन, विद्यालय तथा सिंचाई आयोजनाहरूलाई अनिवार्य रूपमा सूचीकृत गर्ने गरिनेछ ।

**२.६ अनुगमन तथा सुपरीवेक्षण, उपभोक्ता समिति र तथ्याङ्क व्यवस्थापन:**

- उपभोक्ता समितिबाट कार्यान्वनय हुने सम्पूर्ण योजनाको अधिकार उपभोक्ता समितिलाई उत्तरदायीत्व बोध हुन गरी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा उपभोक्ताको सकृय सहभागिता सुनिश्चित गरिनेछ ।
- ठूला उपभोक्ता समितिलाई कामको मध्यावधि मूल्याङ्कन गरी किस्ता रकम भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।
- योजना शाखा मार्फत् उपभोक्ता समिति परिचालन गरी कार्यान्वयन गरिने र पूर्वाधार शाखाबाट ठेक्का मार्फत् कार्यान्वयन गरिने योजनाहरू कार्ययोजना बनाई समय तालिका अनुसार समयमानै सम्पन्न हुने सुनिश्चतता सहित योजना सञ्चालन गरिनेछ ।
- उपभोक्ता समितिमा योजना सञ्चालन सम्बन्धमा रहेको द्विविधालाई हटाउन, आवश्यक कागजात एवम् प्रकृया पूरा गर्ने लगायतका योजना सञ्चालनका सन्दर्भमा आइपर्ने समस्या समाधान हुने गरी उपभोक्ता समितिका पदाधिकारहरूको लागि योजना सञ्चालन सम्बन्धी अभिमुखीकरण गरेर मात्र योजना कार्यान्वयनको कार्य अगाडि बढाइनेछ ।
- उपभोक्ता समितिबाट गरिने श्रममूलक सार्वजनिक निर्माणमा उपभोक्ता समितिको श्रमदान लगायत योगदानलाई वस्तुपरक र यथार्थ बनाउने प्रयास गरिनेछ ।
- उपभोक्ता तथा ठेक्का मार्फत् संचालित आयोजनाहरूको प्रगति तथा प्रतिफलको समीक्षा गरिने र आगामी दिनमा गर्नु पर्ने सुधारात्मक कार्यको लागि पृष्ठपोषण लिन कार्यपालिका सदस्यहरू माझ अन्तरकृया कार्यक्रम गरिनेछ ।
- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुनिष्ठ बनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमि हुन दिईने छैन ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित योजना तथा कार्यक्रमहरूको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System ) को मर्म अनुसार अनुगमन र मूल्याङ्कन कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाबाट संचालित सबै योजनाहरूको सम्बद्ध अनुगमन समितिबाट अनुगमन पश्चात मात्र भुक्तानी दिईने व्यवस्था मिलाइनेछ । साथै गाउँपालिकामा हुने प्रवर्द्धनात्मक कार्यक्रमहरूको अनुगमन समितीले अनुगमन गरेपछि मात्र भुक्तानीको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र अन्य निकायहरूबाट संचालित आयोजना तथा कार्यक्रमको पनि अनुगमन तथा सुपरिवेक्षण समितिबाट गरिनेछ ।
- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

### २.७ तथ्याङ्क व्यवस्थापन:

- गाउँपालिकाको समग्र प्रगति समेटिएको विद्युतीय वस्तुगत विवरण (Digital Profile) तयार गरी सार्वजनिक गरिनेछ ।
- गाउँपालिकाको आधारभूत तथ्याङ्कहरूलाई राष्ट्रिय योजना आयोगको National Data Profile मा प्रविष्टि गर्ने व्यवस्था गरी अद्यावधिक गरिनेछ ।
- गाउँपालिका स्तरीय आधारभूत तथ्याङ्क संकलन, जनस्वास्थ्य सम्बन्धी सूचना प्रणाली (HMIS), पञ्जिकरण तथा सामाजिक सुरक्षा भत्ता सूचना प्रणाली (MIS), शिक्षा सम्बन्धी सूचना प्रणाली (EMIS), बेरोजगार व्यक्तिहरूको सूचना प्रणाली(PMEP) लगायत अन्य तथ्याङ्कीय गतिविधिबाट प्राप्त हुने तथ्याङ्कहरू प्रयोगकर्तालाई आवश्यक पर्दा एकीकृत रूपले प्राप्त हुने व्यवस्था गर्न गाउँपालिका स्तरीय तथ्याङ्क ईकाइको व्यवस्थित गरिनेछ ।

## ३. वन वातावरण तथा विपद् व्यवस्थापन:

### ३.१ वन, वनस्पति, भू संरक्षण र वातावरण:

- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरूको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरी मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिलाई राष्ट्रिय निकुञ्ज र स्थानीय सरकारबीच समन्वय गर्ने संयत्रको रूपमा परिचालन गरिनेछ ।
- वन, वातावरण र जैविक विविधतालाई संरक्षण तथा कृषकहरूलाई प्रोत्साहन गर्न चिराईतो, अमृसो, कुरिलो जस्ता गुणकारी वनस्पतिको नर्सरी स्थापना गरी किसानहरूलाई प्रोत्साहित गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- सामुदायिक वन तथा डिभिजन वनको सहयोगमा नदी उकास पर्ती जमिनमा आयआर्जन गर्ने गरी नरिवलको बिरुवा रोप्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरूसँगको सहकार्यमा वृक्षारोपण र वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ । ईच्छुक सामुदायिक वन उपभोक्ता समिति र कबुलियती वनलाई बोटबिरुवाको नर्सरी स्थापना गर्न प्रेरित गरिनेछ । नर्सरी गर्न चाहने सामुदायिक वनहरूलाई अनुदानको व्यवस्था गरिनेछ ।
- जलवायू परिवर्तनको प्रभाव न्यूनीकरण समेत गर्नको लागि नदी किनारको जग्गामा Riverine forest विकास गर्ने नीति अनुरूप यस वर्ष करिब १० बिगाह जग्गामा नरिवलको विरुवा रोपी नरिवल बगैंचा विकास गरिनेछ ।
- गाउँपालिकामा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन गर्न वातावरण शाखा व्यवस्था गरी जिम्मेवार कर्मचारी तोकिनेछ । गाउँपालिका क्षेत्रमा प्लाष्टिक झोला प्रयोगमा निषेध गर्न कार्यविधि बनाई प्रतिबन्ध गरिनेछ ।
- सामुदायिक वन समूहहरूबाट स्थापना गरिएको वडा नं ९ ज्यामिरेमा रहेको वन पैदावरमा आधारित काष्ठ उद्योग सञ्चालनको लागि सहजिकरण गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।
- नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित साधारण निर्माणमुखि पदार्थको उत्खनन् प्रशोधन तथा निकासी कार्यलाई वातावरणमैत्री बनाईने छ । यस्तो कच्चा पदार्थ ढुवानीको लागि वैकल्पिक सडक निर्माण गरी ढुवानीको प्रवन्ध मिलाइनेछ ।

- वातावरण संरक्षणका लागि टोल विकास संस्था वा सामुदायिक संस्था, नागरिक वा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ।
- आवासको हक नागरिकको मौलिक अधिकार भएको हुँदा मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि बजेट व्यवस्थापन गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेका नदिनाला, खोल्चा र पहिरो नियन्त्रणको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।
- धार्मिक तथा कबुलियती वनलाई आयआर्जन हुने गरी प्रवर्द्धन गर्दै त्यस्ता वन क्षेत्रमा पर्यटक आकर्षण गर्न पूर्वाधार निर्माणमा प्रोत्साहन तथा आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- मनहरी बजार लगायत तिब्र सहरीकरण भएका क्षेत्रमा सडकको दायाँ बायाँ अशोक धुपी जस्ता सौन्दर्यवर्द्धक बिरुवा रोपण कार्य शुरु गरिनेछ।

## ३.२ विपद् व्यवस्थापन, जलाधार क्षेत्र संरक्षण तथा फोहोरमैला व्यवस्थापन

- एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरूमा जनताको पहुँचलाई सुनिश्चित गरिनेछ। विपद् जोखिम क्षेत्रको पहिचान गरी उक्त क्षेत्रमा जोखिम कम गर्ने नीति अवलम्बन गरिनेछ।
- सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा कानून बमोजिम अनिवार्य गर्नुपर्ने भनिएका आयोजनाहरूको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र आयोजना कार्यान्वयन गरिनेछ। साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न टोल विकास संस्थाहरू मार्फत् चेतना अभिवृद्धि गर्ने कार्य गरिनेछ।
- गाउँपालिका स्तरका हरेक भौतिक संरचनागत आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ।
- खानेपानी तथा लघु सिंचाईको रूपमा उपयोग गर्न मिल्ने पानीको साना श्रोतः कुवा तथा मुहान संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। ऐतिहासिक ढुङ्गेधारा तथा ईनारहरूको संरक्षण र मर्मत गरिनेछ।
- माथिल्लो भेगका खोल्सीहरूमा रहेको जलाधार दीगो बनाउन वृक्षारोपण लगायत प्रदूषण रहित बनाइनेछ।
- सुन्दर र सफा मनहरीको परिकल्पना साकार पार्न हाल केही वडाका क्षेत्रमा मात्र सञ्चालन भएको फोहोर सङ्कलन कार्य सबै वडाहरूमा बिस्तार गर्ने, फोहोर मैलाको उचित व्यवस्थापन गर्न ल्याण्ड फिल्ड साइट निर्माण गर्ने तथा फोहोर मैला व्यवस्थापनको कार्यलाई अझ व्यवस्थित बनाउन गठित समितिको प्रतिवेदन बमोजिमका कार्य अगाडि बढाइनेछ। गाउँपालिका क्षेत्रबाट निस्कने फोहोरहरूलाई विविधिकरण गरी व्यवस्थापन गर्ने प्रवन्ध मिलाइनेछ।
- राजमार्गका आवश्यक स्थानमा प्रदेश सरकारको सहयोगमा थप सार्वजनिक शौचालय एवम् रिफ्रेस सेन्टर बनाउने तथा त्यस्ता सार्वजनिक शौचालयको सञ्चालन सार्वजनिक निजी अवधारणामा गरिनेछ।
- विपद् व्यवस्थापनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयमा प्रभावकारी विपद् व्यवस्थापनको लागि कार्ययोजना बनाई लागू गरिनेछ। सरोकारवालाहरूसँग सहकार्य गरी चुरे संरक्षणमा ध्यान दिइनेछ।
- जोखिमयुक्त स्थानमा रहेका एवम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पीडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुनरस्थापनाको लागि पहल गरिनेछ।
- विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका बमोजिम विपद्बाट प्रभावित परिवारलाई राहत तथा उद्दार कार्यक्रम

निरन्तर सञ्चालन गरिनेछ। विपद् व्यवस्थापन कोषमा रहने रकम यस आ.व.को सुरु मौज्दातबाट वर्षभरी नै ३० प्रतिशत भन्दा नघट्ने गरी निरन्तर सोधभर्ना हुने व्यवस्था मिलाइनेछ।

- चालू आर्थिक वर्षमा चट्याङको कारण जोखिम युक्त स्थानको रूपमा रहेका मसिने, ट्वाङ्ग्रा लगायतको स्थानमा अर्थिङ्ग जडान सम्पन्न भएको र यसको प्रभावकारितालाई मध्येनजर गरी थप जोखिम क्षेत्रमा विस्तार गरिनेछ।
- विपद् व्यवस्थापनमा प्रयोग हुने एम्बुलेन्स लगायतका सवारी साधनहरू परिचालनको लागि निर्देशिका बमोजिम पालिकाको विपद् व्यवस्थापन शाखा मातहतमा रहने गरी सञ्चालनको प्रबन्ध मिलाइनेछ, साथै यस्ता सवारी साधनहरूको सम्पर्क नम्बर सार्वजनिक स्थानमा सबैले देख्ने गरी टाँस्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका भरका जनतालाई स्वच्छ पिउने पानीको व्यवस्थापनको लागि मनसुन जन्य समय र आवश्यक परेको समयमा पिउने पानीका निःशुल्क गुणस्तर जाँचको प्रवन्ध मिलाइनेछ।
- विपद् व्यवस्थापनमा संघ, प्रदेश, स्थानीय समुदाय, रेडक्रस जस्ता संघसस्था र निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गरी विपद न्यूनीकरण, जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीको पहिचान र स्थान्तरण गर्ने प्रवन्ध मिलाइनेछ।
- विपद् पूर्व तयारी तथा व्यवस्थापनको लागि खोज तथा उद्धार राहत सामग्रीहरूको पूर्व भण्डारण वितरणको लागि जोखिममा पर्नसक्ने १०० परिवारको अस्थायी आवास सहितको राहात सामग्री तयारी अवस्थामा राख्ने व्यवस्था गरिनेछ। विपद्मा परेकाहरूको खोज तथा उद्धार कार्यलाई सहज बनाउन नेपाल रेडक्रस सोसाइटीले तयार गर्न लागेको प्रशिक्षित जनशक्ति सहितको सञ्जाललाई उचित सहयोग गरिनेछ।
- गाउँपालिकाका अधिकाशं भू-भाग पर्सा तथा चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको र सो क्षेत्रमा रहेका जंगली जनावर जगंलबाट बाहिर निस्केर मानव तथा मानव वस्तीमा आक्रमण गर्ने गरेको, कृषकको बालीनाली, पालिएका गाईवस्तु लगायतलाई नोक्सान पुऱ्याउने गरेको हुँदा सोको न्यूनीकरण तथा भएको क्षतिको क्षतिपूर्तिको लागि सम्बद्ध निकायसँग समन्वय र सहकार्य गरिनेछ।
- विद्यालयमा गठन हुने जुनियर रेडक्रसमा आबद्ध विद्यार्थीलाई तालिम दिन सहयोग गरिनेछ।
- वन्य जन्तु तथा बाढी जन्य विपद् जोखिम न्यूनीकरण सम्बन्धमा पूर्वसूचना प्रणाली जडान तथा सञ्चालनको सम्भावना अध्ययन गरिनेछ।
- वन डढेलो नियन्त्रणको लागि अग्नी रेखा तथा नियन्त्रण दस्ता निर्माण गरी तालिम दिइनेछ।
- वडा नं ३ को लामिटारमा स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको स्थापना र सञ्चालन गरिनेछ।
- विपद् पश्चात तत्कालीन सुरक्षित व्यवस्थापनको लागि साबिक हाँडीखोला क्षेत्रको २ स्थानमा र मनहरी क्षेत्रको २ स्थान छनौट गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

## ४. सामाजिक विकासः

### ४.१ शिक्षा तर्फः

- शिक्षा क्षेत्रमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पेशागत र व्यक्तिगत क्षमता अभिवृद्धि, पुरस्कार साथै प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

- विद्यालयको शैक्षिक, व्यवस्थापकीय क्षेत्रमा परिवर्तन तथा गुणात्मक सुधार गर्न शिक्षा समितिले तोकेको मापदण्डको आधारमा प्रतिस्पर्धात्मक विधिद्वारा प्रधानाध्यापकहरू छनौट तथा नियुक्ति गरी कार्यसम्पादन करार सम्झौता गरिनेछ। साथै शिक्षकहरूलाई समेत प्रधानाध्यापकसँग करार सम्झौता गर्ने व्यवस्था मिलाइनेछ। यसरी करार सम्झौता गरिएका शिक्षक तथा प्रधानाध्यापकलाई तोकिएको दरमा प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।
- विद्यालयमा शिक्षकको नियमित उपस्थिति र पूरा समय कक्षामा पठन पाठन भएको सुनिश्चित गर्न सबै सामुदायिक विद्यालयमा इ-हाजिरी र सि.सि. क्यमेरा जडान गर्दै लगिनेछ।
- अनिवार्य आधारभूत शिक्षामा पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न गाउँपालिकाभित्र बसोबास गर्ने गरिवीको रेखामुनि रहेका परिवारका बालबालिकाहरूको छनौट गरी विपन्न बालबालिका गरिबसँग विश्वेश्वर शैक्षिक सहायता कार्यक्रमसँग आवद्ध गराइनेछ। सहीद, बेपत्ता, घाइते, अपाङ्ग परिवारका विद्यार्थीलाई समेत यस कार्यक्रममा आवद्ध गराइ यस कार्यक्रमबाट सहयोग उपलब्ध गराइनेछ।
- गुणस्तरीय शिक्षक मार्फत् गुणस्तरीय शिक्षा उपलब्ध गराउन योग्य शिक्षकलाई मात्र शिक्षण पेशामा प्रवेश गर्ने अवसर प्रदान गर्न सवै प्रकारका शिक्षकहरूलाई प्रचलित शिक्षा नियमावली अनुसार शिक्षक छनौट गरी शिक्षण पेशामा प्रवेश गर्ने व्यवस्था मिलाइनेछ।
- मनहरी गाउँपालिका भित्र सञ्चालनमा रहेका प्राविधिक तथा सीपमूलक शिक्षा प्रदान गर्ने विद्यालयहरूलाई विशेष प्रोत्साहन अनुदान तथा विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराइनेछ।
- विद्यार्थीको संख्या अनुसार शिक्षक अपुग भएका विद्यालयहरूलाई शिक्षक व्यवस्थापन अनुदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। सामुदायिक विद्यालयहरूको शैक्षिक नतिजा तथा व्यवस्थापकिय सक्षमताको आधारमा विशेष प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाइनेछ।
- एक शिक्षक एक ल्यापटप कार्यक्रमको सुरुवात गरिनेछ साथै सामुदायिक विद्यालयहरूमा सूचना तथा प्रविधिको पहुँच विस्तार गर्दै लगिनेछ। शिक्षण विधिलाई समयानुकुल आधुनिकीकरण गर्न स्मार्ट बोर्डबाट पठन पाठन गराउने कार्यमा विद्यालयहरूलाई यथासम्भव सहयोग गरिनेछ।
- विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको लागि क्षमता अभिवृद्धि/सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विद्यालय उमेर समूहका बालबालिकाहरूलाई विद्यालय ल्याउने, सिकाउने र टिकाउने कार्यलाई प्रोत्साहन गर्न पढदै कमाउँदै, कार्यक्रमलाई सम्भाव्यता अध्ययन र विद्यालयको प्रस्ताव सहितको मागको आधारमा सञ्चालन गरिनेछ।
- शिक्षक तथा विद्यार्थीहरूको क्षमता मापन तथा गुणस्तरीय शिकाईको सुनिस्चितताको लागि कक्षा ८ र ५ मा वाह्य मूल्याङ्कन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विद्यालयहरूको कार्यसम्पादन क्षमताको आधारमा भौतिक साथै शैक्षिक पूर्वाधार सुदृढीकरण गर्न अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- शिक्षिकाहरू प्रसूति विदामा वसेको समयमा पठन पाठनलाई निरन्तरता दिई शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न विद्यालयहरूलाई प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

- सेवा अवधि २० वर्ष र उमेर ५५ वर्ष भन्दा माथी भएका स्थायी शिक्षकहरू तथा विद्यालय कर्मचारीहरू सेवाबाट निवृत्त हुन चाहने शिक्षकहरूलाई प्रोत्साहन रकम सहित विदाइ गरिनेछ।
- सामुदायिक विद्यालयमा दरबन्दी अभावलाई कम गर्न नजिकका विद्यालय मर्ज गर्ने तथा कक्षा कटाउने कार्यलाई प्रोत्साहन गरिनेछ।
- नेपाल स्काउटको गतिविधिलाई प्रोत्साहन गर्दै युवा तथा विद्यार्थीहरूमा आचरण, अनुशासन, देश प्रेम, स्वावलम्बन र सहयोगको भावना विकास गर्दै लगिनेछ।
- सबै सामुदायिक विद्यालयका शिक्षकहरूको परिचय पत्रमा एकरूपता ल्याउन सबै शिक्षकलाई गाउँपालिकाद्वारा नै परिचयपत्र व्यवस्थापन गरिनेछ।
- भ्रमणले मानिसमा रहेको ज्ञानको दायरा अभिवृद्धि गर्ने हुँदा शिक्षकहरूलाई अध्ययन अवलोकन भ्रमणको अवसर प्रदान गरिनेछ।
- गाउँपालिकाभरका शिक्षकहरूको सरुवा सम्बन्धी मापदण्ड बनाई आवश्यकता बमोजिम एक अर्को विद्यालयमा सरुवा गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ।
- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकलाई निरन्तरता दिई लागू गरिनेछ।

## ४.२ स्वास्थ्य तर्फः

- जेष्ठ नागरिक तथा असहाय वर्गको स्वास्थ्य अवस्था जाँच तथा उपचारको लागि घर दैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरूको मनोबल बढाउन हाल कार्यान्वयनमा रहेको अवकाश पश्चात दिईने सुविधा निरन्तर गरिनेछ। साथै सेवारत महिला स्वास्थ्य स्वयंसेविकालाई सञ्चार खर्च उपलब्ध गराइनेछ।
- स्वास्थ्य संस्था तथा ईकाइहरूको भौतिक सुविधा व्यवस्थित बनाई, स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ बनाउने तथा निःशुल्क वितरण गरिने औषधि र औजार उपकरणको उपलब्धता नियमित गरिनेछ।
- शत प्रतिशत आमाहरूलाई स्वास्थ्य संस्थामा सुत्केरी (Zero Home Delivery)गराइ पूर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका निर्माण गर्न कार्यक्रम ल्याइनेछ। गाउँपालिका भित्रकै स्वास्थ्य संस्थामा सुत्केरी हुन जाँदा निःशुल्क एम्बुलेन्सको सुविधा उपलब्ध गराइनेछ। गाउँपालिका भित्रका स्वास्थ्य संस्थाबाट अन्यत्र रेफर भएकोमा समेत सो सुविधा निःशुल्क प्रदान गरिनेछ।
- आमा समूहलाई सुदृढिकरण गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी स्वास्थ्य शिक्षा प्रवर्द्धन गर्न स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका दुबै परिचालन गर्ने व्यवस्था मिलाइनेछ।
- गर्भवती महिलाहरूले गर्नुपर्ने अनिवार्य जाँच गराउन स्वास्थ्य संस्थामा आउँदा र सुत्केरी सेवा लिँदा पोषण कार्यक्रम तथा क्याल्सियमबाट प्रोत्साहित गरिनेछ।
- गर्भवती महिलाहरूको आधारभूत जाँच तथा भिडियो एक्सरे सेवा निःशुल्क गरिनेछ।
- मनहरी गाउँपालिकाको अति बिकट वडा नं ६ को रूपाचुरी बालभञ्ज्याङ क्षेत्रका गर्भवती महिलालाई स्वास्थ्य संस्थामा संस्थागत सुत्केरी हुन आउँदा थप प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

- उत्तर प्रसूति घर भेट सेवा कार्यक्रमलाई निरन्तर गरिनेछ। सुत्केरी भेटघाट कार्यक्रम अन्तर्गत पोषण सामग्री सहित घरभेट कार्यक्रम आयोजना गरिनेछ।
- विवाहित महिलाहरूमा हुन सक्ने पाठेघरको मुखको क्यान्सर तथा यौन जन्य रोगहरूको समयमै पहिचान गरी उपचारमा ल्याउन स्क्रिनिङ क्याम्प तथा कार्यक्रम सञ्चालन गरिनेछ।
- पूर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता तथा दिगोपना कायम राख्न २ वर्ष मुनिका सबै बालबालिकालाई खोपको पहुँचमा ल्याउन गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाई प्रभावकारी बनाइनेछ।
- विगतमा झैँ गरिबसँग विश्वेश्वर स्वास्थ्य बीमा कार्य्रक्रम मार्फत् विपन्न घर परिवारको निःशुल्क स्वास्थ्य बीमा सेवा प्रदान गर्न प्रिमियम गाउँपालिकाको तर्फबाट भुक्तानी गर्ने व्यवस्था गरिनेछ। सहीद, घाइते तथा वेपत्ता परिवारलाई समेत यस कार्यक्रमबाट लाभ प्राप्त गर्ने अवसर प्रदान गरिनेछ।
- १५ शैयाको मनहरी अस्पताल निर्माणको काम सम्पन्न नहुँदा सम्म अस्थायी अस्पतालबाट सेवा प्रवाहलाई निरन्तरता दिइनेछ। साथै मनहरी अस्पतालमा अन्तरङ्ग सेवा सञ्चालनमा ल्याइनेछ, जसको लागि आवश्यक भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन गरिनेछ। मनहरी अस्पतालमा फिजियोथेरापी सेवा समेत सञ्चालनमा ल्याइनेछ।
- मनहरी अस्पतालमा ओ.पि.डि. सेवा विस्तारलाई निरन्तरता दिई सुविधामा बढोत्तरी गरिनेछ।
- हाँडिखोला स्वास्थ्य चौकीबाट सञ्चालनमा रहेको गर्भवती महिलाहरूको लागि निःशुल्क भिडियो एक्सरे सेवा निरन्तर गरी मनहरी अस्पतालबाट पनि उक्त सेवा सञ्चालनमा ल्याइनेछ।
- प्रदेश सरकारको पहलमा स्थापना भएको मनहरी ९ मा स्थापित नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गरिनेछ।
- गाउँपालिका क्षेत्रमा मानवीय स्वास्थ्यलाई हानी पुऱ्याउने गुट्खा, पानपराग जस्ता पदार्थको बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ।
- गाउँपालिकाभित्र मोतिया बिन्दु भएका नागरिक फेला परेमा निजहरूको मोतिबिन्दुको निःशुल्क शल्यकृया हुने व्यवस्था मिलाइनेछ। मनहरी ७ मा स्थापित आँखा अस्पतालाई भौतिक पूर्वाधार सहित थप सुदृढ बनाई बिषेशज्ञ सेवाको पहुँच अभिवृद्धि गरिनेछ। आँखा अस्पताको सेवालाई साबिक हाँडीखोला क्षेत्रमा समेत मासिक २ पटकसम्म सञ्चालन हुने गरी बिस्तार गरिनेछ।
- रेडक्रससँगको सहकार्यमा ब्लड बैंक सञ्चालनमा सहयोग र रगत आवश्यक पर्ने नागरिकहरूलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। आबश्यकता अनुसार रक्तदान शिविर सञ्चालन गरिनेछ। मनहरी अस्पताल र रेडक्रससँगको सहकार्यमा एक रक्त सञ्चार केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ।
- आवश्यक देखिएको वडाका टोलमा विभिन्न रोगका (सर्ने/नसर्ने) निदान तथा परामर्श स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- सूचना प्रविधिको माध्यमबाट स्वास्थ्य सेवा पाउने नागरिक र सेवाका सूचनाहरू अद्यावधिक गरिनेछ।
- मानवीय स्वास्थ्य तर्फ भैपरी आउने विपद् व्यवस्थापन र महामारीजन्य रोग रोकथाम तथा नियन्त्रण गर्न द्रुत प्रतिकार्य टोलि गठन गरिनेछ।
- कडा रोग लागेका गरिव तथा अतिविपन्न तथा पूर्ण अशक्त असहाय परिवारको बिरामीलाई विशेषज्ञ अस्पतालसम्म पुऱ्याउनको लागि एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट गरिनेछ।

- हाँडिखोला स्वास्थ्य चौकी लगाएत आधारभूत स्वास्थ्य केन्द्रहरूलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- बालअधिकार सुनिश्चित गर्न, गर्भवती महिलाको स्वास्थ्य अवस्थामा सुधार गर्न र मातृशिशु पोषण अभिवृद्धि तथा घरेलु शान्ति स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**४.३ महिला तर्फः**

- महिला जनप्रतिनिधि तथा विषय समितिका महिला पदाधिकारी अन्य नेतृत्व विकास तथा क्षमता विकास सम्बन्धी तालिमको माध्ययमबाट सशक्तिकरण गरिनेछ ।
- दिगो विकासका लक्ष्य १५ औं आवधिक योजनाका तथा बेइजिङ घोषणाका धाराहरू सम्बन्धी मनहरी गाउँपालिकाका प्रत्येक जनप्रतिनिधिहरू र कर्मचारीहरू तथा विषयगत समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण प्रदान गरिनेछ ।
- घरेलु हिंसा पीडित महिलाहरूलाई न्यायमा पहुँच दिलाई आवश्यकता बमोजिम पालिका भित्रकै सेफ हाउसमा आश्रय दिई सकेसम्म मेलमिलापको माध्यमबाट परिवारमा पुनःस्थापना गरिनेछ । यसका लागि मनहरी गाउँपालिकामा सञ्चालन भएका सेफ हाउसहरूलाई अनुदान रकम व्यवस्था गरिनेछ । साथै हिंसा पीडित महिलाहरूको लागि मागमा आधारित विभिन्न खाले सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउन सहयोग गरिनेछ ।
- महिलाहरूलाई उद्यमशीलता तालिम प्रदान गरी व्यवसायी बन्न प्रेरित गरिनेछ । बेचबिखनमा परेका, बहुविवाहका कारण हेलत्वमा परेका, विभिन्न खाले हिंसाको सिकार भई संरक्षणको आवश्यकता परेका महिलाहरूको लागि जिविकोपार्जन तथा आय आर्जन हुने कृयाकलापमा संलग्न गरिनेछ ।
- सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता कक्षा र मनोसामाजिक परामर्श कक्षामा सहभागी महिलालाई लक्षित गरी स्वरोजगारमूलक कार्यक्रम ल्याइनेछ ।
- योजना कार्यक्रमहरूमा महिलाको कार्यबोझ घट्ने योजना कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- हिन्दू महिलाहरूको महान पर्व हरितालिका तीजलाई महिला अधिकारको सचेतना जगाउने अवसरको रूपमा उपयोग गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाको अधिकार सुनिश्चित गर्न स्थापित विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय दिवसहरूको अवसरमा वडा तथा गाउँपालिकास्तरमा विभिन्न दिवसिय कार्यक्रम सञ्चालन गरी मनाइनेछ ।
- महिलाका सवालका कार्यक्रमहरू कार्यान्वयन गर्दा आवश्यकता अनुसार गाउँपालिका स्तरीय महिला समन्वय समितिको समन्वयमा गरिनेछ ।
- गत आ.व. मा सञ्चालित आधारभूत तालिमहरूलाई एड्भान्स तालिम दिई दक्ष सीप प्रदान गरी महिला शसक्तिकरणका लागि पूँजी प्रविधि हस्तान्तरण मार्फत् महिलाहरूलाई व्यवसायी बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला हिँसा, घरेलु हिँसा, लैङ्गिक हिँसा लगायत बालिका माथि हुने यौनजन्य हिँसा विरुद्धका विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि पर्चा, पम्प्लेट तथा स्टीकर समेत छपाई गरी प्रचार प्रसार गरिनेछ ।
- महिलाको क्षेत्रमा क्रियाशील अगुवा महिलाहरूलाई नेतृत्व विकास तालिम तथा क्षमता अभिवृद्धि तालिम र अध्ययन अवलोकन भ्रमणको अवसर प्रदान गरिनेछ ।

- स्वच्छ महिनाबारी व्यवस्थापनका लागि गाउँपालिकाको पहलमा उद्यमी महिला समूह गठन गरी स्यानिटरी प्याड उत्पादन गर्ने मेशिन तथा तालिम प्रदान आवश्यक व्यवस्था गरिनेछ।

## ४.४ बालबालिकाः

- नेपालकै पहिलो बालमैत्री घोषणा भएको गाउँपालिका भएको प्रतिष्ठालाई जोगाई राख्न बालबालिकाहरूलाई घोषणाका सूचक बमोजिमका न्यूनतम सेवा, सुविधा र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- बालबालिकाका सबाल कार्यान्वयन गर्न आ.व. २०७९/०८० मा गठन तथा पुनर्गठन भएका गाउँपालिका स्तरीय बाल सञ्जाल तथा वडा वडामा रहेका बाल क्लब र बाल सञ्जालहरूलाई प्रोत्साहित गरी बालमैत्री स्थानीय शासन घोषणालाई जीवन्त बनाई दिगो बनाउन र टिकाउन आवश्यकता अनुसार बालमैत्री सहजकर्ताहरूको व्यवस्थापन र परिचालन गरिनेछ साथै बालक्लव तथा बालक्लव सञ्चालकहरूको क्षमताका विकास, एक्यवद्धता, दर्ता नविकरण तथा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरिनेछ।
- गाउँपालिकाबाट जारी भएका बाल संरक्षण (अनुगमन, उद्धार, आपतकालीन सहयोग तथा पुनःस्थापना) कार्यविधि, २०७८ र बाल श्रम निबारण सम्बन्धी कार्ययोजना, २०७८, बालकोष सञ्चालन कार्यविधि लगायत बालबालिका सम्बन्धी कानूनहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- गाउँ बाल संरक्षण समिति, वडा बाल संरक्षण समिति लगायत बाल अधकारका लागि गठीत समितिहरू, बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरू सबैको सकृयता बढाउने वातावरण सिर्जना गरिनेछ। बालबालिका सम्बन्धी ऐन बमोजिम बाल कल्याण अधिकारीको भूमिका व्यवस्थापन गरिनेछ।
- बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई बालबालिका विरुद्धको हिंसा, बाल दुर्व्यबहार, विद्युतीय माध्यमबाट हुने यौन शोषण, बाल मनोविज्ञान र मनोबिमर्श जस्ता विषयमा सचेतनामूलक तालिम तथा अवलोकन भ्रमण जस्ता कार्यक्रम राखिनेछ। कम्तीमा एक वडामा बालमैत्री उद्यान बनाउन सुरु गर्ने गरी बजेटमा सम्बोधन गरिनेछ।
- बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई क्षमता विकासका कार्यक्रम सचालन गरी उत्कृष्ट कार्य गर्ने बालक्लवलाई सम्मान गरिनेछ।
- राष्ट्रिय बाल दिवस भाद्र २९ अन्तर्राष्ट्रिय बाल दिवस नोभेम्बर २० अन्तर्राष्ट्रिय बालिका दिवस ११ अक्टोबर सामाजिक सुरक्षा सप्ताह २५ देखि २८ नोभेम्बरमा विविध कार्यक्रम सञ्चालन गरिनेछ।
- नेपालको कानून बमोजिम विद्यालय तथा सार्वजनिक कार्यालयको १०० मि वरपर जाँडरक्सी, चुरोट, सुर्ती, खैनी बेचविखनमा प्रतिबन्ध लगाउने तथा १८ वर्ष भन्दा मुनिकालाई विक्री वितरण नगर्न परिपत्र तथा जनचेतनात्मक कार्य सञ्चालन गरिनेछ।
- बालबालिका, युवा, किशोर किशोरीको लागि लागूपदार्थ दुर्व्यसनी, अनलाईन सुरक्षा, बालविवाह, हिंसामुक्त गाउँपालिका बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिका क्षेत्रमा कार्यान्वयन गरिने भौतिक सामाजिक क्रियाकलापमा बालबालिकाको सर्बोत्तम हितलाई प्राथमिकता दिई संस्थागत रूपले बालबालिकाबाट उठाइएका सवाललाई कार्यान्वयन गर्न ध्यान दिइनेछ।

- हिंसा, दुर्व्यवहार तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि परामर्श, उद्धार, संरक्षण, कानूनी सहायता जस्ता कार्यका लागि बाल हेल्पलाईन सेवा (१०९८) र बालबालिका खोजतलास केन्द्र (१०४) मा समन्वय गर्ने र अस्थायी संरक्षण तथा पुनःस्थापना केन्द्र सञ्चालनको सुनिश्चितता गर्ने व्यवस्था मिलाउनका लागि गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्न संस्थासँग समन्वय र सहाकार्य गरिनेछ।
- अभिभावक बिहीन टुहुरा बालबालिकालाई विशेष संरक्षणको व्यवस्था गर्न निःशुल्क स्वास्थ्य र शिक्षाको सेवा उपलब्ध गाराईनेछ।
- घटना दर्ता प्रणालीलाई थप व्यवस्थित बनाई कानूनमा उल्लेखित अवधि भित्रनै घटना दर्ता गर्न अभिप्रेरित गरिने गरी अभियानहरू सञ्चालन गरिनेछ।

## ४.५ अपाङ्गता भएका नागरिकः

- अपाङ्गता परिचय पत्र जारी गर्ने कार्यलाई सरल र निरन्तर रूपमा सञ्चालन गरिनेछ।
- पालिका स्तरीय अपाङ्गता समन्वय समिति मार्फत् सहायता सामग्री आवश्यक पर्ने व्यक्तिलाई निःशुल्क सहायता सामग्री उपलब्ध गराइनेछ। गाउँपालिका क्षेत्रमा निर्माण हुने सरकारी भवन लगायत संरचनाहरूलाई अपाङ्ग मैत्री बनाउन प्राथमिकता दिइनेछ।
- पूर्ण अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनका विविध पक्षमा सहयोग पुऱ्याउन अपाङ्ग सहयोगी परीचारक व्यवस्था गरिनेछ। अपाङ्गता भएको व्यक्तिको लागि सहयोग गर्न नियुक्त व्यक्तिगत सहयोगी सम्बन्धी कार्यविधिको कार्यान्वयनबाट निजहरूलाई उपलब्ध गराउनु पर्ने सेवालाई थप बिस्तार तथा व्यवस्थित गरिदै लगिनेछ।
- अपाङ्गता भएका व्यक्तिको जीवन सहज बनाउन सीपमूलक तालिम, सचेतना गोष्ठी, क्षमता विकास लगायत निजहरूको आबाज सुन्न जनप्रतिनिधीसँग अन्तरकृया जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। निजहरूको आत्म सम्मान उँचो राख्न आयमूलक कार्यक्रममा जोड्ने प्रयत्न गरिनेछ।
- पहेँलो कार्ड पाउने अपाङ्गता भएका व्यक्तिलाई आन्तरिक श्रोतबाट यथासक्य निर्बाह भत्ताको व्यवस्था गर्ने पहल गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित दिवसमा विभिन्न कार्यक्रम सञ्चालन गरी मनाइनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित दिवसमा विभिन्न कार्यक्रम सञ्चालन गरी मनाइनेछ।
- मनहरी गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरूलाई सही पहिचान सहितको परिचयपत्र सहज रूपमा उपलब्ध गराउन घुम्ति शिविर सञ्चालन गरिनेछ।
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य तथा हेरचाहलाई विचार गरी पोषणयुक्त खानेकुरा सहित घरभेट कार्यक्रम सञ्चालन गरिनेछ।

## ४.६ जेष्ठ नागरिकः

- जेष्ठ नागरिकहरूको आत्म सम्मानलाई उच्च बनाउन उचित सम्मानका कार्यक्रम कार्यान्वयन गरिनेछ।
- जेष्ठ नागरिक सहायता कोषको स्थापना गरी निजहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण, नियमित खाने औषधिको निःशुल्क वितरणको व्यवस्थालाई निरन्तरता दिइनेछ।

- संघीय सरकारबाट कार्यान्वयन गरिने जेष्ठ नागरिक भत्ताको वितरणलाई सहज बनाउन वडा कार्यालय र बैंकहरूसँगको सहकार्यमा सकेसम्म अति अशक्त जेष्ठ नागरिकलाई घर दैलोमै भत्ता उपलब्ध गराउने प्रयास गरिनेछ।
- सन्तान बिहिन तथा संरक्षक बिहिन आमा बुवाहरूलाई आवश्यकता अनुसार आश्रय घरमा सुरक्षित रूपमा राख्ने व्यवस्था मिलाइनेछ। जेष्ठ नागरिकलाई हुने विभिन्न दुर्व्यवहार विरुद्धका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिक परिचय पत्र बनाउने कार्यमा सरलता कायम गरिनेछ। वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सेवा लिन आउने सेवाग्राही मध्ये जेष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिई सेवा प्रदान गरिनेछ।
- ज्येष्ठ नागरिकहरूसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू विभिन्न कार्यक्रम सञ्चालन गरी मनाइनेछ।
- गाउँपालिका भित्रका सामाजिक क्षेत्रमा क्रियाशील ज्येष्ठ नागरिकहरूलाई सम्मान गरिनेछ। साथै ज्येष्ठ नागरिकहरूको उचित स्याहार तथह हेरचाह गर्ने सन्तानलाई प्रोत्साहन स्वरूप पुस्कृत गरिनेछ।
- जनप्रतिनिधिसँग जेष्ठ नागरिकको सम्बन्ध स्थापित गर्न जेष्ठ नागरिकहरूलाई पोषण प्याकेज सहित घरभेटमा जाने कार्यको थालनी गरिनेछ।
- जेष्ठ नागरिक समन्वय समिति गठन गरी परिचालन गरिनेछ। ज्येष्ठ नागरिकको अनुभव उपयोग गर्ने तथा जेष्ठ नागरिक सम्मानका कार्यक्रम सञ्चालन गरिनेछ।

### ४.७ दलित समुदायः

- दलित समुदायसँग रहेको परम्परागत सीपलाई व्यवसायिकरण गर्ने कार्यक्रम कार्यान्वयन गर्न दलित समन्वय समितिसँगको सहकार्यमा आरन सुधार लगायतका योजना बनाई कार्यान्वयन गरिनेछ।
- आर्थिक रूपले विपन्न दलित समुदायका बालबालिकालाई छात्रवृत्ति तथा शैक्षिक सामग्रीको सहयोगबाट पठन-पाठनमा प्रोत्साहित गरी कक्षा छाड्ने प्रबृतिलाई निरुत्साहित गरिनेछ।
- समाजमा अझै सम्म विद्यमान रहेको छुवाछुत तथा जातिय विभेद जस्ता कुरीति र अन्धविश्वासलाई हटाउन धार्मिक संजाल सहितको सहभागितामा वडा स्तरमा सहभोज जस्ता कार्यक्रम आयोजना गरिनेछ।
- दलित समन्वय समितिको सकृयतामा सो समुदायको समुत्थानको लागि सुझाव संकलन गरी योजनाबद्ध कार्यान्वयन गर्न जनप्रतिनिधीसँग अन्तरकृया सञ्चालन गरिनेछ।
- अति विपन्न अवस्थामा जीवन यापन गरिरहेका दलित परिवारको विवरण संकलन गरी आय आर्जनको कृयाकलापमा सहयोग गरिनेछ।
- भूमिहीन दलितलाई राष्ट्रिय भूमि आयोगको समन्वयमा जग्गाधनी पुर्जा वितरणको प्रकिया अगाडि बढाइनेछ।

### ४.८ आदिबासी जनजातिः

- आदिबासी जनजातिहरूलाई सम्मान पुग्ने कार्यक्रम व्यवस्थित रूपले सञ्चालन गर्न गाउँपालिका स्तरीय आदिबासी जनजाति समन्वय समितिलाई सकृय बनाईनेछ।
- आदिबासी जनजातिहरूको बिशिष्ट पहिचान झल्काउने सांस्कृतिक बस्तु, परम्परागत कला तथा पुराना प्रयोगका सामग्रीहरू रहने गरी एक संग्रहालय स्थापनाको सुरुवात गरी बृहत बनाउन प्रदेश तथा संघ सरकारमा पहल गरिनेछ।

- अति विपन्न वर्गका आदिबासी जनजाति परिवार पहिचान गरी उनीहरूका बालबालिकालाई विद्यालय तथा उच्च शिक्षा र परिवारलाई स्वास्थ्य बीमामा सहयोग गरिनेछ। साथै आय आर्जनको कृयाकलापमा सहयोग गरिनेछ।
- आदिबासी जनजातिको परम्परा तथा पहिचान झल्कने सांस्कृतिक कार्यक्रम तथा महोत्सबको अवसरमा उचित सहयोग प्रदान गरिनेछ।

## ४.९ अल्पसंख्यक समुदाय/मुस्लिमः

- गाउँपालिका क्षेत्रमा बसोबास गर्ने चेपाङ्ग, बोटे, वनकरीया जस्ता अल्पसंख्यक समुदायलाई मूलप्रवाहिकरण गर्ने योजनाहरू कार्यान्वयन गरिनेछ।
- वनकरीया बस्तीमा रहेको होम स्टेलाई थप व्यवस्थित बनाई सञ्चालनको लागि प्रचार प्रसारमा सहयोग गरिनेछ।
- बोटे समुदायको नमुना बस्तीलाई पर्यटकीय रूपमा विकास गर्ने र कृषि तथा माछा पालन कार्यमा सहयोग गरी आय आर्जन बढाउने कृयाकलापमा सहयोग गरिनेछ।
- चेपाङ्ग समुदायलाई सहयोग पुग्ने उपयुक्त सुझावहरू संकलनको लागि सो समुदायका अगुवा नागरिकहरू सहभागी बनाई जनप्रतिनिधीसँग अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ।
- राष्ट्रिय भूमि आयोगको समन्वयमा भूमिहीन सुकुम्बासीलाई जग्गाधनी पूर्जा वितरणमा अल्पसंख्यक समुदायलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिका क्षेत्रमा रहेका थोरै संख्याका मुस्लिम/ इसाई समुदायलाई सम्मान पुग्ने योजनाहरू कार्यान्वयन गरिनेछ।
- मुस्लिम समुदायले प्रार्थना गर्ने मस्जिद तथा अन्तिम संस्कार गर्ने कब्रस्थानको उचित व्यवस्थापनमा सहयोग पुऱ्याइनेछ। मुस्लिम समुदायको धार्मिक तिर्थयात्रामा सहयोग गरिनेछ।
- मुस्लिम समुदायका बालबालिकाको शिक्षामा सहयोग, परिवारलाई स्वास्थ्य बीमा, मदरसा सञ्चालन, पहिचान कायम राख्ने तथा अन्य आवश्यक विषयमा समुदायका अगुवाहरूको सुझाव बमोजिम कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- मुस्लिम महिलालाई लक्षित गरी आधारभूत तथा एडभान्स लेभलको सीपमूलक तालिम सञ्चालन तथा आय आर्जनको कृयाकलापमा सहयोग गरिनेछ।
- अल्पसंख्यक समुदायले गर्ने व्यवसाय संरक्षणको लागि आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ।

## ४.१० संस्कृति प्रवर्द्धनः

- समाजमा रहेको सांस्कृतिक विविधतालाई जीवन्त राख्दै धार्मिक सदभाव बढाउन समाजमा एक आपसको धर्म र संस्कृतिलाई सम्मान गर्ने भावना जागृत गर्न सचेतना कायम गरिनेछ।
- हिन्दु, बौद्ध, क्रिश्चियन र मुस्लिम धर्मका धर्मगुरुहरू सहभागी गराई समाजमा विद्यमान धार्मिक सहिष्णुता दीगो बनाउने कृयाकलाप सञ्चालन गरिनेछ।
- धार्मिक समुदाय तथा जातिगत समुदायबाट मनाईने बडा दशैं, लोह्सार, बुद्ध पूर्णिमा, क्रिस्मस, इदउल फित्र, न्वागी

आ-आफ्नो सांस्कृतिक चाड, पर्व र धार्मिक दिवसहरूमा शुभकाना आदान प्रदान तथा पर्व प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

- मठ मन्दिर, गुम्बा, चर्च, गिर्जाघर, मस्जिद मदरसा, मरणघाट, बिश्राम पाटी, धार्मिक स्मारक, जातिगत गुठी, संग्राहालय जस्ता संरचनालाई भौतिक निर्माण तथा मर्मत कार्यमा यथासक्य सहयोग गरिनेछ।
- सबै समुदायको भाषा, कला, साहित्य, सांस्कृतिक आचरणको संरक्षणमा जोड दिइनेछ। प्राथमिक तहसम्म स्थानीय भाषामा अध्ययन अध्यापनमा सहयोग गरिनेछ। धार्मिक पर्यटन, परम्परा देखि चलेको धार्मिक जात्रा, पुरातात्विक महत्वको सम्पदा आदिको संरक्षण गरिनेछ।

## ४.११ खानेपानी तथा सरसफाई

- शुद्ध खानेपानी पाउने नागरिक अधिकारको सम्मान गर्दै वडागत रूपमा योजनामा बजेट बिनियोजन गर्दा सबै घरमा शुद्ध खानेपानी पुऱ्याउने कार्यालाई पहिलो प्राथमिकतामा राखिनेछ। खानेपानी आयोजनाहरूबाट वितरण हुने प्रणालीलाई व्यवस्थित बनाउन खानेपानी तथा सरसफाई समिति गठन तथा सञ्चालन गरिनेछ।
- विशेष गरी पिउने पानीबाट फैलने पानी जन्य रोगको संक्रमण हटाउन पानीको गुणस्तर परीक्षण तथा शुद्धिकरण गरी पिउने चेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम गरिनेछ।
- खुल्ला दिसामुक्त गाउँपालिका भएकोले अझै सम्म पनि शौचालयको व्यवस्था नगरेका घरमा शौचालय व्यवस्था गर्न दण्डात्मक तथा प्रोत्साहनको कार्यक्रम कार्यान्वयन गरिनेछ।
- पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउन सञ्चालन गर्नुपर्ने न्यूनतम भौतिक तथा सामाजिक गतिविधिहरू सञ्चालन गरिनेछ। हाल सञ्चालनमा रहेको ट्याक्टरबाट फोहर संकलन गर्ने कार्यलाई थप बिस्तार गरिनेछ।
- व्यक्तिगत सरसफाईको महत्व बारेमा समाजमा चेतना बढाई विद्यालयमा कक्षागत तथा व्यक्तिगत सरसफाई प्रतियोगिता अभ्यास सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- बृहत खानेपानी आयोजनाबाट सार्वजनिक स्थलमा वितरण हुने धारा जडान गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी गरिनेछ।
- एक घर एक धारा व्यवस्थापन गरी खेर जाने पानीको सदुपयोगबाट करेसाबारी प्रवर्द्धन हुने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

## ४.१२ सामाजिक समावेशीकरणका अन्य आयाम

- गाउँ पालिका स्तरको लैंगिक अल्पसंख्यकहरूको विवरण संकलन गरी आवश्यक सेवा सहयोगको कार्यक्रम कार्यान्वयन गरिनेछ।
- बागमती प्रदेश सुशासन केन्द्रको समन्वयमा तयार गरिने लैंगिक समानता तथा सामाजिक सामाजिकीकरण (GESI/लै.स.सा.स.)को पाँच वर्षीय रणनीतिक योजना स्वीकृत गरी उक्त रणनीतिक योजनामा उल्लेखित विधि तथा प्रावधानको आधारमा लैंगिक मैत्री गाउँपालिका बनाउने कृयाकलाप सञ्चालन गरिनेछ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराइएको स्थानीय तहका लागि सामाजिक समावेशीकरण नमूना नीति, २०७८ लाई आवश्यक परिमार्जन गरी कार्यान्वयन गरिनेछ।

- पालिकामा रहेका द्वन्द्व पीडित नागरिकलाई राज्यबाट नियमानुसार उपलब्ध सेवा सुविधाको पहुँचमा सहयोग र समन्वय गरिनेछ। सहीद परिवार, घाईते, अपाङ्ग तथा द्वन्द्व पीडित परिवारलाई उचित सम्मानको कार्यक्रमलाई निरन्तरता दिइनेछ। उनीहरूको परीबारका सदस्यलाई सीपमूलक तालिम मार्फत् आय आर्जनमा सहयोग पुऱ्याइनेछ।
- संघीय तथा प्रदेश सरकारबाट मनाइदै आएको जनयुद्ध दिवसलाई गाउँपालिकामा समेत विभिन्न कार्यक्रम गरी मनाइनेछ।
- संविधान दिवसको दिनमा पूर्व जनप्रतिनिधि सम्मान लगायत विभिन्न कृयाकलाप सञ्चालन गरी मनाइनेछ।
- गाउँपालिकाभरका एक निश्चित आम्दानी भएका जीवन गुजारामा समस्या परेका परिवारलाई लक्षित गरी विपन्न वर्ग परिवारको तथ्याङ्क अद्यावधिक गर्ने कार्य गरिने र अद्यावधिक विवरणमा समाबेश भएका परिवारलाई स्वास्थ्य बीमा, शिक्षण कृयाकलाप, जिविको पार्जनकालागि रोजगारी सिर्जना लगायतका कल्याणकारी कार्य सञ्चालन गरिनेछ।
- शहिद परिवार तथा द्वन्द्व पीडित परिवारको सम्बर्द्धन कार्यक्रममा सञ्चालन गरिनेछ।
- राज्यबाट विभिन्न लक्षित वर्गलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको वितरण प्रकृया सरल बनाउन एकीकृत सामाजिक सुरक्षा कार्यक्रम समन्वय समितिको गठन गरी सामाजिक सुरक्षा सम्बन्धी सबै कार्यहरूमा सहजीकरण गरिनेछ।
- रेडक्रस लगायत गैर नाफामूलक संस्थाहरूको कार्यक्रममा आवश्यक सहयोग र समन्वय गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकासः

### ५.१ मानव संसाधन विकास कार्यक्रमः

- गाउँपालिकाको निर्णय कार्यान्वयन, बजार अनुगमन तथा स्थानीय सुरक्षा समेतका आधारमा विश्लेषण गरी यसै आर्थिक वर्षमा नगर प्रहरीको संगठन संरचना अनुसारको दरवन्दी अनुसार करार सेवामा पदपूर्ति गरिनेछ।
- कर्मचारी तथा जनप्रतिनिधिहरूलाई आवश्यकता तथा आफ्नो विषयसँग सम्बन्धित विषयका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- कर्मचारीहरूको मनोबल उच्च राख्न मौद्रिक तथा गैर-मौद्रिक प्रोत्साहनलाई निरन्तरताका साथै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत समेत गरिनेछ।
- कृषि तथा पशु सेवालाई प्राथमिकतामा राखी प्रभावकारी सेवा प्रवाह गर्न मनहरी गाउँपालिका भित्र कम्तिमा २ वटा कृषि तथा पशु सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ।

### ५.२ सूचना प्रविधि, आमसञ्चार तथा अभिलेख व्यवस्थापनः

- सूचना प्रविधिको माध्यमबाट विद्युतीय सुशासन कायम गर्न गाउँपालिका तथा वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरूमा सूचना प्रविधिको उपयोग बढाइनेछ।
- अनलाईन कर प्रणालीलाई प्रोत्साहन गर्दै गाउँपालिका तथा वडा कार्यालयहरूबाट गरिने सेवा प्रवाहमा एकरूपता ल्याउन एकिकृत व्यवस्थापन प्रणाली प्रयोगमा ल्याइनेछ।
- अभिलेख व्यवस्थापनलाई प्राथमिकतामा राखी चाहिएको बखत पाइने गरी व्यवस्था गरिनेछ।

- गाउँपालिका तथा वडा कार्यालयहरूबाट प्रवाह हुने सेवाको सन्दर्भमा सेवाग्राहीहरूमा उत्पन्न हुने द्धिविधाको अन्त्य गर्न डिजिटल नागरिक वडापत्र जडान गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ।
- वडा कार्यालयहरूको सुरक्षालाई मध्यनजर गर्दै सबै वडाहरूमा सि.सि. क्यामेरा जडान गरिनेछ।
- गाउँपालिकाका नीति कार्यक्रम लगायत महत्वपूर्ण सूचना तथा निर्णयहरूलाई सूचना प्रविधिको माध्यम प्रकाशन तथा प्रशारण गरी गाउँपालिकाको नीति तथा निर्णय भएको विषय वस्तुमा सर्वसाधारणको पहुँच अभिवृद्धि गरिनेछ।
- मुख्य बजार क्षेत्रमा सूचनापाटी स्थापना प्राथमिकता दिइनेछ। स्थापित सूचनापाटीको सुरक्षा व्यवस्था गर्न बत्ती सहित सि.सि. क्यामेरा जडान गरिनेछ।
- जिल्ला तथा गाउँपालिकामा प्रकाशित/प्रशारण हुने एफ.एम., पत्रिका, अनलाईन खबर लगायत माध्यमबाट गाउँपालिकाका गतिविधि सार्वजनिक गरी पारदर्शी बनाइनेछ।
- मनहरी गाउँपालिका क्षेत्रमा रही क्रियाशील पत्रकारहरूको क्षमता विकास र व्यवसायिकरणमा सहयोग पुऱ्याइनेछ।
- सूचना प्रविधि र आमसञ्चारको पहुँचबाट टाढा रहेका अति विपन्न, असहाय तथा सर्वहारा वर्गका समुदायबीच आमसञ्चारको पहुँच पुऱ्याउन विशेष कार्यक्रम ल्याइनेछ।
- साबिक हाँडीखोला क्षेत्रमा एफ.एम. रेडीयो सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- गाउँपालिको रक्त सञ्चारको रूपमा रहेको राजश्व, योजनालाई व्यवस्थित गर्न प्रयोग भएको सप्टवेयरहरूलाई परिमार्जित गर्दै कार्य सम्पादन छिटो, छरितो र प्रभावकारी गराइनेछ। उक्त कार्यक्रम सवै वडाहरूमा पनि सञ्चालन गरिनेछ।

### ५.३ गैर सरकारी संस्था तर्फः

- गैर सरकारी संस्थाहरूको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरू दुवै पक्षको सह लगानीमा गर्न सकिने गरी नीतिगत व्यवस्था गरिनेछ।
- पालिकाका लागू पदार्थ दुर्व्यसनमा फसेका युवा तथा त्यस्तो दुर्व्यसनमा जाने सम्भावना भएका नागरिकलाई लक्षित गरी गै.स.स.मार्फत् लागू पदार्थ दुर्व्यसन नियन्त्रण जस्ता सचेतना तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।
- मानव अधिकारको क्षेत्रमा क्रियाशील गै.स.स. मार्फत् मानव अधिकार संरक्षणका गतिविधिहरू र दिवसिय क्रियाकलापमा साझेदारी गरिनेछ।
- मानव बेचबिखन विरुद्धको गाउँपालिका स्तरीय समितिलाई क्रियाशील बनाई सरोकारवालाहरूलाई सहभागी बनाई मानव बेचबिखन विरुद्ध गोष्ठी सञ्चालन गर्ने, बेच बिखनमा परेकालाई उद्धार, उपचार, मनोसामाजिक परामर्श लगायत अस्थायी आश्रय तथा पुनःस्थापना लगायत सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गरिनेछ।
- पालिकालाई कार्यक्षेत्र बनाई स्वाथ्य, शिक्षा, सीप निर्माण, प्रविधि/पूँजी हस्तान्तरण, जिविको पार्जन, खाद्य सम्प्रभुता, मानव अधिकार, मानव बेचबिखन, महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक, सिमान्तकृत, आदिबासी जनजाति, लोपोन्मुख/अल्पसंख्यक, दलित आदि समुदायलाई प्रत्यक्ष सहयोग गर्ने, कृषि/पशुपालन आदीमा सहयोग गर्ने लगायत आफ्ना सामाजिक कृयाकलाप, सचेतनामूलक तथा प्रत्यक्ष जनजीविकाका सवालमा आफ्नै श्रोतबाट

कार्यान्वयन गर्ने स्थानीय सामुदायिक तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग कार्यक्रममा दोहोरोपना नहुने गरी समन्वय र सहकार्य गरिनेछ।

- बेरुजु सुशासन कायम गर्ने सन्दर्भमा यसको फछ्र्यौटका लागि प्राथमिकता दिइनेछ।
- गैर सरकारी संस्थाका कृयाकलापलाई कार्यक्रम कार्यान्वयन पूर्वस्वीकृति लिने, सामूहिक कार्यक्रमको समीक्षा तथा अनुगमन गर्ने र सम्पन्न पश्चात प्रतिवेदन बुझाउनु पर्ने गरी पारदर्शिता कायम आवश्यक व्यवस्था गरिनेछ।
- गैर सरकारी संस्थाहरूको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरू दुवै पक्षको सह लगानीमा गर्न सकिने गरी नीतिगत व्यवस्था गरिनेछ।
- गाउँपालिकालाई कार्यक्षेत्र बनाई लामो समयका सामाजिक विकास कार्यको परियोजना सहित परिचालन भएका गै.स.स.लाई विशेष प्राथमिकता दिई सहकार्य गरिनेछ।
- सामाजिक/आर्थिक विकासको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने गैरसरकारी संस्थालाई सम्मान सहित पुरस्कृत गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र कार्यरत बाणिज्य बैंक, विकास बैंक, लघुबित्त संस्था, सहकारी जस्ता वित्तीय संस्थाहरूको विशेष अनुगमन गरी निजहरूबाट प्रवाह हुने सेवा गुणस्तरीयताको लागि आपसी अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ।

## ५.४ सार्वजनिक निजी साझेदारीः

- गाउँपालिकाबाट निर्माणाधिन शीत भण्डारको सञ्चालन तथा व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, आन्तरिक राजस्व परिचालन, लगायतका क्षेत्रमा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गरिनेछ। साथै विगतमा झैं यस वर्ष पनि जन लागत सहभागिताका क्षेत्रमा बजेट बिनियोजन गरिनेछ।
- निर्वाहमुखी कृषिलाई रूपान्तरण गर्न व्यावसायिक रूपमा तरकारी खेती, कुखुरापालन, माछापालन, पशुपालनका क्षेत्रमा आवश्यक तालिम तथा प्रविधि सहयोगलाई प्राथमिकता दिइनेछ।
- गलैचा, दुना टपरी, स्वेटर, तयारी पोशाक जस्ता आय आर्जन हुने र रोजगारी सृजना हुने उद्योग स्थापना र सञ्चालनमा निजी क्षेत्रले साझेदारी गर्न चाहेमा निश्चित कार्यविधि र मापदण्ड बनाई साझेदारी गरिनेछ।
- जनतासँग प्रत्यक्ष जोडिएर विकास निर्माणको काममा संलग्न हुन पर्ने अध्यक्ष/उपाध्यक्ष हरूले कतिपय बजेट नीति कार्यक्रममा नसमेटिएका योजनाहरूलाई सम्बोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- विगतमा गाउँपालिकाले खरिद गरी प्रयोगबिहीन अवस्थामा रहेको स्वेटर बुन्ने मेशिनको सञ्चालन गर्न सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम स्थानीय युवा समूह वा सहकारीसँगको सहकार्यमा सदुपयोग गरिनेछ।

## ५.५ आन्तरिक स्रोत परिचालन तर्फः

- राजश्व परामर्श समिति र राजश्व शाखालाई सुदृढ, सक्षम र प्रविधि मैत्री बनाउँदै सम्पत्ती कर, विज्ञापन कर, व्यवसाय कर, घर बहाल करलाई व्यवस्थित रूपमा संकलन गर्न वडा कार्यालयहरूको क्षमता विकास गरिनेछ। करको दायरा फराकिलो पार्न यसै वर्षभित्र करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ।
- करको दर परिमार्जन नगरी करका दायराहरू फराकिलो पार्न नयाँ स्रोतहरूको पहिचान गरिनेछ।

- ढुङ्गा, गिट्टी, वालुवाको बिक्री शुल्क संकलनलाई अनलाईन तथा अफ लाईन सप्टवेयर मार्फत् रसिद काट्ने र राजश्व नाकामा सि.सि. क्यामरा मार्फत् अनुगमनलाई कडाई गरिनेछ।
- बेलावखतमा कर शिविर आयोजना गरी समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसलास्वरूप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई अगाडि बढाइनेछ।

## ५.६ न्यायिक सेवा, संगठन तथा सुशासन तर्फ

- स्थानीय न्यायिक समिति मार्फत् शान्ति, सद्भाव र न्यायको अनुभूति गर्न सक्ने वातावरण निर्माण गरिनेछ।
- वडास्तरीय मेलमिलाप केन्द्रलाई सक्रिय बनाई वडाबाट नै न्यायिक कार्य सम्पादन गरिनेछ।
- मेलमिलापकर्ता तालिम प्राप्त व्यक्तिहरूको सूचीकृत गर्दै जन प्रतिनिधि तथा मेलमिलाप कर्ताहरूलाई न्यायिक प्रकृया तथा कानूनी विषयहरूमा तालिम प्रदान गरिनेछ।
- न्यायिक सेवाबाट टाढा रहने सम्भावना भएका लक्षित समुदाय तथा आम नागरिकहरूमा न्यायिक समितिसँगको सम्बन्धबारे सचेतनामूलक कार्यक्रम गरिनेछ।
- वडा स्तरमा न्यायिक समिति तथा मेलमिलापकर्ताबाट निरूपण हुन सक्ने विवादहरूको सूची उल्लेख गरी होर्डिङ्गबोर्ड स्थापना गरिनेछ।
- गाउँपालिकाबाट सम्पादन भइरहेको न्यायिक कृयाकलापको प्रभावकारीता बारे राजनैतिक दल, सुरक्षाकर्मी, अगुवा महिला, बाल सञ्जाल, मानव अधिकार कर्मी, जनप्रतिनिधि सहित कानूनविदको सहभागितामा अन्तरकृया कार्यक्रम आयोजना गरिनेछ।
- स्थानीय न्यायिक निरूपणमा महिला, दलित, जेष्ठ नागरिक, बालबालिका, द्वन्द्व पीडित तथा जेष्ठ नागरिकलाई पहिलो प्राथमिकतामा राखि सेवा प्रवाह गरिनेछ।
- न्यायिक समिति पदाधिकारी, मेलमिलापकर्ता तथा न्यायिक सहजकर्ताहरूलाई नमूना न्यायिक कार्यसम्पादन भएका पालिकाहरूमा अनुभव आदान प्रदान भ्रमण कार्यमा सहभागी गराइने छ।
- मनहरी ३ लामिटारमा हाल सञ्चालन भइरहेको न्यायिक इजलासको भौतिक सुधार गर्दै आवश्यक साधन श्रोतले व्यवस्थित बनाइनेछ।
- स्थानीय तहका कर्मचारीहरूको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र नागरिक वडापत्र गाउँपालिकाको सबै वडामा अनिवार्य व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- उच्च स्तरको कार्यसम्पादनमा रहेका कर्मचारीलाई प्रोत्साहन भत्ता उपलव्ध गराइदै आएकोमा, प्रोत्साहन भत्ता रकम र नगद पुरस्कार तथा सम्मानको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- कार्यसम्पादन संतोषजनक रहेका करार सेवाका कर्मचारीहरूको सेवालाई निरन्तरता दिइनेछ।

- गाउँपालिकाद्वारा तयार भएको व्यवस्थापन तथा सर्वेक्षणलाई स्वीकृत गरी सो अनुसारको दरवन्दी पदपुर्ती प्रकृयालाई अगाडि बढाइनेछ ।
- गाउँपालिकाको हालसम्मको महालेखा परीक्षकबाट औल्याईएका बेरुजुलाई लेखा समिति मार्फत् गाउँसभामा लगी नियमित गर्ने कार्य निरन्तर गरिनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवनको लागि आवश्यक जग्गा प्राप्ति लगायतका कार्य सम्पन्न गरी दुई वर्षभित्र भवन निर्माण सम्पन्न गरिनेछ ।
| १९.२ | व्यवसायिक रूपमा कविराज सेवा प्रदान गर्नेहरूका लागि | ५००.०० | |
| २० | **इन्जिनियर** | | |
| २०.१ | ईन्जिनियरिङ्ग कन्सल्टेण्ट दर्ता गरी सेवा प्रदान गर्नेहरूका लागि | ३०००.०० | |
| २१ | **कानून व्यवसायी** | | |
| २१.१ | अभिवक्ताहरूलाई | ५००.०० | |
| २१.२ | अधिवक्ताहरूलाई | १०००.०० | |
| २२ | **लेखा परीक्षक** | | |
| २२.१ | क वर्गको लागि | १५००.०० | |
| २२.२ | ख वर्गको लागि | १०००.०० | |
| २२.३ | ग वर्गकको लागि | ५००.०० | |
| २२.४ | घ वर्गको लागि | ३००.०० | |
| २३ | **अनुसन्धानकर्ता तथा परामर्शदाता** | | |
| २३.१ | वैदेशिक रोजगार परामर्शदाता | १५००.०० | |
| २३.२ | वैदेशिक अध्ययन परामर्शदाता | १५००.०० | |
| २३.३ | तालिम तथा अनुसन्धान केन्द्रहरू | १५००.०० | |
| २४ | **कम्प्युटर एनालिष्ट तथा प्रोगामर** | | |
| २४.१ | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | १५००.०० | |
| २५ | **बीमा कम्पनी** | | |

| क्र.सं. | व्यापारिक वस्तु | दररेट | कैफियत |
|---|---|---|---|
| २५.१ | बीमा कम्पनी | १५००.०० | |
| २५.२ | बीमा सर्भेयर | १५००.०० | |
| २६ | **पशु चिकित्सक** | | |
| २६.१ | पशु चिकित्सक तथा सहायक(निजी व्यवसायी) | १५००.०० | |
| २७ | निर्माण व्यवसायः गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय, गाउँपालिकामा दर्ता हुन आउने रु.५००००० सम्म पूँजी भएको घरेलु उद्योग व्यवसाय, जलश्रोत सिंचाई समिति वा यस्तै अन्य समिति दर्ता तथा नविकरण | | |
| २७.१ | "क" वर्गको लागि | ३०००.०० | |
| २७.२ | "ख" वर्गको लागि | २५००.०० | |
| २७.३ | "ग" वर्गको लागि | २०००.०० | |
| २७.४ | **"घ" वर्गका निर्माण व्यवसायी** | | |
| क | दर्ता शुल्क | १५०००.०० | |
| ख | नविकरण शुल्क | ३०००.०० | |
| ग | म्याद नाघेकोमा नविकरण जरिवाना थप | २०००.००० | |
| घ | प्रतिलिपि प्रमाण पत्र लिन | ३०००.०० | |
| २८ | जलश्रोत/सिंचाई वा अन्य समिति दर्ता तथा नविकरण | ५००.०० | |
| २९ | महिला प्रोपाईटर भएकोमा | १०००.०० | |
| ३० | **खाद्य तथा पेय सम्बन्धी** | | |
| ३०.१ | दुग्ध तथा दुग्धजन्य सामग्री उत्पादन गर्ने उद्योगहरू | १०००.०० | |
| ३०.२ | चामल, चिउरा, तेल तथा दाल मिल तथा उद्योगहरू | १०००.०० | |
| ३०.३ | अन्यत्रबाट आएका धान काट्ने थेसर(प्रति सिजन) | १०००.०० | |
| ३१ | **साना तथा घरेलु उद्योगहरू** | | |
| ३१.१ | धुप, अबिर, मैनबत्ती घरलु उद्योगहरू | ५००.०० | |
| ३१.२ | मसला उद्योगहरू | ५००.०० | |
| ३१.३ | हस्तकला उद्योगहरू | २००.०० | |
| ३२ | **निर्माण सामग्री उद्योगहरू** | | |
| ३२.१ | गिट्टी, बालुवा लगायतका क्रसरजन्य उद्योगहरूको व्यववसाय दर्ता | ३०००००.०० | |
| ३२.२ | गिट्टी, बालुवा लगाएतका क्रसर उद्योगहरू नविकरण | १०००००.०० | |
| ३२.३ | बालूवा प्लान्ट व्यवसाय दर्ता | १५००००.०० | |
| ३२.४ | बालुवा प्लान्ट नविकरण | ४००००.०० | |
| ३२.५ | ब्रिकेट· उत्पादन उद्योगहरू | ०.०० | |
| ३२.६ | गिट्टी बालुवाजन्य सप्लायर्स | २५०००.०० | |
| ३२.७ | गिट्टी बालुवाजन्य सप्लायर्स नविकरण | १००००.०० | |

| क्र.सं. | व्यापारिक वस्तु | दररेट | कैफियत |
|---|---|---|---|
| ३२.८ | ब्लक ईन्टरलक गमला जस्ता सिमेण्ट सामग्री उत्पादन उद्योगहरू | ३०००.०० | |
| ३२.९ | फलामे औजार उत्पादन गर्ने उद्योगहरू(ग्रील समेत) | २०००.०० | |
| ३२.१० | अन्य माथि उल्लेख नभएकोहरूका लागि | १०००.०० | |
| ३२.११ | अन्य ईन्जिनियरिङ्ग वा औद्योगिक प्रयोजनको लागि ठूला प्रकृतिका मेशिनरी/औजार उत्पादन गर्ने ठूला उद्योगहरू दर्ताको लागि | ५००००.०० | |
| ३२.१२ | अन्य ईन्जिनियरिङ्ग वा औद्योगिक प्रयोजनको लागि ठूला प्रकृतिका मेशिनरी औजार उत्पादन गर्ने ठूला उद्योगहरू नविकरणका लागि | १००००.०० | |
| ३३ | **व्यवसायिक कृषि फर्महरू** | | |
| ३३.१ | ग्रामीण कुखुरा पालन गर्नेहरूको लागि (५०० सम्म) | ५००.०० | |
| ३३.२ | २००० सम्म कुखुरा पालन गर्नेहरूको लागि | १०००.०० | |
| ३३.३ | २००० भन्दा बढी कुखुरा पालन गर्नेहरूको लागि | २०००.०० | |
| ३३.४ | माछा पालन | ५००.०० | |
| ३३.५ | बंगुर तथा रांगो पालन गर्ने व्यवसायीहरूलाई | ५००.०० | |
| ३३.६ | गाई, भैंसी तथा बाख्रा पालन गर्ने व्यवसायीहरूलाई | ५००.०० | |
| ३३.७ | कृषि फर्महरू कम्पनी दर्ता गरी सञ्चालन गर्नेहरूलाई | ५००.०० | |
| ३४ | **व्यवसायिक नर्सरी** | | |
| ३४.१ | व्यवसायिक नर्सरी गर्नेहरूलाई | ५००.०० | |
| ३४.२ | फूल तथा बिरुवा सम्बन्धी | ५००.०० | |
| ३५ | **पर्यटन उद्योग** | | |
| ३२.१ | होटल सहित लज सेवा भएकाहरूको लागि | ३०००.०० | |
| ३६ | **खाना तथा खाजा होटलहरू** | | |
| ३६.१ | मदिरा सहितका नास्ता होटलहरू | १५००.०० | |
| ३६.२ | चिया, नास्ता तथा खाना होटलहरू | १०००.०० | |
| ३६.३ | पार्टी प्यालेस तथा क्याटरिङ | १०००.०० | |
| ३७ | **निजी सञ्चार सेवा प्रदायक संस्थाहरू** | | |
| ३७.१ | निजी क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरू | २०००.०० | |
| ३७.२ | एफ.एम. रेडियो | १०००.०० | |
| ३७.३ | पत्र पत्रिका | १००.०० | |
| ३७.४ | निजी टेलिफोन प्रदायक संस्थाहरू | १०००.०० | |
| ३८ | **वित्तीय सेवा** | | |
| ३८.१ | क वर्गको वित्तीय संस्था | १००००.०० | |
| ३८.२ | ख वर्गको वित्तीय संस्था | ८०००.०० | |
| ३८.३ | ग वर्गको वित्तीय संस्था | ६०००.०० | |

| क्र.सं. | व्यापारिक वस्तु | दररेट | कैफियत |
|---|---|---|---|
| ३८.४ | घ वर्गको वित्तीय संस्था (प्रति शाखा) | ५०००.०० | |
| ३८.५ | बचत तथा ऋण सहकारी संस्थाहरू | १०००.०० | |
| ३९ | **स्वास्थ्य सेवाः** | | |
| ३९.१ | निजी क्षेत्रको अस्पतालहरू (सामुदायिक, सहकारी तथा नसिङ होमहरू)को लागि | २०००.०० | |
| ३९.२ | ल्याब तथा एक्सरे सञ्चालन गर्नेहरूको लागि | ५००.०० | |
| ४० | **कम्पनी तथा गुठी क्षेत्रका शिक्षालयहरू प्रति तह अपग्रेडिङ्गमा समेत** | | |
| ४०.१ | आधारभूत तह | ३०००.०० | |
| ४०.२ | माध्यामिक तह | ५०००.०० | |
| ४०.३ | प्राविधिक शिक्षालय | ५०००.०० | |
| ४०.४ | टयुसन तथा कोचिङ्ग सेन्टरहरू | १५००.०० | |
| ४०.५ | मण्टेश्वरी | ३०००.०० | |
| ४१ | **ब्युटी पार्लर तथा हजाम सेवा** | | |
| ४१.१ | श्रृंगारको सामान सहित ब्युटी पार्लर गर्नेहरूलाई | १०००.०० | |
| ४१.२ | ब्युटी पार्लर मात्र गर्ने व्यवसायीहरूलाई | ५००.०० | |
| ४१.३ | सैलुनहरूलाई | ७००.०० | |
| ४२ | **फोटो स्टुडियो** | | |
| ४२.१ | डिजिटल कलर ल्याब भएकाहरूलाई | ५००.०० | |
| ४३ | **सिलाई बुनाई तथा अन्य** | | |
| ४३.१ | सिलाई बुनाई तथा कटाई समेत गर्नेहरूलाई | ५००.०० | |
| ४३.२ | टेण्ट सेवा | ५००.०० | |
| ४३.३ | केबल नेटवर्किङ्ग व्यवसाय | ५००.०० | |
| ४३.४ | कवाडी सामान व्यवसाय(संकलन) | ३०००.०० | |
| ४३.५ | साउण्ड सिस्टम, ईलेक्ट्रिक वा ईलोक्ट्रेनिक्स सामान भाडामा दिने व्यवसायलाई | ५००.०० | |
| ४३.६ | सः मिल समेतको फर्निचर उद्योग | २५००.०० | |
| ४३.७ | चिरानी मात्र गर्ने | १०००.०० | |
| ४३.८ | पार्टी प्यालेस | ३०००.०० | |
| ४३.९ | टायर रिसोलिङ | ५०००.०० | |
| ४३.१० | कुरियर सेवा | १०००.०० | |
| ४३.११ | सुधार केन्द्र(व्यवसायिक) | २०००.०० | |
| ४३.१२ | अनलाईन ई व्यापार गर्नेहरूको लागि | २०००.०० | |
| ● नविकरण शुल्क तोकिएको हकमा तोकिए बमोजिम लाग्नेछ र बाँकीको हकमा दर्ता शुल्कको २० प्रतिशत लाग्नेछ। | | | |

# अनुसूची-५

## आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको सवारी साधन कर

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| क | बस, टक दर्ता तथा वार्षिक नविकरण | १०००.०० | |
| ख | जिप, कार दर्ता तथा वार्षिक नविकरण | ८००.०० | |
| ग | मिनि बस, माईक्रोबस दर्ता तथा वार्षिक नविकरण | ६००.०० | |
| घ | व्याकहो लोडर दर्ता तथा वार्षिक नविकरण | २०००.०० | |
| ङ | मोटर साइकल दर्ता तथा नविकरण | १००.०० | |
| च | मयुरी, अटो, टयाक्सी | ५००.०० | |
| छ | टयाक्टर | ५५०.०० | |
| ज | म्याजीक फोर्स आदि | ५००.०० | |
| ● **सवारी साधान कर प्रदेश सरकार मार्फत संकलन हुने हुँदा अटो, मयुरी बाहेक अन्य सवारी साधनको कर दोहोरो पर्नेगरी संकलन गरिने छैन ।** | | | |

## अनुसूची-६

## आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको विज्ञापन कर

| क्र. सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | **प्रचार तथा विज्ञापन कर** | | |
| | **व्यवसायिक दृष्टिकोणबाट प्रचार गर्न टाँसिने वा राखिने प्रत्येक ग्लुवोर्ड, साइनबोर्ड, होडिङ बोर्ड आदिमा निम्न बमोजिम कर लाग्नेछः** | | |
| क | होर्डिड. बोर्ड सार्वजनिक स्थानहरूमा वार्षिक प्रतिवर्गफुट | ७०.०० | |
| ख | होर्डिड. बोर्ड ल्फेक्स बोर्ड निजी स्थानहरूमा वार्षिक प्रति वर्गफुट | ५०.०० | |
| ग | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता, सटर वा पर्खालमा लेखिएकोमा वार्षिक प्रति वर्गफुट | २५.०० | |
| घ | विद्युत, सोलार वा टेलिफोन पोलमा वार्षिक प्रति वर्गफुट | ७५.०० | |
| ङ | मेला स्थलमा कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स ब्यानर प्रति थान प्रति हप्तामा | १५०.०० | |

- व्यवसाय प्रवर्द्धनको लागि प्रति व्यवसायी प्रति पसल २० वर्गफुट सम्मको १ थान बोर्ड निःशुल्क सो भन्दा बढी गा.पा. को स्वीकृतिमा प्रति एक थान माथिको दररेटमा

## अनुसूची-७

## आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको मनोरञ्जन कर

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | केबल नेटवर्क/सेट अप बक्स/डिस होम तर्फ प्रति ग्राहक प्रति वर्ष | १००.०० | |
| ● सरोकारवालहरूसँग छलफल गरी थप लगत तयार गर्ने । | | | |

## अनुसूची-८

## आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको बहाल बिरौटी शुल्क

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.८ नजिक रहेको टेलर | ६५००.०० | |
| २ | गाउँपालिकाको ट्रयाक्टरबाट पानी ढुवानी प्रति ट्याङकर (पालिका क्षेत्र भित्रमात्र) | १०००.०० | |
| ३ | लामिटारमा रहेको सभाहल भाडा प्रतिदिन | ३०००.०० | |
| ४ | गाउँपालिका कार्यालय माथिको हलभाडा प्रतिदिन | २०००.०० | |
| ५ | वडा कार्यालयमा रहेका सभाहल भाडा प्रतिदिन | १०००.०० | |
| ६ | एम्वुलेन्स पक्की बाटोमा प्रति कि.मि. | ४०.०० | |
| ७ | एम्वुलेन्स कच्ची बाटोमा प्रति कि.मि. | ५०.००० | |
| ८ | व्याक हो लोडर प्रति घन्टा ईन्धन तथा मु.अ.क वाहेक | १०००.०० | |
| ९ | ट्रिफर प्रति दिन भ्याट वाहेक र तेल सहित (तेलको बजार भाउ अनूसार संसोधन हूने) | ५५००.०० | |
| १० | ट्रिफर प्रति दिन भ्याट वाहेक र तेल बाहेक | ८०००.०० | |

- ढुङ्गा गिटि बालुवा लगायत नदीजन्य पदार्थको सार्वजनिक स्थलमा डम्पिङ बापत प्रति कट्ठा मासिक रु. ५०० लिइनेछ । निकासी राजस्व संकलनमा ठेक्का बन्दोबस्ती भएमा सुनाचुरी नाकामा रहेको र रजैया नाकामा रहेको फलामे घुम्ती मासिक क्रमशः रु. ७००० र रु. ५००० भाडा लिइनेछ।
- ढुङ्गा गिटि बालुवा लगायत नदीजन्य पदार्थको सार्वजनिक स्थलमा डम्पिङ बाहेकका सार्वजनिक सम्पत्ति उपयोगमा सम्पत्ति कर र मालपोतको दररेट (अनुसूची १ र २ बमोजिम नै बहाल बिटौरी कर लगाइनेछ।)
- माथिको दररेट अनुसार प्रत्येक महिना रकम दाखिला गर्नुपर्ने छ वा तोकिएको रकम एकमुष्ठ रूपमा पौष मसान्त सम्ममा दाखिला गर्न पनि सकिनेछ। अन्यथा प्रति महिना थप रु. ५०० का दरले जरिवाना लाग्नेछ।
- कार्यालयको स्वामित्वमा रहेको घरभाडा बढाबढ गरी संकलन गरिनेछ।
- गर्भवती महिला र जेष्ठ नागरिकहरूको लागि एम्बुलेन्समा ५० प्रतिशत छुट दिइनेछ।

## अनुसूची-९

## आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको सवारी साधन पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| सवारी साधन पार्किङ्ग(प्रतिदिन) | | | |
| क | बस, ट्रक | ५०.०० | |
| ख | जिप, कार | २०.०० | |
| ग | मिनि बस, माईक्रोबस | २५.०० | |
| घ | व्याकहो लोडर | १००.०० | |
| ङ | मोटरसाइकल | ५.०० | |
| च | मयुरी, अटो, टयाक्सी | १०.०० | |
| छ | टयाक्टर | ३०.०० | |
| ज | म्याजिक, फोर्स आदि। | २५.०० | |

## अनुसूची-१०

## आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको सिफारिस दस्तुर

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | **घर बाटो एवम् चौहद्दी सिफारिस(घर, गोठ, बाटो भए नभएको)** | | |
| १.१ | २ कठ्ठा सम्मको लागि | २००.०० | |
| १.२ | ५ कठ्ठा सम्मको लागि | ३००.०० | |
| १.३ | १० कठ्ठा सम्मको लागि | ५००.०० | |
| १.४ | १० कठ्ठा भन्दा माथिको लागि | १०००.००० | |
| २ | ढलान गरेको घर कायम | २००.०० | |
| ३ | ईटा सिमेण्ट जस्ता छाना घर कायम | १००.००० | |
| ४ | कच्ची घर कायम | १००.०० | |
| ५ | **विद्युत खानेपानी जडान सिफारिस दस्तुर** | | |
| ५.१ | थ्री फेस जडान(उद्योग धन्दा) सार्वजनिक प्रयोजनको बाहेक | ३०००.०० | |
| ५.२ | थ्री फेस जडान(अन्य प्रयोजन) सार्वजनिक प्रयोजनको लागि | १५००.०० | |
| ५.३ | पसलमा विद्युत जडानको लागि | २००.०० | |
| ५.४ | गार्हस्थ (घरायसी) प्रयोजनका लागि | २००.०० | |
| ५.५ | विद्युत लाईन ठाउँसारी | २००.०० | |
| ५.६ | खानेपानी जडान सिफारिस दस्तुर | २००.०० | |
| ६ | **कन्सुलर प्रमाणित** | | |
| ६.१ | वडाबाट अंग्रेजी भाषाबाट दिइने सिफारिस(प्रमाणित) दस्तुर प्रति प्रमाणित/सिफारिसमा कन्सुलर प्रमाणित समेत | ५००.०० | |
| ६.२ | पालिकाबाट अंग्रेजी भाषाबाट दिइने सिफारिस(प्रमाणित) दस्तुर प्रति प्रमाणित/सिफारिसमा कन्सुलर प्रमाणित समेत | १००.०० | |
| ७ | नागरिकता प्रतिलिपि सिफारिस | २००.०० | |
| ८ | व्यक्तिगत घटना/व्यहोरा सिफारिस | १००.० | |
| ९ | कोष प्रमाणित नेपालीमा | १००.०० | |
| १० | सर्जिमन मुचुल्का तयारी दस्तुर | ३००.०० | |
| ११ | लिखत प्रमाणित | २००.०० | |
| १२ | घटना दर्ता जरिवाना ३५ दिन नाघेर दर्ता हुन आएमा (राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन बमोजिम) | २००.०० | |
| १२.१ | घटना दर्ता प्रतिलिपि दस्तुर (राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन बमोजिम) | ५००.०० | |
| १२.२ | घटना दर्ता ३५ दिन भित्र दर्ता हुन आएमा निःशुल्क | निःशुल्क | |
| १३ | अंगिकृत नागरिकता सिफारिसमा | १००.०० | |
| १४ | घट्ट दर्ता सिफारिस | ५००.०० | |
| १५ | घट्ट नामसारी सिफारिस | ३००.०० | |

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १६ | मिलापत्र दस्तुर | ५००.०० | |
| १७ | नाता सम्वन्ध प्रमाणित (नेपाली भाषामा) | २००.०० | |
| १८ | नाता सम्वन्ध प्रमाणित (अग्रेजी भाषामा) | ५००.०० | |
| १९ | न्यायिक समितिमा पेश हुने निवेदन दस्तुर | १००.०० | |
| २० | आम्दानी प्रमाणित | ०.१% | |
| २०.१ | सम्पत्ति मूल्याङ्कन (२५ लाख सम्म) | १०००.०० | |
| २०.२ | सम्पत्ति मूल्याङ्कन (५० लाख सम्म) | २२००.०० | |
| २०.३ | सम्पत्ति मूल्याङ्कन (५० लाख १ देखि १ करोडसम्म) | ३५००.०० | |
| २०.४ | सम्पत्ति मूल्याङ्कन(१ करोड माथी) | ५०००.०० | |
| २०.५ | माथिको सिफारिस अंग्रेजीमा गर्नुपरेमा थप रु. | ५००.०० | |
| २१ | नामसारी तथा दर्ता सिफारिस शुल्क | ३००.०० | |
| २२ | **उद्योग दर्ता/सिफारिस** | | |
| २२.१ | पेट्रोल, डिजेल, मट्टीतेल पम्पको लागि | १०००.०० | |
| २२.२ | अटो मोबाइल, अटो वर्कसपको लागि | १०००.०० | |
| २२.३ | फर्निचर उद्योग | १०००.०० | |
| २२.४ | ठूला उद्योग दर्ता | ५००००.०० | |
| २२.५ | ठूला उद्योग नविकरण | १००००.०० | |
| २२.६ | अन्यको लागि सर्जमिन समेत(सवारी साधन समेत) | १०००.०० | |
| २२.७ | घरेलुमा दर्ता भै प्रा.लि.को सिफारिसका लागि सर्जमिन समेत | २०००.०० | |
| २२.८ | निजी विद्यालय अपग्रेडिङ्ग समेत प्रति कक्षा | ३०००.०० | |
| २२.९ | व्यवसाय दर्ता कृषि तथा पशुपंक्षी | ५००.०० | |
| २२.१० | व्यवसाय दर्ता डेन्टल | १०००.०० | |
| २२.११ | व्यवसाय तथा उद्योग अन्य | १०००.०० | |
| २२.१२ | गैह्र नाफामूलक सामाजिक संघसस्था दर्ता सिफारिसमा | २००.०० | |
| २२.१३ | गैह्र नाफामूलक सामाजिक संघसस्था दर्ता तथा नविकरण | ०.०० | |
| २२.१४ | स्थानीय सामुदायिक/गैर सरकारी संस्था दर्ता तथा नविकरण | १०००.०० | |
| २२.१५ | राष्ट्रियस्तरका गैरसरकारी संस्था दर्ता तथा नविकरण | २०००.०० | |
| २२.१६ | सामुदायिक वन समिति | ५०००.०० | |
| २२.१७ | मध्यवर्ती वन समिति, क्लब दर्ता तथा नविकरण | १०००.०० | |
| २३ | न्यूनतम रु. ५०० मा नघट्ने गरी घरसारको काठ सिफारिस दिदां प्रति क्युविक फिटमा | २.०० | घरसार अनुमति खुलेको अवस्थामा |
| २४ | **सरसफाई मासिक शुल्क** | | |
| २४.१ | होटल, लज, रेष्टुरेन्ट लगायतका सबै व्यवसायलाई | ५००.०० | |
| २४.२ | वित्तीय संस्था निजी विद्यालय, क्याम्पसहरूमा | २००.०० | |

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| २४.३ | तरकारी तथा फलफूल पसल होलसेल | ३००.०० | |
| २४.४ | तरकारी तथा फलफूल पसल खुद्रा | २००.०० | |
| २४.५ | संघ संस्था, सहकारी (सरकारी बाहेक) | १००.०० | |
| २४.६ | घर गृहस्थीका लागि | ५०.०० | |
| २४.७ | ठेलाको लागि | २००.०० | |
| २५ | **संस्था सुचिकृत शुल्क** | | |
| २५.१ | नाफामूलक ठूला संस्था वा कन्सल्टेन्सी | ३००.०० | |
| २५.२ | सानो संस्था | २००.०० | |
| २५.३ | सेवामूलक संस्था वा गै.स.स. | १००।०० | |
| २६ | अन्य सिफारिस | १००.०० | |

**आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको नक्सापास दस्तुर**

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | **घर नक्सापास दस्तुर** | | |
| क | नक्सा पासको निवेदन किताब (नयाँ घरको संरचनाको नक्साको लागि) | ५००.०० | |
| ख | नक्सा पासको निवेदन किताब (पुरानो घर/अभिलेखीकरणको संरचनाको नक्साको लागि) | १०००.०० | |
| ग | नक्सा पास बेसमेंन्ट भूई तल्ला देखि पांच तल्ला सम्म(प्रति स्क्वायर फिट) प्रत्येक तलाको लागि थप १०% | ७.०० | |
| घ | अभिलेखिकरण नक्सा पास बेसमेंन्ट भूई तल्लादेखि पाँच तल्लासम्म(प्रति स्क्वायर फिट) प्रत्येक तलाको लागि थप १०% | ११.०० | |
| ङ | नक्सा नामसारी दस्तुर | १०००.०० | |
| २ | **पक्की घर बाहेक अन्य कच्ची आबास संरचना, गोठ, टहरा, खोर, कृषि व्ययसायीक प्रयोजनका टहरा, पर्खाल लगायत** | | |
| क | प्रति स्क्वायर फुट | ४.०० | |
| ख | घर/अन्य संरचना नक्साको प्रतिलिपि माग भएमा प्रति सेट | ७००.०० | |
| ग | अन्य नक्साको नामसारी | ५००.०० | |
| ३ | जग्गा नामसारी सिफारिस (निजी जग्गा साँध सिमाना छुट्टयाउने, आंकडा एकीन गर्ने, लगायत कि.का. बाहेकको काममा अमिन खटाउँदा प्रति कित्ता रु. ७००० ननाघ्ने गरी प्रति धुर रु. | १००.०० | |
| ४ | पैत्रीक जग्गा हकवालालाई नामसारी गर्दा | २००.०० | |
| ५ | अपुताली परी हकवाला सिफारिस गर्दा | १०००.०० | |

## अनुसूची-११

## आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | काठ/दाउरा/जराजुरी/दहत्तर बहत्तर लिलाम बिक्रीमा न्यूनतम मूल्य (सार्वजनिक तथा ऐलानी जग्गामा रहेको) | | |
| क | दाउरा/जर्ना प्रति चट्टा (सालको) | २५०००.०० | |
| ख | दाउरा/जर्ना प्रति चट्टा (अन्य कु-काठको) | १००००.०० | |

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक वनबाट समितिले वन पैदाबर बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिका बाट स्वीकृत गराउन पर्ने र त्यस्तो स्वीकृत कार्ययोजना मुताबिक वन पैदाबर लिलाम बिक्री वा अन्य प्रयोजनको बिक्री कार्यबाट प्राप्त रकमको वार्षिक १० प्रतिशत रकम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ (ख) को उपदफा १ र २ मा रहेको प्राबधान बमोजिम वन पैदाबर शुल्क लगाइनेछ। | | |
| काठको चिरानी अनुमति दिँदा | | | |
| २ | साल जातको काठ प्रति क्यू. फिट | | |
| क | ए ग्रेड | ११२.०० | |
| ख | वि ग्रेड | १००.०० | |
| ग | सी ग्रेड | ८०.०० | |
| ३ | अन्य जातको काठ प्रति क्यू फिट | | |
| क | अस्ना | ४०.०० | |
| ख | चाप तथा सिसौ | २०.०० | |
| ४ | जडिबुटी निकासी वातावरण शुल्क | | |
| क | खयर प्रति क्यू फिट-ए ग्रेड | १५०.०० | |
| ख | खयर प्रति क्यू फिट-बि ग्रेड | १००.०० | |
| ग | अन्य जडिबुटी प्रति क्युन्टल | ५०.०० | |
| घ | वनकसबाट निर्मित चारकोल प्रति क्युन्टल | १००.०० | |
| ५ | किटनाशन औषधि पसललाई वार्षिक | १५००.०० | |
| ६ | गाउँपालिका क्षेत्र भई निकासी हुने नदीजन्य पदार्थले प्रदूषण गराए बापत लगाईने वातावरण शुल्क | २० पैसा प्रति घनफुट | |

## अनुसूची-१२

### आ.व. २०८०/०८१ मा स्वीकृत गरिएको दहत्तर बहत्तर शुल्क

| क्र.सं. | विवरण | इकाई | दर रेट | कैफियत |
|---|---|---|---|---|
| १ | ढुङ्गा, चुनढुङ्गा गिट्टी, बालुवा, स्लेट, ग्राभेल, र रोडा घाटगद्दी जिल्ला बाहिर निकासी कर | प्रति घन फिट | रु. ९।०० (मु.अ.कर बाहेक) | प्रदेश आर्थिक ऐन, २०८० ले थप घट गरेमा सोही अनुसार दररेट कायम हुनेछ |

- उपरोक्त दररेटमा प्रदेश कानूनमा परिवर्तन भएमा सोही अनुसार संसोधन लागू हुने छ।
- कार्यालय आफैंले उत्खनन गरेर उपलब्ध गराउने ढुङ्गा गिटि बालुवाको प्रति घनमिटर रु.१०० र ठेक्का लगाउनेमा रु.५० प्रति घनमिटर न्यूनतम बिक्री मूल्य पर्नेछ। आई.ई.ई. भएको क्षेत्रबाट कुनै उपभोक्ता समिति, निर्माण कम्पनी वा सार्वजनिक संस्थालाई सामग्री आवश्यकता परेमा प्रति घनमिटर रु.५००० (आन्तरिक खपत) तिरी लैजान पाउनेछ। आन्तरिक खपतमा समेत प्रदेश कानून बमोजिमको निकासी रसिद जारी हुनु पर्नेछ।
- व्यक्तिको निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा, माटो वा ढुङ्गा ग्रावेल बिक्री गर्दा कति घन फिट बिक्री गर्ने हो यकिन गरी कार्यालयमा निवेदन गर्नुपर्नेछ।
- माथि उल्लेखित पदार्थहरू गाउँपालिकाको स्वीकृति बेगर उत्खनन् वा ढुवानी गरेमा र त्यस्तो पदार्थ (जिल्ला भित्र वा बाहिर निकासी गर्दा) गाउँपालिका र प्रदेश सरकारबाट निर्धारित माथिको शुल्क नतिरी जान खोजेमा त्यस्तो पदार्थ जफत गरी तपशील बमोजिम जरीवाना लगाइने।

**तपशिलः**

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| १ | ट्र्याक्टर प्रति टिप | २०००.०० | |
| २ | ६ चक्के ट्रिपर वा ट्रक प्रति टिप | ८०००.०० | |
| ३ | १० चक्के ट्रिपर वा ट्रक प्रति टिप | १२०००.०० | |
| ४ | सो भन्दा माथि हेभी मेशिनरी औजार पटक | १६०००.०० | |

- माथि उल्लेखित जरिवाना पटके रूपमा भए दोस्रो पटक भए दोब्बर तेस्रो पटक भए तेब्बर असूल गरिनेछ।

## अनुसूची-१३

### आ.व. २०८०/०८१ मा स्वीकृत कृषिजन्य बजार व्यवस्थापन शुल्क

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| क | (कृषिजन्य)तरकारी अदुवा प्रति के.जी. | ०.५० | |
| ख | खाद्यान्न तथा दलहन प्र.ति.के.जी. | ०.५० | |
| ग | वोका, खसि तथा बाख्रा | ३०.०० | |
| घ | भैसी राँघा प्रति गोटा | २००.०० | |

## अनुसूची-१४

## आ.व. २०८०/०८१ मा स्वीकृत कबाडी संकलन शुल्क

| क्र.सं. | विवरण | दर रेट | कैफियत |
|---|---|---|---|
| क. | उन, बियर बोत्तल, कोक/पेप्सी लगायत अन्य सिसाका बोत्तल, पुरानो फलाम स्टील, स्क्याप, थोत्रो, टीन, पुरनो ड्रम, जुट, जलेको मोबिल, ट्यूब टायर, प्लाष्टिकका बोरा तथा प्लाष्टिक जन्य बस्तु, छाला, काम नलाग्ने मेशिनरी औजार, हाड, सिङ्ग, प्वाख, ढुटो पिना, आदि प्रति के.जि./प्रति गोटा | १.०० | |
| ख. | जडिबुटी, पुरानो पित्तल, तामा, तार लगायत अन्य कबाडी सामान | २.०० | |

# मनहरी गाउँपालिका गाउँसभामा उपाध्यक्ष श्री सीता पुलामी मगरद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को बजेट बक्तव्य

**आ.व. आदरणीय सभाध्यक्षज्यू,**

**सभा सदस्य ज्यूहरू,**

१. नेपालको संविधानको धारा २३० बमोजिम मनहरी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले मनहरी गाउँपालिका गाउँसभाको तेह्रौ अधिवेशनको दोस्रो बैठकमा आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२. समग्र मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवम् चुनौतीका कारण सीधा रूपमा गाउँपालिकाको समग्र आम्दानीमा परेको असर आन्तरिक आयमा हुन सक्ने संकुचनका कारण घट्दो बजेटको आकारले विकास निर्माण र सेवा प्रवाहमा तात्विक फरक नपर्ने प्रयास गर्दै यो बजेट तयार गरेको छु।

३. विशेषत गाउँपालिकाले तय गरेको "शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार: समृद्ध मनहरीको आधार" भन्ने नारालाई साकार पार्नेको लागि दिगो पूर्वाधार सहित शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रलाई प्राथमिकतामा राखी यो बजेट समृद्ध मनहरीको प्रस्थान विन्दूको रूपमा तयार गरेको छु।

४. आगामी आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौ आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट, बागमती प्रदेश सरकारको प्रथम आवधिक योजना, वागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट तथा मिति २०८०।०३।१० को गाउँसभाको तेह्रौँ अधिवेशनको पहिलो बैठकबाट पारित गाउँपालिकाको नीति तथा कार्यक्रम, आम नागरिक, राजनीतिक दल, निजी क्षेत्र लगायतबाट प्राप्त सुझावलाई लिएको छु।

५. आर्थिक वर्ष २०८०/०८१ को बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रही प्राकृतिक, साँस्कृतिक र विभिन्न भौगोलिक विविधतायुक्त यस गाउँपालिकालाई समृद्ध बनाउन, मानव जीवन रक्षा गर्ने, भविष्यप्रति आधारयुक्त आशा जगाउने र आन्तरिक आयलाई सुदृढ बनाउदै तीव्र विकासको बाटोमा लैजाने गरी हाम्रा सम्पूर्ण स्रोत साधन परिलक्षित रहेका छन्।

६. सीमित स्रोत साधनले असीमित माग र बढ्दो आकांक्षा एकैपटक सम्बोधन गर्न नसकिने यथार्थता एकातर्फ छ भने स्रोतको न्यूनताको कारण हामीले चाहे जस्तो विकासका कार्यहरूमा लगानी वृद्धि गर्न सकिएको छैन। यो बजेट तर्जुमा गर्दा नेपाल सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदान, राजश्व बांडफांट र गाउँपालिकाको आन्तरिक आम्दानी समेतको अनुमानमा स्थानीय स्रोत र साधनको परिचालन गुणस्तरीय सेवा प्रवाह, दिगो विकास, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित गरी गाउँपालिकाको समग्र विकासलाई सन्तुलित बनाउने तर्फ ध्यान पुऱ्याएको छु।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्यज्यूहरू,**

अब म, आर्थिक वर्ष २०७९/०८० मा यस गाउँपालिकाको आय व्यय तथा सम्पादित महत्वपूर्ण कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आ.व. २०७९/०८० को संशोधित आय**

८. आ.व. २०७९/०८० मा आय अनुमान **९१ करोड ०८ लाख २६ हजार मात्र रहेकोमा** आन्तरिक आयतर्फ रु.**३४ करोड १६ लाख ४१ हजार १ सय ८१ पैसा बीस मात्र**, संघीय वित्तीय समानकिरण, सशर्त, विशेष र समपुरक तर्फ **रु. ३६ करोड ३५ हजार, ६२ हजार ५ सय** प्रदेश वित्तीय समानीकरण, सशर्त र समपुरक तर्फ अनुदान **७ करोड ०९ लाख ७१ हजार** तथा राजस्व बाँडफाँटबाट १० **करोड ९९ लाख १२ हजार ४ सय ४८ पैसा २८** गरी संसोधित आय रु. ८८ करोड ६० लाख ८७ हजार ८ सय ६ रूपैयाँ ४८ पैसा रहेको छ ।

**आ.व. २०७९/०८० को संशोधित व्ययः**

९. आ.व. २०७९/०८० को लागि व्यय अनुमान **रु. ९१ करोड ०८ लाख २६ हजार मात्र** अनुमान रहेको छ । जसमा संशोधित चालु खर्च ३१ करोड ९३ लाख ४६ हजार ० सय ३६ पैसा एक र पूँजीगत खर्च तर्फ रु २४ करोड ३४ लाख ६६ हजार ५ सय १३ गरी जम्मा रु ५६ करोड २८ लाख १२ हजार ५ सय ४९ पैसा एक रहेको छ । हाल सम्मको वित्तीय प्रगति ५५.९२% रहेको छ ।

**आ.व. २०७९/०८० मा प्राप्त मुख्य उपलब्धिहरूः**

१०. गाउँपालिकाको मुख्य आन्तरिक आम्दानीको श्रोत नदीजन्य पदार्थको राजश्व संकलन रहेको र सो कार्य सफलता पूर्वक सम्पन्न गराउन नदीजन्य श्रोत उत्खानन् संकलन गर्नुपर्ने हुन्छ । यसका लागि मध्यवर्ती क्षेत्र भई बग्ने राप्ती खोलामा संघीय कानून समेत आकर्षित भएका कारण उत्खनन् संकलन कार्य गर्न कठिनाई भएको भएता पनि मनहरी खोलाको पुल भन्दा माथिल्लो भागमा गरिने उत्खनन्/संकलन कार्यले समेत गाउँपालकाको आयमा सामान्य वृद्धि भएको छ । यसका लागि गत आ.व. २०७८/०७९ मा गरिएको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन अनुसार ५८९५९.६० घन मिटर मध्ये सो आ.व.मा २५९०३ घनमिटर ग्राभेल उत्खनन/संकलन गरिएको र बाँकी ३३०५६.६० घनमिटर तथा चालु आ.व.मा गरिएको अध्ययन प्रतिवेदन अनुसार स्वीकृत २, ८६, ७०७.४८ घनमिटर मध्ये चालु आ.व.मा १, ०६, ३४३.४० घन मिटर समेत जम्मा १३९४०० घनमिटर नदीजन्य पदार्थ मनहरी खोलावाट संकलन/उत्खनन गरिएको छ । बाँकि १८०३६४.०८ घनमिटर नदीजन्य पदार्थ स्वीकृत प्रतिवेदन अनुसार नै आगामी आ.व.मा संकलन उत्खनन गरी आय वृद्दि गरिनेछ ।

११. राप्ती नगरपालिकासँगको सीमा नदिको रूपमा रहेको लोथर खोलाको सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी आइ.इ.इ. को प्रकृया अगाडि बढाउने र उत्खन्न कार्य अगाडि बढाइनेछ ।

१२. गाउँपालिकाको गौरवको आयोजनाको रूपमा रहेको साविक हाँडिखोला गा.वि.स. मा रहेका च्यापल खोला, ठाडो खोला, हाँडी खोला, मसिने खोला, ट्वाङ्ग्रा खोला माथि ५ वटा पक्किपुलको लागि ३४ करोडको लागतमा निर्माण

सम्झौता भई च्यापलखोला पुल निर्माण ७० प्रतिशत भन्दा बढि सम्पन्न भएको र मसिने तथा ट्वाङ्ग्रा खोला पुलको पनि ७५ प्रतिशत भन्दाबढी निर्माण कार्य सम्पन्न भई सकेको छ ।

१३. गाउँपालिका भित्रका वडा नं. १, २, ३, ५, ६, ७, ८ र ९ का नागरिकहरूले आफ्नै वडा कार्यालय भवनबाट सेवा लिन सक्ने गरी भवन तयार भईसकेको, मनहरी अस्पताल, हाँडिखोला स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य इकाईबाट वडास्तर मै आधारभूत स्वास्थ्य सेवा लिन सक्ने व्यवस्था मिलाईएको छ ।

१४. बढिमा १५ मिनेटको समयमा गाउँ टोलबाट सडकसम्म पुग्ने व्यवस्था मिलाईनुको साथै संघीय सरकार तथा प्रदेश सरकारसँग साझेदारी गरी मुख्य सडक स्तरोन्नतीको काम अगाडि बढाइएको छ ।

१५. आवश्यकता अनुसारका ठाउँहरूमा नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा काठेपोल विस्थापित गर्दै गाउँपालिका भित्रका अधिकांश क्षेत्रमा विद्युत सेवा बिस्तार गरिएको छ ।

१६. सूचना प्रविधिको प्रयोग गरी प्रशासनिक सेवाहरू आफ्नै वडा कार्यालयबाट सरल र सुलभ तरिकाले लिन सकिने व्यवस्था मिलाईएको र सो को लागि आवश्यक प्रशासनिक तथा प्राविधिक जनशक्तिको व्यवस्था गरिएको छ ।

१७. नियमित सेवाका अतिरिक्त सबै वडामा आकस्मिक रूपमा देखा परेका महामारी नियन्त्रणको लागि जनशक्ति परिचालन गरी सेवा प्रवाह हुँदै आइरहेको र थप पशु सेवा प्राविधिक व्यवस्था गरी लम्फी रोगको उपचार गरिएको छ ।

१८. स्वास्थ्य सेवालाई थप बिस्तार गर्दै लैजाने प्रक्रिया स्वरूप मनहरी अस्पतालको अत्याधुनिक सुविधा सम्पन्न भवन रु. १० करोड ८५ लाखको लागतमा निर्माण कार्य शुरु गरिएको र ल्याव टेक्निसियन तथा एक्सरे सेवा तथा ओ.पि. डि सेवा बिस्तार गरिएको छ ।

१९. सबै नागरिकलाई स्वच्छ पिउने पानी पुऱ्याउने यस पालिकाको ध्येय अनुसार प्रदेश सरकारको विशेष अनुदानमा घट्टेखोला खानेपानी निर्माणाधिन रहेको, संघीय विशेष अनुदानबाट ज्यामिरे बृहत खानेपानी प्रदेश सरकारको सशर्त योजना घट्टेखोला डोठे सुकौरा खानेपानी, विजौना खानेपानी निर्माणाधिन रहेको र रजैया खानेपानी सञ्चालनको क्रममा रहेको छ ।

२०. समय सापेक्ष रूपमा गाउँपालिकाबासीलाई सडक दुर्घटना, मातृशिशुको जिउ ज्यानको संरक्षण तथा अचानक रोगको आक्रमण भइ समयमै उपचारको लागि गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थामा रहेको एम्बुलेन्स पुरानो भईसकेको हुँदा साविक हाँडीखेला स्वास्थ्य चौकी र मनहरी अस्पतालको व्यस्थापनमा रहने गरी थप दुई वटा एम्बुलेन्स सञ्चालनको व्यवस्था गरिएको छ ।

२१. प्रदेश सरकार अन्तर्गत रहेको जिल्ला आयुर्वेद अस्पताल मातहत गाउँपालिकाको वडा नं. ९ रजैयामा स्थापित नागरिक आरोग्य केन्द्र सञ्चालनार्थ आवश्यक सञ्चालन खर्च तथा गाउँपालकाबाट समेत थप आयुर्वेदिक औषधिको व्यवस्था गरी नागरिकलाई आयुर्वेदिक स्वास्थ्य सेवा विस्तार गरिएको छ ।

२२. मनहरी गाउँपालिकाको सबै क्रियाकलाप सामाजिक सञ्जाल मार्फत् जानकारी गराउने उद्देश्यले वेवसाईट, मोबाईल एप्लीकेशन, डिजीटल बोर्ड जस्ता सूचना प्रविधिको प्रयोग गरिएको छ ।

२३. नेपाल सरकारबाट प्राप्त नविकरणीय उर्जा शीर्षकको रकमबाट वडा नं. ६, ७ र ८ का सडकमा सडक सौर्य बत्ती जडान सम्पन्न भएको छ ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्यज्यूहरू,**

अब म, गाउँपालिकाको समष्टिगत विकासका लागि आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्यहरू तथा प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**८. बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छन् :**

- अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनु ।
- उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्नु ।
- समाजबाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउनु ।
- सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व पालना गराउनु ।
- सामाजिक विकासका क्षेत्रहरू विशेष गरी शिक्षा र स्वास्थ्यमा विपन्न नागरिकहरूको पहुँच स्थापित गरी सामाजिक न्याय कायम गर्नु ।
- आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्नु ।
- आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा जोड दिनु ।

**९. आ.व. २०८०/०८१ को लागि विकासका प्राथमिकताका क्षेत्रहरू देहाय बमोजिम रहेका छन् ।**

- भौतिक पूर्वाधारहरूमा गाउँपालिका केन्द्र जोड्ने सडकलाई प्राथमिकतामा राखी विभिन्न सडकहरूको स्तरोन्नती तथा मर्मत सुधार गरी सडकको गुणस्तरीयता अभिवृद्धि गर्ने ।
- मानव संसाधन विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई र पोषण) मा जोड दिने ।
- कृषि सेवा, पशुसेवा, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र संरक्षणमा जोड दिने ।
- लक्षित वर्ग र समुदायको उत्थानका लागि सामाजिक सुरक्षा र सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गर्ने ।

**१०. बजेट तर्जुमाका आधारहरू**

उल्लेखित उद्देश्य परिपूर्ति गर्न बजेट तर्जुमा गर्दा निम्न आधारहरू लिइएको छ ।

- संघीय सरकारको आवधिक योजना, लक्ष्य, उद्देश्य एवं प्राथमिकता र रणनीतिहरू,
- प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना नीति तथा कार्यक्रम,
- दिगो विकासका लक्ष्यहरू,
- स्थानीय सरकार सञ्चालन ऐन,
- विषयगत समितिको सिफारिस,

- वडा समितिको प्राथमिकताका कार्यक्रमहरू,
- कार्यपालिकाले आवश्यक ठानेका र जनसहभागिता जुट्ने आयोजनाहरू,
- विपन्न परिवारको शिक्षा तथा स्वास्थ्यमा सर्वसुलभ पहँचको कार्यक्रमहरू,
- क्रमागत विकास योजनाहरू ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरू,**

अब म, आर्थिक वर्ष २०८०/०८१ को बजेटका कार्यक्रम तथा बिनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. **स्वास्थ्यः**

स्वास्थ्य मानव जगतको सबैभन्दा संवेदनशिल क्षेत्र हो । स्वास्थ्य मानिसको सबैभन्दा ठूलो धन हो । गाउँपालिकाभित्रका विपन्न समुदाय तथा सर्वसाधारणलाई निःशुल्क र आधारभूत स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनु स्थानीय सरकारको प्रमुख दायित्व रहेको छ । गरिबसँग विशेश्वर स्वास्थ्य बीमा तर्फ रु.७० लाख, सुत्केरी घरभेट कार्यक्रम तर्फ रु.६ लाख लगायत संघीय सरकारको सशर्त कार्यक्रमहरू सहित स्वास्थ्य क्षेत्रमा रु**. ५ करोड ९५ लाख** बजेट बिनियोजन गरेको छु ।

२. **शिक्षा क्षेत्रः**

सामुदायिक विद्यालयको भौतिक संरचना, शैक्षिक गुणस्तर अभिवृद्धि गरी गुणस्तरीय शिक्षा प्राप्त गर्ने बालवालिकाको अधिकार संरक्षण गर्दै भौतिक पूर्वाधार निर्माण, अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालयमा सूचना प्रविधिको विस्तार र प्रयोग, शिक्षक दरबन्दी नभएका वा कम भएका विद्यालयमा मा.वि. तथा नि.मा.वि. शिक्षक व्यवस्थापन तर्फ रु. ७० लाख, गरिबसँग विशेश्वर शैक्षिक सहायता कार्यक्रम तर्फ रु.१ करोड १० लाख **तथा संघीय सरकारको सशर्त सहित शिक्षा क्षेत्रमा रु. २० करोड ८६ लाख** बजेट बिनियोजन गरेको छु ।

३. **कृषिः**

मनहरी गाउँपालिका कृषि क्षेत्रमा अग्रणी गाउँपालिकाको रूपमा रहेको छ । धैरै कृषकहरू कृषि पेशामा आत्मनिर्भर हुँदै गइरहेका छन् । धान बाली पकेट क्षेत्र अन्तर्गत गाउँपालिका धानको बीउ उत्पादन तर्फ रु.२६ लाख पचास हजार, मल्चिङ्ग प्लाष्टीक तथा कृषि औजार खरिदमा ५० प्रतिशत अनुदान तर्फ रु.६५ लाख, ५० प्रतिशत अनुदानमा सिंचाई मोटर वितरणमा रु.५ लाख तथा संघीय र प्रदेश सरकारको सशर्त अनुदान सहित कृषि क्षेत्रमा **रु. १ करोड ५९ लाख ९८ हजार** बजेट बिनियोजन गरेको छु ।

४. **पशुः**

मनहरी गाउँपालिका भैंसी तथा बाख्रा पालनको क्षेत्रमा प्रशस्त संभावना बोकेको गाउँपालिका हो । त्यस्तै भैंसी तथा गाई पालन गरी गाउँपालिकामा बढी भन्दा बढी दुध उत्पादन गर्ने कृषकलाई दिँदै आएको प्रतिलिटर दुधमा अनुदान कार्यक्रमलाई यस आर्थिक वर्षदेखि रु. १ थप गरी थप अनुदान दिने व्यवस्था मिलाएको छु, प्रतिलिटर दुग्ध अनुदान कार्यक्रम सञ्चालन गर्न रु. ४५ लाख तथा संघीय प्रदेश सशर्त सहित पशु सेवा सम्बद्ध कार्यक्रमको लागि **रु. १ करोड ३१ लाख** बजेट बिनियोजन गरेको छु ।

## ५. उद्योग, सहकारी र टोल विकास क्षेत्रः

कृषिमा रहेको अत्याधिक निर्भरतालाई कम गर्न, उद्यमशीलताको प्रवर्द्धन गर्न सीप विकासको क्षेत्रमा मनहरी गाउँपालिकाले महत्व दिदै आएको छ । त्यस्तै सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको क्रियाशीलताले अर्थतन्त्रलाई चलायमान बनाउन सक्छ । यसर्थ नेपाल सरकारसँगको सहकार्यमा गरीबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम तर्फ रु.१२ लाख, सुरक्षित आप्रवासन SaMi तर्फ रु.२२ लाख ६० हजार, द्वन्द्व पीडित सम्बद्ध, सहीद परिवार सम्मान तथा आय आर्जन कार्यक्रम तर्फ रु. ५ लाख, टोल विकास संस्था क्षमता विकास तर्फ रु.३ लाख सहित उद्योग तथा सहकारी क्षेत्रको लागि **रु. ५९ लाख ६० हजार** बजेट बिनियोजन गरेको छु ।

## ६. महिलाः

मनहरी गाउँपालिकाको कुल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेका महिलालाई गाउँपालिकाले विभिन्न कानून, नीति तथा कार्यक्रममा प्राथमिकता दिदै आइरहेको छ । महिलालाई मूल प्रवाहमा ल्याउन तथा घरभित्रको कामकाजमा मात्र सीमित नभई आर्थिक राजनीतिक तथा सामाजिक क्षेत्रमा परिचालन गर्न तथा उद्यमी महिला समूह गठन गरी महिला आत्म निर्भरता बढाउन महिलाहरूलाई व्यवसाय सहयोग कार्यक्रम तर्फ रु.३ लाख सहित यस क्षेत्रमा **रु. २५ लाख ५० हजार** बजेट बिनियोजन गरेको छु ।

## ७. बालबालिबाः

बालबालिका भविष्यका देशका कर्णधार हुन । नेपालकै पहिलो बालमैत्री गाउँपालिका घोषणा भएको प्रतिष्ठालाई जोगाइ राख्न बालबालिकाहरूलाई घोषणाका सुचक बमोजिमका न्यूनतम सेवा, सुविधा र संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न बालमैत्री सहजकर्ताको व्यवस्था गर्न **रु. ६ लाख, बाल श्रमिकको परिवारको लागि आय आर्जन कार्यक्रममा रु.२ लाख ३० हजार तथा प्रदेश सरकारको सशर्त अनुदान सहित बालबालिकाको क्षेत्रमा रु. २७ लाख २० हजार** बजेट बिनियोजन गरेको छु ।

## ८. रोजगारः

नागिरकको रोजगारी पाउने हकलाई सुनिश्चित गर्नको लागि आर्थिक वर्ष ०७५/०७६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा पनि सञ्चालनमा रहेको छ । मनहरी गाउँपालिकाका लागि यस वर्ष पनि संघीय सरकारबाट प्राप्त हुने **रु. ६४ लाख ४० हजार** सहित मोबाईल रिपेरिङ्ग तालिम, जनप्रतिनिधिसँग अन्तरकृया तथा सफल स्वरोजगार युवासँग रेडियो कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख थप गरी **रु. ६९ लाख ४० हजार** बिनियोजन गरेको छु ।

## ९. वन, वातावरण तथा विपद् व्यवस्थापनः

मनहरी गाउँपालिका विपद् जोखिमका दृष्टिकोणले जोखिमयुक्त गाउँपालिकाको रूपमा रहेको छ । यहाँ विशेषत बाढी पहिरोबाट वर्षेनि धन जनको क्षति हुने गरेको छ । मनसुन जन्य निजी आवास पुनःस्थापना तथा पुनरनिर्माण अनुदान तर्फ रु.३६ लाख, वृक्षारोपण कार्यक्रम तर्फ रु.५ लाख, विपद्बाट भएका क्षतिलाई राहत तथा सम्भावित क्षति न्यूनीकरणको लागि विपद् व्यवस्थापन कोष स्थापनाको लागि रु ६५ लाख सहित वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि **रु. १ करोड १० लाख बजेट** बिनियोजन गरेको छु ।

## १०. न्यायिक क्षेत्रः

सरकार हुनुको मूलभूत सिद्धान्त, कार्यपालिकीय, व्यवस्थापकीय तथा न्यायिक तीन वटै अधिकारको अलग अलग रूपमा प्रयोग गरी नागरिक कल्याण गर्नु हो। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले न्यायिक जिम्मेवारी समेत स्थानीय सरकारमा रहने व्यवस्था भएको परिप्रेक्षमा मेलमिलापकर्ता आधारभूत तालिम तथा पुनर्ताजगी कार्यक्रम तर्फ रु.४ लाख तथा प्रदेश सशर्त सहित न्यायिक कार्य सम्पादनको लागि **रु. २२ लाख ६२** बिनियोजन गरेको छु।

११. नेपालको संविधानद्वारा मौलिक हकको रूपमा रहेको जेष्ठ नागरिकको हकहितको लागि समन्वय समिति परिचालन सहित जेष्ठ नागरिक सम्मान तथा जेष्ठ नागरिकहरूको लागि सामग्री वितरण कार्यक्रम तर्फ रु. ६ लाख ३० हजार सहित जेष्ठ नागरिकको सुविधा स-शक्तिकरण गर्न **रु. ७ लाख २० हजार** बिनियोजन गरेको छु।

१२. दलित समुदायको उत्थानका लागि अति विपन्न दलित समुदाय आय आर्जन कार्यक्रम तर्फ रु.६ लाख सहित दलित लक्षित कार्यक्रम सञ्चालन गर्न **रु. ८ लाख** बिनियोजन गरेको छु।

१३. पिछडिएका समुदायलाई राज्यबाट प्रदान गरिने सेवा सुविधाको अनुभुति गराउनको लागि अति विपन्न जनजाति तथा अल्पसंख्यक समुदायको आय आर्जन वृद्धि लगायत आदिबासी जनजाति सम्बद्ध, बोटे, वनकरीया, मुस्लिम लगायत अल्पसंख्यक समुदायको समुत्थानका लागि रु.१९ लाख ५० हजार सहितका आदिबासी जनजाति तथा अल्पसंख्यक समुदायको लक्षित कार्यक्रम सञ्चालन गर्न **रु. २१ लाख ५० हजार** बिनियोजन गरेको छु।

१४. विगत वर्ष देखि सञ्चालन हुँदै आएको अपाङ्गता सहायता सामग्री वितरण तथा अपाङ्ग सहयोगी परिचारक व्यवस्था कार्यलाई निरन्तरता दिदै अपाङ्गता भएका व्यक्तिलाई घरभेट कार्यक्रम तर्फ रु.१ लाख २५ हजार तथा अपाङ्गता सम्बन्धी दिवसिय कार्यक्रम सञ्चालन गर्न रु. ५० हजार तथा प्रदेश सशर्त सहित **रु. २० लाख ८० हजार** बिनियोजन गरेको छु।

१५. गाउँपालिका भित्र रहेको सांस्कृतिलाई लोप हुन नदिन परम्परागत मूल्य, मान्यता, विभिन्न जातजाति, भाषाभाषी, धर्मावलम्वी र सम्प्रदायको आफ्नो धर्म संस्कृतीको संरक्षण गर्न पाउने हकलाई सुनिश्चित गर्न र पर्व महोत्सव मनाउन **रु. ३ लाख** बिनियोजन गरेको छु।

१६. समाजको सशक्त र सृजनशिल वर्गको रूपमा रहेको युवाहरूको सीप र क्षमता तथा नेतृत्व अभिवृद्धि गर्न, नमुना युवा संसद र युवा दिवस तथा लागू औषध दुर्व्यसन रोकथाम, अध्यक्ष कप फुटबल/उपाध्यक्ष कप भलिबल लगायत युवा तथा खेलकुद सम्बद्ध कार्यक्रमका लागि **रु. ३२ लाख** बिनियोजन गरेको छु।

१७. अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनावद्ध र व्यवस्थित बस्ती विकास गर्ने, प्रत्येक किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँच पुऱ्याउने, भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने, आवासविहीन दलितलाई बसोबासको व्यवस्था गराउन, भू-उपयोग कार्यक्रम कार्यान्वयन तथा समग्र भूमि व्यवस्थापन कार्यको लागि **रु. २५ लाख** बिनियोजन गरेको छु। संघीय सरकारको समन्वयमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत रु.१४ लाख बिनियोजन गरेको छु।

१८. स्थानीय सरकार नागरिकको घरदैलोमा सेवा दिने सरकार हो नागरिकको घरदैलो सम्मको पहुँच वडा कार्यालय

मार्फत् पुग्ने गर्दछ । यसरी नागरिकको सेवा पुऱ्याउने अभिभारा बोकेको वडा कार्यालयको सञ्चालन खर्च बापत प्रति वडा **रु. ५ लाख ५० हजारका दरले रु ५० लाख** बिनियोजन गरेको छु । सार्वजनिक जवाफदेहीता र पारदर्शिता प्रवर्द्धन गर्न डिजिटल प्रोफाइल तयार गर्न तथा आवश्यक परामर्श सेवा खरिद गर्न तर्फ रु. ५० लाख सहित १ करोड बिनियोजन गरेको छु ।

१९. गाउँपालिकाको गौरवको आयोजनाको रूपमा निर्माणाधिन ५ वटा पक्की पुलको निरन्तरताको लागि **रु. ७ करोड ८० लाख** बिनियोजन गरेको छु । साथै नगर विकास कोषको साझेदारीमा सिमसार क्षेत्र बनाउने कार्य थालनी गर्न रु.९० लाख बिनियोजन गरेको छु ।

२०. गाउँपालिकाको प्रशासनिक तथा व्यवस्थापकीय चालु खर्चको लागि **रु. १२ करोड ५० लाख** बिनियोजन गरेको छु ।

२१. सूचना प्रविधिमा नागरिकको पहुँच अभिवृद्धि गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, राज्यको चौथो अङ्गको रूपमा रहेको आम सञ्चार माध्यमसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न, स्थानीय सरकार रेडियो कार्यक्रम तर्फ रु. ३ लाख, सामाजिक सुरक्षा तथा पञ्जिकरण कार्यलाई प्रभावकारी बनाउन संघीय सशर्त सहित **रु. ३८ लाख** बिनियोजन गरेको छु ।

२२. वस्तीस्तरबाट माग भई आएका साना योजनाहरूलाई सम्बोधन गर्दै वडास्तरीय पूर्वाधार निर्माण गर्न वडा नं. १ देखि ९ सम्म वडास्तरीय योजनाको लागि जम्मा **रु. ७ करोड ५० लाख** बिनियोजन गरेको छु ।

२३. गाउँपालिकाले प्रदान गर्ने सुविधा आफ्नै प्रशासनिक भवनबाट उपलब्ध गराउन तथा वडा कार्यालयमध्ये भवन निर्माण गर्न बाँकी ४ नं. वडा कार्यालय भवन निर्माणका लागि रु. ३ करोड १५ लाख बिनियोजन गरेको छु ।

२४. गाउँपालिकाभित्रका नागरिकको माग बमोजिम तत्कालै नगरी नहुने साना विकास योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न कार्यविधि बमोजिम खर्च गर्नेगरी जनतासँग अध्यक्ष विकास कार्यक्रम र जनतासँग उपाध्यक्ष विकास कार्यक्रमको लागि रु. २ करोड बिनियोजन गरेको छु ।

२५. संघीय सरकार तथा प्रदेश सरकारसँग वित्तीय हस्तान्तरण ऐन बमोजिम सम्बद्ध सरकारबाट गाउँपालिकाको प्रस्ताव बमोजिम प्राप्त समपुरक र विशेष अनुदान गरी रु. ४ करोड १० लाख र सोमा गाउँपालिकाको थप समपुरक रु. ३ करोड गरी सडक, खानेपानी, विद्यालय भवन निर्माण र कृषि क्षेत्रको लागि जम्मा रु. ७ करोड १० लाख बिनियोजन गरेको छु ।

२६. संघीय र प्रदेश सरकारसँगको सहकार्यमा माथिल्लो मसिने खानेपानी योजना, मानेडाँडा रमौली सडक, वडा नं. ८ र ९ को सीमा सडक, वडा नं. २ को सडक स्तरीकरण आयोजनाको लागि रु. ४ करोड १० लाख बिनियोजन गरेको छु । जैसिंङ खरङ्गा सिंचाई तर्फ रु. १० लाख, नविकरणीय उर्जा प्रविधि जडान तर्फ रु. ८ लाख तथा रूपाचुरी - पाङ्गथली, गोगनपानी - स्कुलडाँडा झोलुङ्गेपुल तर्फ रु.१० लाख समेत बिनियोजन गरेको छु ।

२७. संघीय र प्रदेश सरकारसँगको सहकार्यमा खयरघारी भूलचोक सडक, चकरी बिचटोल खानेपानी, भोर्लेटाँडी सिरानचोक खानेपानी, कृष्ण मन्दिर तल्लो मकरी सडक, रमनटार सडक, मनहरी अस्पताल सहितका योजनाको लागि रु. १ करोड ५० लाख समेत बिनियोजन गरेको छु ।

२८. स्थानीय विकासमा स्थानीय नागरिकको अपनत्व महशुस हुने गरी स्थानीयबासीको मागको आधारमा विकास क्रियाकलाप सञ्चालन गर्नको लागि बिगतमा झैं उपभोक्ताको नगद लागत साझेदारी (६०/४०) रहने गरी योजना सञ्चालन गर्न रु. १ करोड बिनियोजन गरेको छु ।

२९. जनताको घरदैलोमा सेवा पुऱ्याउन अहोरात्र खटिने कर्मचारीहरूको मनोबल उच्च राख्न गत वर्षझैं मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन रकम बिनियोजन गरेको छु । जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रमको लागि रु.१० लाख बिनियोजन गरेको छु ।

३०. आन्तरिक आय बढाउन कर शिविर तथा करदाता सम्मान कार्यक्रममा रकम बिनियोजन गरेको छु ।

३१. गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा समेत कार्यक्रम गर्न यथेष्ट रकम बिनियोजन गरेको छु ।

३२. शहिद, घाईते, अपाङ्ता भएका व्यक्ति तथा द्वन्द्व पीडित परिवारको सम्मान तथा आयआर्जन सहयोग तर्फ रु. ५ लाख बिनियोजन गरेको छु । साथै संविधान दिवस लगायत जनयुद्ध दिवस मनाउने कार्यक्रमका लागि रु. ५ लाख ५० हजार बिनियोजन गरेको छु ।

३३. गाउँपालिकामा सम्पन्न हुने समग्र योजना तथा कार्यक्रम अनुगमनको लागि पर्याप्त श्रोतको व्यवस्था गरेको छु । साथै उपभोक्ता समिति पदाधिकारी तालिम तर्फ रु. ४ लाख बिनियोजन गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरू,**

अब म, आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्तावित आय व्ययको अनुमान तथा बजेट कार्यक्रम तथा बिनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.आ.व. २०८०/०८१ को प्रस्तावित आय व्यय अनुमान**

**१.१ आय अनुमान:**

आर्थिक वर्ष २०८०/०८१ का लागि कुल **रु. ९० करोड २१ लाख ७१ हजार ८ सय ७३ पैसा ६६ मात्र** आय अनुमान गरेको छु । जसमध्ये आन्तरिक आय स्रोत तथा बैंक नगद अल्याबाट **३३ करोड ३० लाख ०७ हजार रहने** अनुमान गरेको छु । जुन रकम कुल बजेटको ३६.९१ प्रतिशत रहेको छ । संघीय सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व वाँडफाँड, समपुरक, सशर्त र विशेष गरी **३४ करोड २३ लाख** रहेको छ । त्यस्तै प्रदेश सरकारको समानीकरण अनुदान, सवारी कर वाँडफाट, सशर्त, समपुरक र विशेष गरी **६ करोड ३१ लाख ०६ हजार** रहेको निकासा हुनेछ । **बाँकी रकम रु.१५ करोड ४७ लाख ५८ हजार ८ सय ७३ पैसा ६६ मात्र संघीय सरकार राजस्व बाँडफाँट, प्रदेश सरकार सवारी कर, सडक बोर्ड, वन रोयल्टी तथा जि.स.स.लगायत निकायबाट प्राप्त हुने अनुमान गरेको छु ।**

**१.२ व्यय अनुमान:**

आगामी आ.व २०८०/०८१ का लागि **कुल रु.९० करोड २१ लाख ७१ हजार ८ सय ७३ पैसा ६६ मात्र** व्यय अनुमान गरेको छु । जसमध्ये संघीय सरकारको सशर्त र विशेष गरी **रु. २१ करोड ८९ लाख रहेको छ** । प्रदेश सरकारको विशेष

र सशर्त तर्फ **रु. ३ करोड ६६ लाख ६२ हजार** रहेको छ। संघ र प्रदेश सरकारले उपलब्ध गराएको समपुरक बजेटमा गाउँपालिकाको तर्फबाट समेत गरी **रु. ७ करोड १० लाख रहेको छ**। चालु खर्च तर्फ **रु. १२ करोड ५० लाख रहेको छ।** विषयगत तर्फ **रु. १४ करोड ८७ लाख २३ हजार मात्र** रहेको छ। वडा स्तरीय योजना तर्फ **रु. ७ करोड ५० लाख** रहेको छ। गाउँपालिका स्तरीय योजना र पूर्वाधार विकास योजना समेत **रु. २२ करोड ६८ लाख ८६ हजार ८ सय ७३ पैसा ६६ मात्र** रहेको व्यय अनुमान गरेको छु।

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरू,**

अव म आ.व. २०८०/०८१ को कुल बजेट पूँजीलाई विषयगत क्षेत्रमा छुट्याई सोको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| | | |
|---|---|---|
| सुशासन, संस्थागत विकास | | |
| रु.१४, २९, १२, ८७३।६६ | १४ करोड २९ लाख १२ हजार ८७३ पैसा ६६ मात्र | १५.८० प्रतिशत |
| आर्थिक विकास तर्फ | | |
| रु.४, ३०, ००, ००० | ४ करोड ३० लाख | ४.८० प्रतिशत |
| सामाजिक विकास तर्फ | | |
| रु.३०, २३, ५९, ००० | ३०करोड २३ लाख ५९ हजार | ३३.५० प्रतिशत |
| पूर्वाधार विकास तर्फ | | |
| रु.३२, ६४, ००, ००० | ३२ करोड ६४ लाख | ३६.२० प्रतिशत |
| वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ | | |
| रु.१, २५, ००, ००० | १ करोड २५ लाख | १.४० प्रतिशत |
| वडा गत बजेट | | |
| रु. ७, ५०, ००, ००० | ७ करोड ५० लाख | ८.३० प्रतिशत |

**श्रद्धेय सभाध्यक्ष**

**एवं सदस्य ज्यूहरू,**

१. उल्लेखित बजेट कार्यान्वयनको लागि समग्र सहभागितात्मक पद्धतीबाट बस्ती गाउँ टोल हुँदै गाउँ कार्यापालिकाबाट तय भएका अनुसुचिमा उल्लेखित आयोजना तथा कार्यक्रम र विनियोजित बजेट माथि छलफल तथा स्वीकृतिको लागि अनुरोध गर्दछु।

२. प्रस्तावित बजेट तर्जुमा गर्दा गाउँपालिकाको आन्तरिक आय, संघीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट तथा प्राथमिकताका क्षेत्र, गाउँ पालिकाको प्राथमिकताका क्षेत्रहरू, नागरिकबाट आवश्यक ठानिएका योजनाहरू, नागरिक समाज, गैर सरकारी संस्थाहरू लगायत सम्पूर्ण महानुभावहरू सबैको अमूल्य सुझावलाई उपलब्ध श्रोत साधनको सिमा भित्र रही समेट्ने प्रयास गरेको छु।

३.	गाउँपालिकाको स्रोत र क्षमता अनुसार विभिन्न समिति, उपसमितिहरू र गाउँ कार्यपालिकामा व्यापक छलफल गरी बजेटलाई सन्तुलित र दिगो बनाउने प्रयास गरसएको छ । थप योजनाहरूको सञ्चालनको लागि प्रदेश सरकार र संघीय सरकारमा पहल गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

४.	अन्तमा, सबैको सकारात्मक, अर्थपूर्ण र साझेदारीयुक्त सहयोगबाट मात्र बजेट कार्यान्वयनमा सफलता प्राप्त हुने कुरामा दुईमत हुन सक्दैन । तसर्थ प्रस्तुत बजेट कार्यान्वयन, अनुगमन, मूल्याङ्कनमा आ-आफ्नो तर्फबाट सहयोग पुऱ्याउन सम्पूर्ण जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल, सरकारी/गैर सरकारी संघ संस्थाहरू, उद्योगी व्यवसायीहरू, नागरिक समाज, उपभोक्ता समितिहरू लगायत सरोकारवाला सम्पूर्णबाट महत्वपूर्ण र सार्थक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमामा सहयोग पुयाउनु हुने सम्पूर्ण गाउँ कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू एवं राष्ट्रसेवक कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत बजेट अनुसुचिमा संलग्न आयोजना तथा कार्यक्रमहरूलाई यस सम्मानित सभाबाट गहन छलफलका साथ पारित गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

धन्यवाद ।

**सीता पुलामी मगर**

**गा.पा. उपाध्यक्ष**

**एवम्**

**संयोजक**

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**

# गैर सरकारी संस्थाहरूद्वारा सञ्चालन हुने क्रियाकलाप र बजेट

| सि.नं. | यस पालिका क्षेत्रमा कार्यक्रम कृयाकलाप सञ्चालन गर्ने गै.स.स. | सम्पर्क नं. | सञ्चालन गर्ने परियोजनाको विषय क्षेत्र | आ.व. २०८०/०८१ को लागि खर्च हुन सक्ने अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | शान्ति र लोकतन्त्रका लागि महिला नेपाल | ९८५१०५२६६४ | Right and Economic Development for Nepal's Empowered Women(RENEW) | ५०,००,०००.०० | |
| २. | शान्ति फाउण्डेशन | ९८६१५८८३०८ | मानव बेचबिखन विरुद्धका कार्यक्रम सञ्चालन | ४,१९,१८०.०० | |
| ३. | फियान नेपाल | ९८५११९९२८५ | खाद्य सम्प्रभुता र खाद्य सुरक्षा विषय | १२,५०,०००.०० | |
| ४. | Informal Sector Service Centre (INSEC) | ०१-५२१८७७० | बाल अधिकार सम्बन्धी कार्यक्रम | ३,४३,६००.०० | |
| ५. | सिविन नेपाल | ९८५५०२९६३० | बाल अधिकार, बाल संरक्षण, बालमैत्री स्थानीय शासन कार्यान्वयन | ३३,१७,०००.०० | |
| ६. | हिमालयन मानव अधिकारकर्मी समूह(HIMRIGHT) | ९८४५०२९४६१ | सिमान्तकृत समुदायका लागि शिक्षा तथा नेतृत्व विकास कार्यक्रम | १२,३०,५००.०० | |
| ७. | आदिवासी जनजाति महिला समूह नेपाल(IWL Nepal) | ०१-४१०८१४२ | महिला र उनीहरूको परिवारको परम्परागत जिविको पार्जनको श्रोतहरूको सवलीकरणका लागि जलबायु परिवर्तन अनुकुल गाउँ प्रवर्धन | १८,००,०००.०० | |
| ८. | महिला तथा बालबालिका सरोकार केन्द्र | ०५७-५२५०२७ | बालविवाह, बाल श्रम, हिंसा, बेचविखन र अन्य विभिन्न जोखिम विरुद्धका कार्यक्रम | ७९,०२,३०२.५० | |
| ९. | सिविन नेपाल | ९८५५०२९६३० | बाल अधिकार, बाल संरक्षण, बालमैत्री स्थानीय शासन कार्यान्वयन | ३२,१०,०००.०० | |
| १०. | मकवानपुर महिला समूह | ९८५५०४७३१५ | महिला तथा किशोरी सुरक्षा, महिला हिंसा न्यूनीकरण, क्षमता विकास तथा आयआर्जन | ५०,००,०००.०० | |
| ११. | बाल कल्याण समाज मकवानपुर | ९८५५०२७७५० | बालश्रम सम्बन्धी न्यूनीकरण कार्यक्रम | २७,००,०००.०० | |


मकवानपुर जिल्ला
मनहरी गाउँपालिका
N
Raksirang Gaunpalika
Chitwan
Chitwan National Park
Parsa
Hetauda Nagarpalika
6
7
8
9
5
4
3
2
1
संकेत
N वडा नम्बर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
Scale
0 1 2 4
Km
स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016